मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण सम्बन्धी

# राष्ट्रिय प्रतिवेदन

# २०७०

नेपाल सरकार

महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय

# मन्तव्य

मानव बेचबिखन तथा ओसारपसार विश्वव्यापी रुपमा फैलिएको सामाजिक अपराध हो । नेपाल पनि यो समस्यावाट अछुतो रहन सकेको छैन । मानव बेचबिखन तथा ओसारपसार, महिला तथा बालबालिकाहरूमाथि हुने यौन तथा श्रम शोषण, निकृष्ट प्रकारका बालश्रम, ब्यक्ति माथि हुने दासता र दासत्वको ब्यवहार बिरूद्ध मानवअधिकार, महिलाअधिकार र बालअधिकारलाई सुनिश्चित गर्ने अन्तराष्ट्रिय र सार्क स्तरका महासन्धि, अनुवन्ध र तिनका इच्छाधिन आलेखहरूलाई नेपाल सरकारले अनुमोदन गरी सकेको सर्न्दभमा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणकाप्रति हाम्रो प्रतिवद्धता र जिम्मेवारी झनै बढेको छ । नेपाल सरकारले मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ र मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) नियमावली, २०६५ को कार्यान्वयनको माध्यमवाट यो समस्या समाधानकालागि नेपाल क्रियाशील रहेको छ ।

मानव बेचबिखनलाई नेपाल सरकारले एक गम्भीर र चुनौतिपुर्ण समस्याको रुपमा लिएको छ । मानव बेचबिखन मुक्त समाज निमार्णका लागि यस जघन्य अपराधको नियन्त्रणमा लाग्नु राज्य संयन्त्र, गैरसकारी सस्थाहरू र नागरिक समाज सबैको साझा दायित्व हो । यस तथ्यलाई मनन गरी यो समस्याको निराकरणको लागि नेपाल सरकारले विभिन्न प्रयासहरू गर्दै आइरहेको छ । मानव बेचबिखन हुनै नदिन र पीडित/ प्रभावितकालागि उद्धार, संरक्षण र पुनर्स्थापनका कार्यक्रमहरुका साथसाथै कानूनी कार्वाहीलाई अझ बढि प्रभावकारी बनाउनकालागि सरोकारवाला निकायहरुवाट प्रयासहरु भैरहेका छन् ।

महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय र मानव वेचविखन तथा ओसारपसार विरुद्वको राष्ट्रिय समितिलाई मानव बेचबिखन तथा ओसारपसार मुद्दाकालागि सम्पर्क निकायको रुपमा तोकिएको छ भने चालु आर्थिक वर्षबाट मन्त्रालयमा यस विषयलाई हेर्ने छुट्टै मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणको शाखा गठन गरिएको छ । अबका दिनमा मानव बेचबिखन विषेशगरी महिला तथा बालबालिकाहरुको बेचबिखन तथा ओसारपसार बिरुद्वको राष्ट्रिय कार्ययोजना, २०६८, पुनर्स्थापना केन्द्र संचालन निर्देशिका, २०६८, मानव बेचबिखन तथा ओसारपसारबाट पीडित प्रभावितहरुको हेरचाह तथा संरक्षणमा राष्ट्रिय न्यूनतम मापदण्ड लगायतका कानुनी दस्तावेजको प्रभावकारी कार्यन्वयनकालागि थप उर्जा मिल्ने हामीले विश्वास गरेका छौं । आ.व.२०६९/७० र २०७० पौष मसान्तसम्म मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणकालागि भएका प्रयासहरुलाई यस प्रतिवेदनमार्फत संकलन गरी एकिकृत रुपमा जानकारी दिने दिलाउने प्रयास गरिएको छ । मूख्यतः यस विषयमा कार्यक्रम संचालन गर्ने विभिन्न मन्त्रालय, विभाग, निकाय तथा गैर सरकारी संस्थाहरुवाट संचालन गरिएका कार्यक्रम तथा प्रयासहरुलाई समेट्ने प्रयास गरिएको छ ।

राष्ट्रिय कार्ययोजनाले निर्धारण गरेका निरोध, कानूनी कारवाही, कानूनी कारवाही, क्षमता विकास तथा समन्वय, सहयोग र सहकार्य पाँचवटा प्राथमिकता क्षेत्रलाई आधार बनाई यस क्षेत्रहरुमा भएका प्रयास तथा प्रगतिहरुलाई प्रतिवेदनमा समावेश गर्ने र विद्यमान चुनौतिलाई पहिल्याउदै भविष्यलाई पृष्ठपोषण दिने प्रयास गरिएको छ । यस क्षेत्रका सरोकार सम्पूर्ण निकायलाई भविष्यमा निति निर्माण गर्न सहयोग पुर्‍याउनको साथै विद्यार्थी शोधकर्ता लगायत सम्पुर्ण समुदायकालागि प्रस्तुत प्रतिवेदन उपयोग हुनेछ भन्ने विश्वास लिएको छु । प्रतिवेदन तयारीको क्रममा सहयोग पुर्‍याउनुहुने र आवश्यक तथ्याक्त उपलब्ध गराउने सरकारी तथा गैरसरकारी निकायहरुलाई महिला बालबालिका तथा समाजकल्याण मन्त्रालयकोतर्फवाट धन्यवाद प्रदान गर्दछु । यो प्रतिवेदन तयारीको सिलसिलामा आर्थिक तथा प्राविधिक सहयोग गर्ने मानव बेचबिखन तथा ओसारपसार विरुद्धको (CITP) परियोजना संचालन गर्ने यु.यस.आईडी, द एसिया फाउण्डेसन र प्रतिवेदन तयार गर्न विज्ञको रुपमा सहयोग गर्नु हुने श्री रत्नकाजी बज्राचार्य, मानव बेचबिखन तथा ओसारपसार विरुद्वको राष्ट्रिय समितिका सदस्यहरुलाई धन्यवाद दिन चहान्छु । प्रतिवेदन तयारीका क्रममा संलग्न यस मन्त्रालय तथा राष्ट्रिय समितिका सचिवालयमा कार्यरत उपसचिव सुनिता नेपाल, शा.अ राजन पौडेल तथा म.बि.अ शोभा खरेललाई हार्दिक धन्यवाद ।

दिनेशहरी अधिकारी

सचिव

महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय

# विषयसूची


परिच्छेद-१

**परिचय** १-५

१.१ पृष्ठभूमि १
१.२ उद्देश्य २
१.४ अध्ययन विधि ४
१.५ अध्ययनको सीमा ४
१.६ अध्ययन प्रतिवेदनको प्रारूप ५

परिच्छेद -२

**मानव बेचबिखन तथा ओसारपसार विरुद्धका नीति तथा संस्थागत संरचनाहरु** ६-२१

२.१ नीति ६
२.२ कानूनी व्यवस्था ८
२.३ आवधिक योजनाहरू १०
२.४ राष्ट्रिय कार्ययोजनाहरू ११
२.५ निर्देशिका, कार्यविधि तथा मापदण्डहरू १२
२.६ संस्थागत संरचना १२

परिच्छेद -३

**प्रतिवेदन अवधिमा सम्पन्न भएका कार्यक्रमहरु : सरकारी क्षेत्र** २२-५७

३.१ प्राथमिकता क्षेत्र : निरोध २२
३.२ प्राथमिकता क्षेत्र : संरक्षण ३९
३.३ प्राथमिकता क्षेत्र : कानूनी कारवाही ४७
३.४ प्राथमिकता क्षेत्र : क्षमता विकास ५३
३.५ प्राथमिकता क्षेत्र : समन्वय, सहयोग र सहकार्य ५५

परिच्छेद -४

**प्रतिवेदन अवधिमा सम्पन्न भएका कार्यक्रमहरु : गैरसरकारी संस्था** ५८-६४

परिच्छेद ५

**मानव बेचबिखन तथा ओसारपसरा नियन्त्रणका चुनौती, सुझाव तथा निष्कर्ष** ६५-६७

५.१ चुनौतीहरू ६५
५.२ सुझावहरू ६६
५.३ निष्कर्ष ६७

| | |
|---|---|
| **अनुसुचीहरू** | **६८-९०** |
| अनुसुची १<br>**मानव बेचबिखन विरुद्धको गाउँ समिति  गठन तथा परिचालन निर्देशिका, २०७०** | ६८ |
| अनुसुची २<br>**उपसमिति गठन मार्गदर्शन** | ७० |
| अनुसुची ३<br>**मानव बेचबिखन विरुद्धको काठमाडौं घोषणा पत्र** | ७२ |
| अनुसुची ४<br>**मासिक प्रगति विवरण फारामको नमूना** | ७४ |
| अनुसुची ५<br>**पुनर्स्थापना केन्द्र अनुगमन फाराम** | ७७ |
| अनुसुची ६<br>**गै.स.सं.हरुको विवरण** | ८३ |
| अनुसुची ७<br>**राष्ट्रिय समितिको काम, कर्तव्य र अधिकार** | ८९ |
| अनुसुची ८<br>**मानव बेचबिखन विरुद्धको क्षेत्रमा कार्यरत अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाको विवरण** | ९० |

परिच्छेद-१

# परिचय

## १.१ पृष्ठभूमि

मानव बेचबिखन तथा ओसारपसार एक विश्वव्यापी र बहुआयामिक समस्या हो । हातहतियार र लागू औषधको अवैध कारोबार जस्तै मानव बेचबिखन तथा ओसारपसार अन्तर्राष्ट्रिय आपराधिक संगठित गिरोहद्वारा सञ्चालित धन्दाका रूपमा विश्वमा फष्टाउँदै गएको छ । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा अन्य आपराधिक क्रियाकलापको तुलनामा कम जोखिम तर धेरै नाफा आर्जन हुने कालो धन्दाको रूपमा मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी अपराधले व्यापकता पाउँदै गएको अवस्था छ । शहर बजारमा व्यावसायिक यौन धन्दा, सस्तो श्रम, शहरी मस्ती, आरामको जीवन शैली, नक्कल गर्ने प्रवृत्ति बेचबिखनका लागि “तान्ने शक्ति (Pull factor)” बनेका छन् भने स्थानीय परिवेशमा गरिबी, अशिक्षा, बेरोजगारी, आय आर्जनको अवसरमा कमी, सामाजिक असुरक्षा, द्वन्द्व र राजनीतिक अस्थिरता “घचेट्ने शक्ति (Push factor)” बनेका छन् । विश्वका कुनै भागमा यो सम्पन्नता र विलाशिताको जीवन शैलीका लागि बढ्दो माग पक्षसंग केन्द्रीत समस्या बनेको छ भने कुनै भागमा जीवन निर्वाहका अन्य विकल्प नपाएर आफ्नो नजिकका व्यक्तिहरूको ढाँटछल र ललाइफकाईमा परी रोजगार वा व्यवसायमा लगाई दिने बहानामा गाउँबाट शहर केन्द्रीत श्रम, यौन तथा अन्य प्रकारका शोषणसंग जोडिएको बढ्दो आपूर्ति पक्षको समस्याका रूपमा देखा परिरहेको छ । बढ्दो आधुनिकीकरण, विश्वव्यापीकरण र बजारीकरणसंगै ऐश आराम र मोजमस्तीको जीवनसँग गाँसिएको उपभोक्तावादले मानव बेचबिखनको समस्यालाई बढाएको देखिन्छ । यसका अतिरिक्त विश्वका प्रायशः मझ्यौला तथा ठूला शहरहरूमा केन्द्रीत रहने उद्योग, व्यापार, व्यवसाय, नोकरी लगायतका विभिन्न पेशाका लागि घरपरिवारबाट टाढा रहने वर्ग विशेषगरी नाजायज ढङ्गबाट आम्दानी गर्ने वर्गद्वारा माग हुने मनोरञ्जन र यौन कार्यले पनि प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा मानव बेचबिखन तथा ओसारपसारलाई बढाई रहेको छ ।

विश्वका अन्य मुलुकहरू जस्तै नेपाल पनि मानव बेचबिखन तथा ओसारपसारको समस्याबाट आक्रान्त छ । नेपालमा यो समस्या दिनानुदिन नयाँ नयाँ आयाम सहित एक गम्भीर चुनौतीका रूपमा देखा पर्न थालेको छ । शुरूमा नेपालबाट महिला तथा बालिकाहरू भारतका ठूला शहरहरूमा व्यावसायिक यौन शोषणका लागि बेचबिखन हुने गरेकोमा हाल यो समस्याको आयाममा परिवर्तन हुँदै विभिन्न स्वरूपमा देखा परिरहेको छ । यौन र श्रम दुवै प्रकारका शोषण लगायत मनोरञ्जन व्यवसाय, मानव अङ्ग प्रत्यारोपण आदिका लागि नेपाली महिला, बालबालिका तथा पुरूषहरू समेत भारतमा मात्र होइन दक्षिण एशियाका अन्य मुलुकहरू, दक्षिणपूर्व एशिया, मध्यपूर्व, अफ्रिका, युरोप, उत्तर अमेरिका र ल्याटिन अमेरिकामा समेत बेचबिखन हुने गरेको पाइन्छ ।

नेपाल मानव बेचबिखन तथा ओसारपसारका दृष्टिले मूलतः श्रोत मुलुकका रूपमा चिनिएता पनि काठमाण्डौं उपत्यका लगायत अन्य सीमावर्ती एवं ठूला शहरहरू समेत पारवहन तथा मार्गस्थल र आन्तरिक बेचबिखनका लागि गन्तव्य स्थानका रूपमा पनि देखिन थालेका छन् । न्यून सामाजिक–आर्थिक अवस्थाका

कारण उत्पन्न गरिबी, अशिक्षा, अज्ञानता र बेरोजगारी, दशक लामो आन्तरिक द्वन्द्व, विद्यमान अस्थिर राजनीतिक अवस्था, कमजोर सामाजिक सुरक्षा प्रणाली, घरेलु हिंसा र पारिवारिक विखण्डन, आन्तरिक तथा अन्तर्राष्ट्रिय बजारमा यौन व्यवसायको फैलावट, सस्तो श्रमको बढ्दो माग, असुरक्षित बसाइसराई, संगठित आपराधिक गिरोह तथा दलालहरूको चलखेल लगायत विभिन्न समस्याका कारण नेपालमा पनि मानव बेचबिखन तथा ओसारपसारको समस्या जटिल बन्दै गइरहेको छ । कतिपय अवस्थामा परिवारका सदस्य, सबैभन्दा नजिकको मान्छे, आफन्त, छिमेकी, साथीहरू र चिनजानका व्यक्तिहरू नै मानव बेचबिखन तथा ओसारपसारमा मुख्य दलालका रूपमा संलग्न रहेको पाइन्छ ।

यौन तथा श्रम शोषण, दासता, इच्छा विपरित जवरजस्ती काम, गैर कानूनी मानव अङ्ग प्रत्यारोपण लगायतका प्रयोजनका लागि विशेषतः नेपाली महिला तथा बालबालिकाहरूको हुने गरेको बेचबिखन तथा ओसारपसारको पृष्ठभूमिमा मानव सभ्यताको कलङ्कको रूपमा रहेको यस जघन्य अपराधको नियन्त्रणमा लाग्नु राज्य संयन्त्र, गैरसकारी सस्थाहरू र नागरिक समाज सबैको साझा दायित्व हो । यस तथ्यलाई मनन गरी यो समस्याको निराकरणको लागि नेपाल सरकारले विभिन्न प्रयासहरू गर्दै आइरहेको छ । ती प्रयासहरूलाई अभिलेखवद्ध गर्ने उद्देश्यले वि.सं. २०६९ साल देखि महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयले वार्षिक रूपमा राष्ट्रिय प्रतिवेदन तयार गरी सार्वजनिक गर्ने कार्यको थालनी गरेको छ। सोही प्रयासलाई निरन्तरता दिने क्रममा यो दोस्रो प्रतिवेदन तयार गरिएको हो ।

## १.२ उद्देश्य

यो प्रतिवेदन महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयबाट गत वर्ष तयार गरिएको "A Report on Anti-Trafficking Initiatives Led by Government of Nepal" को निरन्तरता हो । यो प्रतिवेदनले मूलतः २०६९ श्रावण १ देखि २०७० पौष मसान्तसम्मको अवधिमा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका सम्बन्धमा सम्पादन भएका विभिन्न क्रियाकलापहरूलाई लिपिबद्ध गरी प्रकाश पार्ने उद्देश्य राखेको छ । राष्ट्रिय प्रतिवेदनको रूपमा रहेको यस प्रतिवेदनले सम्पादित कार्यक्रमहरूको समीक्षा गर्दै मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि आगामी दिनमा योजना तर्जुमा गरी कार्यान्वयन गर्न मद्दत पुऱ्याउनेछ ।

### १.३ मानव बेचबिखन तथा ओसारपसारको परिभाषा

कुनै पनि व्यक्तिलाई डर, धम्की, लोभलालच देखाई शोषण गर्ने उद्देश्यले सो व्यक्तिको ईच्छा विपरित काम गर्न बाध्य तुल्याउने कार्यलाई मानव बेचविखनको रूपमा लिइन्छ । यसलाई नेपालको राष्ट्रिय कानुन लगायत विभिन्न अन्तर्राष्ट्रिय संघसंस्थाहरूले निम्नानुसार परिभाषित गरेको पाइन्छ ।

नेपालको मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४ उपदफा (१) अनुसार देहायको कुनै कार्य गरेमा मानव बेचबिखन गरेको मानिने भनी उल्लेख गरेको छ : "(क) कुनै पनि उद्देश्यले मानिस बेच्ने वा किन्ने, (ख) कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने, (ग) प्रचलित कानून बमोजिम बाहेक मानिसको अङ्ग झिक्ने, (घ) वेश्यागमन गर्ने ।"

सोही ऐनको दफा ४ (२) अनुसार कसैले देहायको कुनै कार्य गरेमा मानव ओसारपसार गरेको मानिने भनी उल्लेख गरेको छ : (क) किन्ने वा बेच्ने उद्देश्यले मानिसलाई विदेशमा लैजाने, (ख) वेश्यावृत्तिमा लगाउने

वा शोषण गर्ने उद्देश्यले कुनै प्रकारले ललाई फकाई, प्रलोभनमा पारी, झुक्याई, जालसाज गरी, प्रपञ्च मिलाई, जबर्जस्ती गरी, करकापमा पारी, अपहरण गरी, शरीर बन्धक राखी, नाजुक स्थितिको फाइदा लिई, बेहोस पारी, पद वा शक्तिको दुरूपयोग गरी, अभिभावक वा संरक्षकलाई प्रलोभनमा पारी, डर, त्रास, धाक, धम्की दिई वा करकापमा पारी कसैलाई बसिरहेको घर, स्थान वा व्यक्तिबाट छुटाई लग्ने वा आफूसँग राख्ने वा आफ्नो नियन्त्रणमा लिने वा कुनै स्थानमा राख्ने वा नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा वा विदेशमा लैजाने वा अरू कसैलाई दिने ।

अन्तरदेशीय संगठित अपराध विरूद्धको संयुक्त राष्ट्रसंघीय महासन्धिको पूरकको रूपमा रहेको ***"मानव बेचबिखन विशेष गरी महिला तथा बालबालिकाको बेचबिखनलाई रोकथाम गर्ने, दबाउने र सजाय गर्ने इच्छाधिन आलेख, २०००"*** (पालेर्मो प्रोटोकल) को धारा ३ मा दिइएको मानव बेचबिखनको परिभाषा निम्नानुसार रहेको छ :

(क) शोषण गर्ने उद्देश्यले धम्की वा शक्ति वा अरू कुनै प्रकारको बल प्रयोग गरी, कब्जा गरी जालसाजी गरी, छलछाम गरी, पदको वा जोखिमी अवस्थाको दुरूपयोग गरी वा अर्को व्यक्तिमाथि नियन्त्रण राख्ने कुनै व्यक्तिको स्वीकृति प्राप्त गर्न रकम वा लाभ दिनु लिनु गरी व्यक्तिहरूलाई भर्ती गर्ने, ओसारपसार गर्ने, स्थानान्तरण गर्ने, आश्रय दिने वा प्राप्त गर्ने । शोषण भन्नाले कमसेकम अरूलाई यौन व्यवसायमा लगाएर वा अन्य प्रकारको यौन शोषण गरेर गरिने शोषण, बाध्यकारी श्रम वा सेवाहरू, दासत्व वा दासतापूर्ण अभ्यास, कमारा कमारी वा मानव अङ्ग झिक्नु ।

(ख) यो धाराको उपदफा (क) मा उल्लेख भएका आशय शोषणका लागि मानव बेचबिखनबाट पीडितको स्वीकृति रहेकोमा उपदफा (क) मा उल्लेख भएको कुनै माध्यम अपनाएकोमा सो असम्बन्धित हुने छ ।

(ग) यो धाराको उपदफा (क) मा उल्लेख नभए तापनि कुनै बालबालिकाको शोषण गर्ने उद्देश्यले भर्ती गर्ने ओसारपसार गर्ने, स्थानान्तरण गर्ने आश्रय दिने वा प्राप्त गर्ने कार्य मानव बेचबिखन मानिने छ ।

(घ) "बालबालिका" भन्नाले १८ वर्ष मुनिका कुनैपनि व्यक्तिलाई मान्नु पर्दछ ।

पालेर्मो प्रोटोकलको उपरोक्त परिभाषा अनुसार मानव बेचबिखन तथा ओसारपसारको घटनामा निम्न लिखित तीनवटा तत्वहरूको अन्योन्याश्रित सम्बन्ध हुन्छ : (१) क्रियाकलाप - व्यक्तिहरूलाई भर्ना, ओसारपसार, स्थानान्तरण, प्राप्त गर्नु वा आश्रय दिनु । (२) माध्यम - धम्की वा शक्ति वा अरू कुनै प्रकारको बल प्रयोग गरी, कब्जा गरी जालसाजी गरी, छलछाम गरी, पदको वा जोखिमी अवस्थाको दुरूपयोग गरी वा अर्को व्यक्तिमाथि नियन्त्रण राख्ने कुनै व्यक्तिको स्वीकृति प्राप्त गर्न रकम वा लाभ दिनु लिनु । (३) उद्देश्य - व्यक्तिलाई शोषण गर्नु ।

बेश्यावृतिको लागि महिला र बालबालिका बेचबिखनविरूद्धको सार्क महासन्धि, २००२ ले मानव बेचबिखनको परिभाषा निम्न अनुसार गरेको छ -***"बेचबिखन भन्नाले व्यक्तिको इच्छा वा इच्छाविना देशभित्र वा बाहिर पैसा कमाउने उद्देश्य वा अन्य कुनै पनि उद्देश्यले बेश्यावृत्तिका लागि गरिने महिला तथा बालबालिकाको ओसारपसार वा किनवेचलाई बुझाउँछ ।"***

संयुक्त राष्ट्र मानवअधिकार उच्च आयुक्तको कार्यालय, संयुक्त राष्ट्र बाल कोष र अन्तर्राष्ट्रिय आप्रवासन संगठन (OHCHR, UNICEF & IOM) आदिले पनि दासता, बाध्यात्मक श्रम (बँधुवा मजदुरी वा ऋणी बनाइएका व्यक्तिहरूको श्रम लगायत) र दासतापूर्ण व्यवहारका लागि कुनै पनि व्यक्तिलाई डर, धाक देखाई, जालझेल गरी

वा शक्ति /पदको दुरूपयोग गरी काममा लगाउनु वा ओसारपसार गर्नु वा एक ठाउँबाट अर्को ठाउँमा लैजानु वा लैजानका लागि सहयोग गर्नु वा आश्रय दिनु वा अरूद्वारा त्यस्तो कामको निम्ति सहयोग प्राप्त गर्नु बेचविखन तथा ओसारपसार हो भनी परिभाषित गरेको पाइन्छ ।

Global Alliance Against Trafficking in Women (GAATW) ले दिएको परिभाषा अनुसार "कुनै पनि व्यक्तिलाई ललाई फकाई डर देखाई धम्काई बल प्रयोग गरी बधुवा बनाई वा आफ्नै हैकम प्रयोग गरी यौन शोषण वा अन्य जुनसुकै प्रयोजनको निम्ति भएतापनि एक ठाउंबाट अर्को ठाउंमा लग्नु" बेचबिखन हो ।

बेचबिखनमा परेका व्यक्तिको उपचारको लागि मानवअधिकार मापदण्ड (Human Rights Standards for the Treatment of Trafficked Person) अनुसार "कुनै कार्यको लागि भर्ना गर्दा, देशको सीमा भित्र वा बाहिर ओसारपसार गर्दा, खरिद बिक्रि गर्दा, स्थानान्तरण गर्दा, धोखा दिएर कुनै व्यक्तिलाई ग्रहण गर्दा, शक्ति वा अख्तियारको दुरूपयोग वा धम्कीको प्रयोग लगायतका जबरजस्ती गरिने कार्यहरू वा कसैलाई ऋण बन्धनमा पारेर कब्जामा राख्ने, विना पारिश्रमिक वा पारिश्रमिक सहित अनिच्छापूर्वक दासी बनाएर राख्ने (घरेलु, यौनदासी वा प्रजननको प्रयोजनको लागि) कार्यहरू तथा आफू शुरूको अवस्थामा रहेको समुदाय भन्दा फरक समुदायमा कसैलाई जबरजस्ती श्रम लुटेर बंधुवा मजदुरका रूपमा वा दासतापूर्ण परिस्थितिमा राख्न बाध्य गराउने क्रियाकलापहरू" बेचबिखनको दायरामा पर्दछन् ।

## १.४ अध्ययन विधि

यस अध्ययन प्रतिवेदनमा प्राथमिक तथा द्वितीय तथ्याङ्कहरू प्रयोग गरिएका छन् । प्राथमिक तथ्याङ्कहरू निम्न लिखित श्रोतबाट प्राप्त गरिएका छन् :

१. मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणको क्षेत्रमा कार्यरत सरकारी निकाय तथा गैरसरकारी संस्थाहरूका सम्बद्ध व्यक्ति विशेषहरूसंग छलफल तथा अन्तर्वार्ताबाट प्राप्त जानकारीहरू तथा तथ्याङ्क,
२. मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणको क्षेत्रमा कार्यरत सरकारी निकाय तथा गैरसरकारी संस्थाहरूको सहभागितामा सञ्चालित सम्मेलन, बैठक तथा कार्यशाला गोष्ठीबाट प्राप्त निष्कर्षहरू।

द्वितीय तथ्याङ्कहरू निम्न लिखित श्रोतबाट उपलब्ध भएका छन् :

१. मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणको क्षेत्रमा कार्यरत सरकारी निकाय तथा गैरसरकारी संस्थाहरूबाट संकलित प्रकाशन, प्रतिवेदन तथा तथ्याङ्क,
२. विभिन्न निकाय तथा संस्थाहरूको वेभ साइट ।

## १.५ अध्ययनको सीमा

मानव बेचबिखन तथा ओसारपसारको समस्या बहुक्षेत्रगत तथा बहुआयामिक विषय भएकोले यस सम्बन्धमा विभिन्न सरोकारवालाहरूबाट सञ्चालन भएका क्रियाकलापहरूलाई विस्तृत रूपमा समेट्न सकिएको छैन । साथै मानव बेचबिखन तथा ओसारपसारबारे सूचना तथा तथ्याङ्क संकलन आफैमा अति संवेदनशीलता एवं जटिल कार्य भएकोले तथ्याङ्क संकलन सहज हुन नसकेको कारण यस प्रतिवेदनमा अपेक्षित रूपमा विवरण तथा तथ्याङ्क प्रस्तुत गर्न सकिएको छैन ।

## १.६ अध्ययन प्रतिवेदनको प्रारूप

यो प्रतिवेदनको पहिलो परिच्छेदमा परिचय र सो अन्तर्गत उद्देश्य, मानव बेचबिखन तथा ओसार पसारको परिभाषा, अध्ययन विधि, अध्ययनको सीमा एवं अध्ययन प्रतिवेदनको प्रारूपबारे उल्लेख गरिएको छ। यसैगरी दोस्रो परिच्छेदमा समस्या समाधानका लागि विगतमा भएका प्रयासहरू बारे चर्चा गरिएको छ। तेश्रो परिच्छेदमा प्रतिवेदन अवधिमा भएका प्रयास विशेषतः निरोधात्मक कार्यक्रमहरू, पीडित/प्रभावितहरूको संरक्षण, न्यायमा पहुँच र कानूनी कारवाही, समन्वय तथा सहकार्य एवं क्षमता अभिबृद्धिबारे उल्लेख गरिएको छ। चौथो परिच्छेदमा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणमा गैरसरकारी संघसंस्थाहरूबाट भएका कार्यक्रमहरूको बारेमा प्रस्तुत गरिएको छ। पाँचौ परिच्छेदमा चुनौतीहरू, सुधार तथा निष्कर्षहरू प्रस्तुत गरिएका छन्।

परिच्छेद -२

# मानव बेचबिखन तथा ओसारपसार विरूद्धका नीति तथा संस्थागत संरचनाहरू

यस परिच्छेदमा नेपालमा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणमा लागि सरकारी क्षेत्रबाट विगत देखि नै निरन्तर भइरहेका विभिन्न प्रयासहरू जस्तै नीतिगत प्रयास, कानूनी व्यवस्था, आवधिक योजनाहरूमा भएका प्रयासहरू, कार्ययोजनाहरूको निर्माण, निर्देशिका, कार्यविधि तथा मापदण्डहरू तथा मानव बेचबिखन तथा ओसारपसार विरूद्ध कार्यरत संस्थागत संरचनाहरू बारे संक्षेपमा वर्णन गरिएका छन् :

## २.१ नीति

### २.१.१ चेलीबेटी र बालबालिका बेचबिखन तथा देहव्यापार बिरूद्ध राष्ट्रिय नीति

वि.सं. २०५२ साल असोज ६ गते महिला तथा समाज कल्याण मन्त्रालय (२०५७ सालमा बालबालिका समेत समावेश भए पछि महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय) को स्थापना भएपछि पहिलो पटक मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका सम्बन्धमा “चेलीबेटी र बालबालिका बेचबिखन तथा देहव्यापार बिरूद्ध राष्ट्रिय नीति” बनाई कार्यान्वयनमा ल्याइएको थियो । सो नीतिमा निम्न लिखित १२ बुँदाहरू उल्लेख भएका थिए ।

१. चेलीबेटी बेचबिखन तथा देहव्यापारविरूद्ध जनचेतना बृहत कार्यक्रम अभियानकै रूपमा सञ्चालन गर्ने,

२. महिलाहरूमाथिको भेदभाव अन्त्य गर्न कानूनको निर्माण गर्ने,

३. चेलीबेटी बेचबिखन तथा देहव्यापार नियन्त्रणसम्बन्धी कार्यक्रम नेपाल सरकार तथा गैरसरकारी संघ, अन्तर्राष्ट्रिय संघ तथा निजी क्षेत्र समेतलाई संलग्न गराई सञ्चालन गरिने,

४. चेलीबेटी बेचबिखनबिरूद्ध चलाउने कार्यक्रमको सम्पर्क बिन्दू (Focal Point) को कार्य महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयले गर्ने,

५. अन्तर्राष्ट्रिय क्षेत्रमा द्विपक्षीय तथा बहुपक्षीय समन्वय राखी चेलीबेटी बेचबिखन नियन्त्रण गर्नेतर्फ नेपाल सरकारबाट प्रयास गर्ने,

६. यौन शोषणबाट पीडित भएका महिला तथा बालबालिकाहरूलाई शोषण गर्ने पक्षबाट हर्जाना दिलाउने तर्फ आवश्यक व्यवस्था गर्ने,

७. चेलीबेटी बेचबिखन तथा अन्य यौनजन्य रोगको एक आपसमा सम्बन्ध हुने हुंदा यो समस्या समाधान गर्नेतर्फ आवश्यक कदम चाल्ने,

८. नेपाल सरकारबाट महिलाहरूको निम्ति गरिबी निबारण र रोजगार प्रवर्द्धनका लागि उपयुक्त

कदम चाल्ने,

९. चेलीबेटी बेचबिखन तथा देहव्यापार नियन्त्रण गर्न नेपाल सरकारबाट राष्ट्रिय समन्वय समिति गठन गर्ने । साथै आवश्यकता अनुसार जिल्ला तथा गाउं तहमा समन्वय समितिहरूको गठन गर्ने,

१०. चेलीबेटी बेचबिखन तथा देहव्यापार नियन्त्रण सम्बन्धी बिषयमा सूचना संकलन, समन्वय, सञ्चालन गर्नका निमित्त जिल्लास्तरमा गठित समन्वय समितिले सम्पर्क केन्द्रको काम गर्ने,

११. औपचारिक तथा व्यावसायिक शिक्षाको माध्यमबाट रोजगारीमूलक कार्यक्रम सञ्चालन गरी चेलीबेटी बेचबिखनमा नियन्त्रण गर्ने,

१२. चेलीबेटी बेचबिखन तथा देहव्यापार नियन्त्रणका लागि सञ्चालन गरिने कार्यक्रममा सम्पूर्ण राजनीतिक दलहरूको प्रतिवद्धताका लागि प्रयास गर्ने, र

१३. चेलीबेटी बेचबिखन तथा देहव्यापारलाई गैरसरकारी संघ संस्थाहरू समेतको सहयोगमा कडाइका साथ नियन्त्रण गरी पुनर्स्थापना कार्यक्रम सञ्चालन गर्ने ।

### २.१.२ **वैदेशिक रोजगार नीति**

नेपाल सरकारले वैदेशिक रोजगारलाई सुरक्षित, व्यवस्थित, मर्यादित र भरपर्दो बनाउँदै वैदेशिक रोजगारबाट हुने आर्थिक तथा गैरआर्थिक लाभबाट गरिबी निवारण तथा राष्ट्रको दिगो आर्थिक र सामाजिक विकासमा अधिकतम योगदान पुऱ्याउने लक्ष्य लिई मुलुकको जनशक्तिलाई अन्तर्राष्ट्रिय बजारको माग अनुरूप ज्ञान र सीप प्रदान गरी दक्ष, क्षमतावान् र प्रतिस्पर्धी श्रमशक्तिको रूपमा विकास गर्दै वैदेशिक रोजगारमा उनीहरूको प्रवेशलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउने उद्देश्य सहित वैदेशिक रोजगार नीति २०६८ ल्याएको छ । यस नीतिको मुख्य बुँदाहरू निम्नबमोजिम रहेको छः

क. अन्तर्राष्ट्रिय श्रम बजारमा रोजगारका अवसरहरूको पहिचान तथा प्रवर्द्धन गर्ने ।

ख. प्रतिस्पर्धात्मक क्षमता सहितका सीपयुक्त जनशक्ति विकास गरी वैदेशिक रोजगारको लाभलाई अधिकतम गर्ने ।

ग. वैदेशिक रोजगारका समग्र चरणहरू तथा प्रक्रियालाई सरल, पारदर्शी, भरपर्दो, व्यवस्थित र सुरक्षित बनाउने ।

घ. श्रम बजारमा महिला कामदारहरूका सरोकारलाई सम्बोधन गर्दै समग्र आप्रवासन चक्रमा उनीहरूको अधिकार सुनिश्चित गर्ने ।

ङ. वैदेशिक रोजगार व्यवस्थापनमा सुशासन प्रत्याभूत गर्ने ।

च. वैदेशिक रोजगार व्यवस्थापनमा स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्रोत परिचालन गर्दै क्षेत्रगत साझेदारीको अभिवृद्धिबाट सहकार्य प्रवर्द्धन गर्ने ।

छ. विप्रेषण, मानव विकास तथा उत्पादनमूलक क्षेत्रमा अधिकाधिक रूपमा परिचालन गर्ने ।

यसका साथै नेपाल सरकारले वि.सं. २०६९ साल श्रावण महिना देखि खाडी मुलुकका साउदी अरब, कुवेत, कतार र संयुक्त अरब इमिरेट्समा घरेलु कामदारमा जानको लागि महिलाहरूको उमेर ३० वर्ष पूरा हुनु पर्ने नीति ल्याएको छ । उपरोक्त देशहरूमा घरेलु कामका लागि गएका महिला कामदारहरूमाथि यौन दुर्व्यवहार तथा शोषणका घटनाहरू भइरहेको भन्ने कुराहरू जानकारीमा आएकोले नेपाली महिलाहरूको सुरक्षालाई ध्यानमा राख्दै सरोकारवालाहरूको सुझावका आधारमा मन्त्रीपरिषद्ले यो नीति पारित गरको हो ।

#### २.१.३ बालबालिका सम्बन्धी राष्ट्रिय नीति

बालबालिकाहरूलाई सबै किसिमका शारीरिक वा मानसिक हिंसा, क्षति वा दुर्व्यवहार, परित्याग, उपेक्षा, शोषण वा यौन दुर्व्यवहारबाट संरक्षण गर्ने, उनीहरू जन्मनु अघि र जन्मे पछि आवश्यक स्याहार, पोषण र शिक्षा प्रदान गरी उनीहरूको शारीरिक, मानसिक र शैक्षिक विकास गर्ने, उनीहरूसँग सम्बद्ध विषयहरूमा आफ्नो विचारहरू अभिव्यक्त गर्ने अवसर दिई बाल सहभागीता अभिवृद्धि गर्ने, बालबालिकाविरूद्धको विभेद अन्त्य गर्ने र बाल न्याय प्रणालीलाई सुदृढ गर्ने उद्देश्यले २०६९ वैशाख ४ गते बालबालिका सम्बन्धी नीति लागू गरिएको हो । यस नीतिमा बालबालिकाहरूको बेचविखन सम्बन्धमा देहाय बमोजिम उल्लेख गरिएको छ ः

- कुनै पनि प्रयोजनका लागि बालबालिकाको बेचविखन र ओसारपसार गर्ने कार्यलाई रोकथाम गर्न थप प्रभावकारी उपाय अवलम्वन गरिनेछ (८.७) ।
- बेचविखन र ओसारपसारबाट उद्धार गरिएका बालबालिकाको सुरक्षाको प्रत्याभूति, तिनीहरूको परिवार तथा समुदायमा पुनःस्थापनाको व्यवस्था गरिनेछ (८.८) ।

## २.२ कानूनी व्यवस्था

मानव बेचबिखन सभ्य समाजले परापूर्वकाल देखि अस्वीकार गरी आएको फौजदारी कसूर हो । नेपालको इतिहास अध्ययन गर्दा पृथ्वीनारायण शाहले वि.सं. १८२५ मा बनेपा, धुलिखेल लगायत सात गाउँका मानिसले कमारा कमारी राख्न नपाउने गरी रूक्का जारी गरेको देखिन्छ । त्यस्तै सो रूक्कालाई वि.सं. १८८७ मा राजेन्द्रविक्रम शाहले समेत निरन्तरता दिएको कुरा अभिलेखहरूमा पाइन्छ । यसैगरी वि.सं. १९१० मा जारी भएको मुलुकी ऐनमा केही व्यवस्था थप गरी वि.सं. १९८२ साल बैशाख १ गते देखि नेपाल अधिराज्यभर दास प्रथा बन्द गर्ने घोषणा भएको थियो । सो ऐनमा मानिस बेच्नेलाई ७ वर्ष कैद हुने, आफ्नी श्रीमती बेच्ने लोग्नेलाई थप सजाय हुने, विदेशको कोइलाखानी र समुद्रपार लाने-पठाउने कार्य दण्डनीय हुने एवं यस्तो कसूरको सुराकीलाई असूल भएको सजायको अंशवाट बकस दिइने तथा यस्तो मुद्दा सरकार वादी हुने व्यवस्था थियो ।

वि.सं. २०२० सालमा जारी भएको नयाँ मुलुकी ऐनमा पनि मानवबेचविखनलाई अपराध मानी यसमा संलग्न हुनेलाई सजायको व्यवस्था गरेको पाइन्छ ।  त्यसै गरी सो मुलुकी ऐनमा २०३३ सालमा भएको छैठौं संशोधनले अझ कडा सजायको व्यवस्था गरेको देखिन्छ ।

बेचविखनका घटनाहरू अझ संवेदनशील तरीकाले हेरी यसलाई नियन्त्रण गर्ने उद्देश्यले नेपाल सरकारले २०४३ सालमा विशेष ऐनको रूपमा जीउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन जारी गरेको थियो ।

### २.२.१ **नेपालको अन्तरिम संविधान, २०६३**

नेपालको अन्तरिम संविधान, २०६३ मा बालबालिका र महिलाको निम्ति विशेष अधिकारहरू प्रत्याभूत गरिएका छन् । संविधानको धारा २९ शोषणबिरूद्धको हकमा मानिसलाई बेचबिखन गर्न, दास वा बाँधा बनाउन पाइने छैन भनी उल्लेख भएको छ । धारा २० को उपधारा (१) मा महिला भएकै कारणबाट कुनै पनि किसिमको भेदभाव गरिने छैन भन्ने उल्लेख भएको छ भने उपधारा (३) मा कुनै पनि महिला विरूद्ध शारीरिक, मानसिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य गरिने छैन भनी उल्लेख भएको छ । साथै संविधानको धारा २२ को उपधारा (३) मा प्रत्येक बालबालिकालाई शारीरिक, मानसिक वा अन्य कुनै पनि किसिमको शोषण बिरूद्धको हक हुने, यस्तो शोषणजन्य कार्य कानूनद्वारा दण्डनीय हुने र त्यस्तो व्यवहार गरिएको व्यक्तिलाई कानूनले निर्धारण गरे बमोजिमको क्षतिपूर्ति दिइने सुनिश्चितता गरिएको छ । त्यस्तै उपधारा (४) ले असहाय, अनाथ, सुस्त मनस्थिति, द्वन्द्वपीडित, विस्थापित एवं जोखिममा परेका सडक बालबालिकालाई सुनिश्चित भविष्यको लागि राज्यबाट विशेष सुविधा पाउने हक दिलाएको छ र उपधारा (५) ले कुनै पनि नाबालकलाई कुनै कलकारखाना, खानी वा यस्तै अन्य कुनै जोखिमपूर्ण काममा लगाउन वा सेना, प्रहरी वा द्वन्द्वमा प्रयोग गर्न पाइने छैन भनी बन्देज गरिएको छ ।

### २.२.२ **मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४**

मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ ले महिला र बालबालिका बेच्ने र किन्ने दुबैलाई उत्तिकै दोषी मानी दण्ड सजायको व्यवस्था गरेको छ । ऐनको बहिर क्षेत्रीय अधिकारको व्यवस्था अनुरूप नेपालभित्र वा बाहिर गरिएका अपराधहरूको लागि समान सजायको प्रावधान छ । उक्त कानून अनुसार बेचबिखन सम्बन्धी सूचना जो कोहीले नजिकको प्रहरी कार्यालयमा दिन सक्दछ । अभियोग लागे पछि प्रमाणको भार पुऱ्याउने दायित्व सम्बन्धित अभियुक्तमाथि नै रहेको छ । यो पीडित मैत्री प्रावधान हो । बन्द इजलाश, पीडितको बयान दर्ता भई एक पटक अदालतबाट प्रमाणित भैसकेको छ भने पुनः दोहोऱ्याएर दिनु नपर्ने, पुनःस्थापना सम्बन्धी विशेष व्यवस्थाहरू, पुनःस्थापना केन्द्रहरू लगायत पीडित/प्रभावितमैत्री प्रावधानहरूको व्यवस्था पनि गरिएको छ । कुनै पनि प्रयोजनका लागि मानिसलाई खरीद गर्ने, बँधुवा श्रमका लागि मानिसलाई दास बनाउने, बेश्यावृतिमा लगाउने, बालबालिकाको अपहरण गर्ने, र अन्य सबै प्रकारका शोषणलाई समेटेको छ । बेचबिखन तथा ओसारपसारका लागि प्रयोगमा ल्याइएको सम्पत्ति जफत गर्ने, पीडित र सूचनादाताको संरक्षण र क्षतिपूर्तिका प्रावधानहरू पनि यसमा समेटिएका छन् । यो ऐनलाई कार्यान्वयन गर्ने सिलसिलामा २०६५ सालमा नेपाल सरकारले मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) नियमावली स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ ।

### २.२.३ **अन्य कानूनहरू**

मानव बेचबिखन नियन्त्रणका लागि अन्य महत्वपूर्ण कानून तथा निर्देशिकाहरू निम्न अनुसार छन् ः

- बालबालिका सम्बन्धी ऐन, २०४८
- बालबालिका सम्बन्धी नियमावली, २०५०

- बाल श्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६
- कमैया श्रम (निषेध गर्ने सम्बन्धी) ऐन, २०५८
- बाल न्याय (कार्यविधि) नियमावली, २०६३
- लैङ्गिक समानता कायम गर्न केही नेपाल ऐन संशोधन गर्न वनेको ऐन, २०६३
- बैदेशिक रोजगार सम्बन्धी ऐन र नियमावली, २०६४
- नेपाली बालबालिका विदेशी नागरिकलाई धर्मपुत्र, धर्मपुत्री ग्रहण गर्न दिने सर्त तथा प्रकृया, २०६५
- मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण), नियमावली, २०६५
- श्रमजीवि महिलाहरूप्रति डान्स रेष्टुरेन्ट, डान्स बार जस्ता कार्यस्थलमा हुने यौन उत्पीडन नियन्त्रण गर्नेसम्बन्धी सर्वोच्च अदालतबाट भएको फैसला र निर्देशिका, २०६५
- घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६ र नियमावली, २०६७
- आपतकालिन बाल उद्धार कोष (सञ्चालन) नियमावली, २०६७
- लैगिंक हिंसा निवारण कोष (सञ्चालन) नियमावली २०६७

## २.३ आवधिक योजनाहरू

नेपाल सरकारले कार्यान्वयनमा ल्याएका विभिन्न आवधिक योजनाहरूमा मानव बेचबिखन तथा ओसारपसार विरूद्ध रणनीति तथा कार्यक्रमहरू समावेश हुँदै आएका छन् । दशौं योजना (२०५९/०६०-२०६३/०६४) ले लैङ्गिक समानता कायम गर्नुका साथै घरेलु हिंसा तथा मानव बेचबिखनबाट प्रभावित महिलाहरूको लागि क्षतिपूर्ति, मनोविमर्श सेवा, स्वास्थ्य उपचार, कानूनी सल्लाह, पुनर्स्थापना र पुनर्मिलनका कार्यक्रमहरूमा जोड दिएको थियो । त्यस्तै तीन वर्षीय अन्तरिम योजना (२०६४/०६५-२०६६/०६७) मा महिला विरूद्धको हिंसा र मानव ओसारपसार तथा बेचबिखनको रोकथाम र नियन्त्रणका लागि महिलाअधिकारमा आधारित कानूनी सुधार गर्ने र अन्तरसीमा तहमा सहकार्य प्रवर्द्धन गर्ने विषय उल्लेख भएको थियो । सो अन्तरिम योजनामा बालबालिकाहरूको हकमा श्रम शोषण, यौन शोषण, बेचबिखन तथा ओसारपसारलाई क्रमशः उन्मूलन गर्दै लाने सन्दर्भमा निरोधात्मक, प्रवर्द्धनात्मक तथा पुनर्स्थापन सम्बन्धी उपायहरू अपनाउने रणनीति अपनाइएको पाइन्छ ।

यसैगरी त्रिवर्षीय योजना (२०६७/०६८-२०६९/०७०) को कार्यनीतिमा महिला तथा बालबालिका लगायत मानव बेचबिखन तथा ओसारपसार विरूद्धमा नयाँ राष्ट्रिय कार्ययोजना तयार गरी विभिन्न सरोकारवाला निकायहरूले सञ्चालन गरिरहेको निरोधात्मक, संरक्षणात्मक र उपचारात्मक प्रयासहरूबीच समन्वय गरी प्रभावितहरूको उद्धार तथा पुनर्स्थापनाका लागि आकस्मिक कोषको व्यवस्था गरिने छ भन्ने उल्लेख भएको पाइन्छ । यसप्रकार त्रिवर्षीय योजना (२०६७/०६८-२०६९/०७०) सम्मका आवधिक योजनाहरूमा मानव बेचबिखन तथा ओसारपसारको विषयलाई लैङ्गिक मूलप्रवाहीकरण तथा महिला सशक्तिकरण परिच्छेद अन्तर्गत राखिएकोमा पहिलो पटक तीन वर्षीय योजना (२०७०/०७१-२०७२/०७३) को अवधारणा-पत्रमा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणको कार्यलाई विशेष महत्व दिई छुट्टै परिच्छेदमा राखिएको छ । यसैगरी सो अवधारणापत्रमा मानव बेचबिखन तथा ओसारपसारका बदंलिदो आयामहरूलाई मनन् गरी तदनुरूप निरोध, प्रभावितहरूको संरक्षण तथा कानूनी कारवाहीमा विशेष जोड दिएको पाइन्छ ।

## २.४ राष्ट्रिय कार्ययोजनाहरू

### २.४.१ मानव बेचबिखन तथा ओसारपसारको नियन्त्रण सम्बन्धी राष्ट्रिय कार्ययोजना

मानव बेचबिखन तथा ओसारपसारको नियन्त्रण गर्न नेपाल सरकारले २०५६ सालमा "यौन तथा श्रम शोषणको लागि महिला तथा बालबालिका बेचबिखन विरूद्धको राष्ट्रिय कार्ययोजना" ल्याएको थियो । यसलाई सार्क क्षेत्रकै पहिलो कार्ययोजनाको रूपमा लिइन्छ । सो कार्ययोजनालाई २०५८ सालमा समिक्षा गरी यसका कार्यक्षेत्रहरू विस्तार गरिएको थियो । वि.सं. २०६७ सालमा सो कार्ययोजनाको दोस्रो समिक्षा गरिएको थियो । उक्त समिक्षाले प्रस्तुत गरेका सुझावहरूको आधारमा १० वर्षिय "मानव बेचबिखन विशेष गरी महिला तथा बालबालिकाहरूको बेचबिखन तथा ओसारपसार विरूद्धको राष्ट्रिय कार्ययोजना, २०६८" तयार पारिएको छ ।

### २.४.२ अन्य राष्ट्रिय कार्ययोजनाहरू

मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि माथि उल्लेख गरिएको विशेष कार्ययोजनाका अतिरिक्त विषयगत रूपमा अन्य धेरै राष्ट्रिय कार्ययोजनाहरू पनि निर्माण भइ कार्यान्वयनमा रहेका छन् । ती सबै कार्ययोजनाहरू प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा मानव बेचविखन तथा ओसारपसार नियन्त्रयणका लागि महत्वपूर्ण दस्तावेजका रूपमा लिन सकिन्छ ।

१. बालबालिका सम्बन्धी १० वर्षे राष्ट्रिय कार्ययोजना (२००४-२०१४) - यो कार्ययोजनालाई वि.सं. २०१० मा पहिलो पटक पुनरावलोकन गरी परिमार्जन गरियो ।
२. महिला विरूद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि कार्यान्वयनका लागि तयार गरिएको राष्ट्रिय कार्ययोजना, २०६० (२००४) ।
३. लैङ्गिक समानता तथा महिला सशक्तिकरण (बेइजिङ्ग कार्ययोजना) कार्यान्वयनका लागि तयार गरिएको राष्ट्रिय कार्ययोजना, २०६१ (२००४) ।
४. संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद्द्वारा पारित प्रस्ताव नम्बर १३२५ र १८२० को कार्यान्वयन राष्ट्रिय कार्ययोजना, (२०६७/०६८-२०७१/०७२) ।
५. लैङ्गिक हिंसा अन्त्य तथा लैङ्गिक सशक्तिकरण सम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजना, (२०६९/०७०-२०७३/०७४) ।
६. बालश्रम उन्मूलनका लागि गुरू योजना, २००१

### २.४.३ जिल्ला स्तरीय योजना तथा रणनीतिहरू

मानव बेचबिखन विशेष गरी महिला तथा बालबालिकाहरूको बेचबिखन तथा ओसारपसार विरूद्धको राष्ट्रिय कार्ययोजनाले निर्देशित गरेका रणनीति तथा कार्यक्रमहरूलाई प्रभावकारी ढङ्गबाट दिगो रूपमा कार्यान्वयन गर्ने उद्देश्यले बाँके, रौतहट, मोरङ्ग र सुनसरी लगायतका जिल्लाहरूमा जिल्ला कार्ययोजना निर्माण गर्ने प्रयासको थालनी भएको छ । यसका अतिरिक्त लैङ्गिकतामा आधारित हिंसा सम्बोधनका लागि समेत सर्लाही, रौतहट, महोत्तरी, कपिलवस्तु र उदयपुर लगायतका जिल्लाहरूमा जिल्ला कार्ययोजना निर्माण भई कार्यान्वयन भइरहेका छन् भने विभिन्न जिल्लाहरूमा महिला तथा बालबालिका कार्यालय, मानव बेचबिखन तथा ओसारपसार

नियन्त्रण जिल्ला समिति र जिल्ला बाल कल्याण समितिहरूको पहलमा महिला तथा बालबालिकाहरूको संरक्षणका लागि रणनीतिक योजनाहरू समेत तयार पार्ने कार्य निरन्तर जारी रहेको छ ।

## २.५ निर्देशिका, कार्यविधि तथा मापदण्डहरू

मानव बेचविखन तथा ओसारपसारको समस्या समाधानका लागि नेपाल सरकारद्वारा तयार पारिएका निम्न लिखित निर्देशिका, मापदण्ड तथा कार्यविधिहरू पनि प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा सहयोगी दस्तावेजहरू हुन् ।

१. मानव बेचबिखन तथा ओसारपसारबाट पीडित/प्रभावितहरूको हेरचाह तथा संरक्षणका लागि राष्ट्रिय न्यूनतम मापदण्ड, २०६८
२. पुनर्स्थापना केन्द्र सञ्चालन निर्देशिका, २०६८
३. पुनर्स्थापना कोष सञ्चालन निर्देशिका, २०६८
४. मानव बेचविखन तथा ओसारपसार सम्बन्धी मुद्दाको अभियोजन तथा अदालती कारबाही सम्बन्धी कार्यसञ्चालन निर्देशिका, २०६८
५. मनोसामाजिक परामर्श निर्देशिका, २०६९
६. आवासीय बालगृह सञ्चालन तथा व्यवस्थापन सम्बन्धि मापदण्ड, २०६९
७. मानव बेचविखन विरूद्धको गाउँ समिति (गठन तथा परिचालन) निर्देशिका २०७०
८. बाल हेल्पलाइन सञ्चालन कार्यविधि, २०६४
९. वैदेशिक रोजगारसँग सम्बन्धित कसुरको अनुसन्धान तथा अभियोजन दिग्दर्शन, २०६७

## २.६ संस्थागत संरचना

मानव बेचविखन तथा ओसारपसार नियन्त्रणको कार्यलाई प्रभावकारी बनाउन नेपाल सरकारले केन्द्रीयस्तर देखि जिल्ला र स्थानीयस्तरसम्म राज्य संयन्त्रको व्यवस्था गरेको छ । केन्द्रिय तहमा व्यवस्थापिका, कार्यपालिका एवं न्यायपालिकाको अतिरिक्त संवैधानिक निकायहरू अन्तर्गत विभिन्न मन्त्रालय, विभाग, आयोग, समिति आदि संयन्त्रहरू क्रियाशील रहेका छन् । नेपालमा मानव बेचविखन तथा ओसारपसारका लागि कार्यरत निकायहरूको संस्थागत संरचनाहरूका बारेमा समष्टिगतरूपमा निम्न लिखित चित्रद्वारा प्रस्तुत गरिएको छ ।

### २.६.१ व्यवस्थापिका संसद

**(क) महिला, बालबालिका तथा समाज कल्याण समिति :**

व्यवस्थापिका संसदको यस समितिमा मानव बेचविखन तथा ओसारपसार नियन्त्रण लगायत महिला, बालबालिका तथा समाज कल्याणका विषयहरूमा समय सापेक्ष रूपमा समितिका सदस्यहरू बीच व्यापक छलफल तथा परामर्श गरी सरकारलाई आवश्यक निर्देशन प्रदान गर्दछ । यसका साथै यस समितिले महिला,

बालबालिका तथा समाज कल्याण सम्बन्धी विधेयकहरू, अन्तर्राष्ट्रिय महासन्धिहरू तथा तिनीहरूका इच्छाधिन आलेखहरूको अनुमोदन लगायत सो सम्बन्धमा भए गरेका क्रियाकलापहरूबारे छलफल गरी आवश्यकता अनुसार व्यवस्थापिका संसदमा सुझाव प्रस्तुत गर्दछ । यसका साथै यस समितिले महिला, बालबालिका तथा समाजकल्याण सम्बन्धी कार्यक्रमहरूको अनुगमन लगायत आवश्यकता अनुसार उप-समितिहरू गठन गरी नेपाल सरकारलाई सुझाव पेश गर्दछ ।

(ख) **महिला ककस :**

महिलाहरूको वृहत्तर हित र अधिकार संरक्षणका लागि व्यवस्थापिका संसदको महिला सभासद्हरू मिलेर गठन गर्ने गरिएको यो एउटा खुकुलो सञ्जाल (Loose Network) हो । पहिलो संविधानसभा व्यवस्थापिका-संसदको कार्यकालमा सो संसदमा प्रतिनिधित्व गर्ने सबै राजनैतिक दलका महिला सभासद्हरू रहेको महिला ककस निर्माण भएको थियो । २०७० सालको निर्वाचित दोश्रो संविधानसभामा भने सो ककस निर्माण भएको छैन । ककसमा रहने महिला सभासदहरूले आफूले प्रतिनिधित्व गर्ने दलले तय गरेको दलीय रेखा (Party Line) भन्दा माथि उठेर समग्र महिलाको अधिकार संरक्षणका लागि वकालत गर्ने गर्दछन् ।

२.६.२ **कार्यपालिका**

(क) **प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय :**

यस कार्यालयले मानव बेचविखन तथा ओसारपसार लगायत लैङ्गिकतामा आधारित हिंसा नियन्त्रण विषयमा उच्चस्तरिय समन्वयको कार्य गर्दछ । यस कार्यालयको मानवअधिकार महाशाखा अन्तर्गतको लैङ्गिक हिंसा विरूद्धको इकाई र हेलो सरकारमा प्राप्त हुने मानव बेचविखन तथा ओसारपसार लगायत लैङ्गिक हिंसा विरूद्धका उजुरी तथा गुनासाहरू सम्बन्धित निकायमा आवश्यक कारवाहीका लागि पठाउने काम गर्दछ । यसका साथै यस कार्यालयले विभिन्न सरकारी निकायहरूबाट भए गरेका कार्यहरूको समन्वय तथा अनुगमन गर्ने गर्दछ ।

(ख) **राष्ट्रिय योजना आयोग :**

यस आयोगले नेपालको आवधिक योजना तर्जुमाका साथै समष्टिगत तथा क्षेत्रगत दीर्घकालीन अवधारणा, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, प्रमुख कार्यक्रमहरू तथा अपेक्षित उपलब्धिहरू समेत विभिन्न क्षेत्रगत मन्त्रालय तथा निकायहरूको समन्वयमा तयार गर्ने कार्य गर्दछ । यस प्रकार आयोगले आवधिक योजनाहरू मार्फत समसामयिक विषयको गम्भीरतालाई मनन गरी प्राथमिकताको आधारमा रणनीति तथा कार्यनीतिहरू बनाई स्रोत विभाजन गर्ने गर्दछ ।

(ग) **महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय :**

वि.सं. २०५२ साल असोज ६ गते गठन गरिएको यस मन्त्रायलले नेपाल सरकारको कार्य विभाजन नियमावली अनुसार महिला, बालबालिका तथा समाज कल्याणको विषयमा कार्य गर्ने जिम्मेवारी पाएको छ । यस मन्त्रालयले मानव बेचविखन तथा ओसारपसार नियन्त्रण सम्बन्धी राष्ट्रिय समितिको सचिवालय, मानव

बेचविखन तथा ओसारपसार नियन्त्रण शाखा, महिला तथा बालबालिका विभाग, केन्द्रीय बालकल्याण समिति र पचहत्तरै जिल्लाका महिला तथा बालबालिका कार्यालयहरू मार्फत मानव बेचविखन तथा ओसारपसार नियन्त्रण सम्बन्धी काम गर्ने गर्दछ ।

(अ) **मानव बेचविखन तथा ओसारपसार नियन्त्रण राष्ट्रिय समितिको सचिवालय** :

मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन, २०६४ तथा सोही नियमावली, २०६५ बमोजिम महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयले २०६५ सालमा मानव बेचविखन तथा ओसारपसार नियन्त्रण राष्ट्रिय समिति गठन गरी सो समितिको सचिवालय पनि खडा गरेको छ । यस सचिवालयले मानव बेचविखन तथा ओसारपसार नियन्त्रण सम्बन्धी आवश्यक नीति, योजना, कार्यक्रम तर्जुमा गरी मन्त्रालयमा पेश गर्ने, स्वीकृत नीति, योजना, कार्यक्रम कार्यान्वयन गर्ने गराउने तथा अनुगमन गर्ने, विदेशमा अलपत्र परेका पीडितको उद्धार गर्ने र निजको सहमतिमा स्वदेश फर्काउने लगायतका कार्यहरू गर्दछ । महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयको सचिवको अध्यक्षतामा गठन गरिएको यस समितिमा श्रम तथा रोजगार मन्त्रालय, गृह मन्त्रालय र परराष्ट्र मन्त्रालयका सह–सचिवहरू, महान्यायाधिवक्ताको कार्यालयको सहन्यायाधिवक्ता, नेपाल प्रहरीको प्रहरी नायव महानिरीक्षक, मानव बेचविखन तथा ओसारपसार विरूद्धको क्षेत्रमा कार्यरत संस्थाका व्यक्तिहरू तथा पीडित महिलाहरूको प्रतिनिधिहरू सदस्य तथा महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयको सहसचिव सदस्य सचिव रहने व्यवस्था छ ।


मानव बेचबिखनतथाओसारपसार नियन्त्रणका लागि राज्य संयन्त्रहरू
व्यवस्थापिका
कार्यपालिका
संवैधानिकनिकायहरू
न्यायपालिका
महिला, बालबालिका र समाज कल्याण समिति
महिला सांसदहरूको ककस
राष्ट्रिय योजना आयोग
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
महान्यायाधिवक्ताको कार्यालय
राष्ट्रिय मानवअधिकार आयोग
सर्वोच्च अदालत
पुनरावेदन अदालत१६
जिल्ला अदालत७५
गृह मन्त्रालय
अन्य मन्त्रालयहरू
राष्ट्रिय महिला, आयोग
महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय
पुनरावेदन सरकारी वकीलकार्यालय १६
जिल्ला सरकारी वकील कार्यालय ७५
प्रहरीप्रधानकार्यालय
महिलातथाबालबालिका सेवानिर्देशनालय
मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण राष्ट्रिय समिति
राष्ट्रिय न्यायिक प्रतिष्ठान
समाज कल्याण परिषद्
क्षेत्रीयप्रहरी कार्यालय, उप-क्षेत्रीय प्रहरी कार्यालय, जिल्लाप्रहरी कार्यालय तथा इलाका प्रहरी कार्यालय अन्तर्गग महिला तथा बालबालिका सेवा केन्द्रहरू २४०
मानव बेचबिखनतथाओसारपसार नियन्त्रण जिल्ला समिति
महिलातथाबालबालिकाविभाग
महिला तथा बालबालिका महाशाखा
केन्द्रीय बाल कल्याण समिति
मानव बेचबिखन तथा ओसारपसार विरुद्ध कार्यरत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गै.स.स.हरू
महिला तथा बालबालिका कार्यालय ७५
मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण शाखा
जिल्ला बाल कल्याण समिति
मानव बेचबिखनतथाओसारपसार नियन्त्रण स्थानीय समिति
सञ्चार माध्यम
नेपाल बार एसोशियशन

मन्त्रालयले २०६५ साल देखि नै मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण राष्ट्रिय समितिको समन्वयमा कार्य गर्ने गरी ७५ जिल्लामा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समितिहरू गठन गरिएका छन् । सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा गठित यस समितिमा जिल्ला प्रहरी प्रमुख, सरकारी वकील, मानव बेचबिखन विरूद्ध कार्यरत गैरसरकारी संस्थाहरूमध्येबाट तीन जना प्रतिनिधिहरू, पत्रकार महासंघका प्रतिनिधिहरू सदस्य तथा महिला विकास अधिकृत सदस्य सचिवमा तोकिएका छन् । साथै सो समितिमा जिल्ला विकास समितिका सभापति आमन्त्रित सदस्य रहने व्यवस्था छ । विभिन्न जिल्लाका मानव बेचबिखन तथा ओसार पसार नियन्त्रण जिल्ला समितिहरू रणनीतिक योजनाहरू निर्माणका साथै विभिन्न क्रियाकलापहरूमा संलग्न रहँदै आएका छन् । बाँके, सिन्धुपाल्चोक, मोरङ लगायतका जिल्लाहरूमा जिल्ला समितिले विभिन्न गा.वि.स.हरूमा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण स्थानीय समितिहरू समेत गठन गरी मानव बेचबिखन तथा ओसारपसार विरूद्ध निगरानी बढाउने र सचेतना फैलाउने कार्य समेतको थालनी गरेको छ ।

(आ) **मानव बेचविखन तथा ओसारपसार नियन्त्रण शाखा :**

महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयले २०७० सालमा मन्त्रालयको प्रभावकारिता र क्षमता अभिबृद्धिका लागि संगठनात्मक संरचनामा सुधार गरेको छ । यसै सिलसिलामा मन्त्रलायमा मानव बेचबिखन तथा ओसारपसार विरूद्ध प्राथमिकता दिई थप प्रभावकारीता दिन एक छुट्टै शाखाको गठन गरेको छ । यस शाखाले मन्त्रलयको तर्फबाट मानव बेचविखन तथा ओसारपसार नियन्त्रण सम्बन्धी कार्यक्रम तर्जुमा तथा कार्यान्वयन गर्दछ । उपसचिव जिम्मेवार रहने यस शाखाले सम्बन्धित विषयमा कार्यरत विभिन्न मन्त्रालय, विभाग, समिति लगायत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संघसंस्था, सञ्जालहरूको समन्वय र सहकार्यमा काम गर्ने गरी तोकिएको छ भने भविष्यमा मानव बेचविखन तथा ओसारपसार नियन्त्रण राष्ट्रिय समितिको स्थायी सचिवालयको रूपमा पनि काम गर्ने उद्देश्य राखेको छ ।

(इ) **महिला तथा बालबालिका विभाग :**

यस विभागले ७५ जिल्लामा रहेका महिला तथा बालबालिका कार्यालयहरू मार्फत महिला विकास कार्यक्रम सञ्चालन गर्नुका साथै मानव बेचविखन तथा ओसारपसार नियन्त्रण लगायतका विषयहरूमा क्षमता अभिवृद्धि, ती कार्यालयहरूले सम्पादन गरेका क्रियाकलापहरूको अनुगमन र जिल्लामा हुने कार्यक्रमहरूको लागि समन्वय गर्ने कार्य गर्दछ । साथै मानव बेचविखन तथा ओसारपसार विरूद्ध विभिन्न निरोधात्मक र संरक्षणात्मक कार्यक्रमहरू सञ्चालन गर्नका लागि योजना तर्जुमा तथा बजेट बाँडफाँडको कार्यलाई प्राथमिकताका साथ सञ्चालन गर्दछ । २०७० सालमा विभागमा वालबालिका र मानव बेचबिखन तथा ओसारपसार विरूद्ध हेर्ने छुट्टै शाखा गठन गरिएको छ । यस शाखालाई मन्त्रालय र जिल्ला स्थित कार्यालयहरूसंग समन्वय गर्ने कामको जिम्मेवारी दिइएको छ ।

(ई) **महिला तथा बालबालिका कार्यालय**

महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय अन्तर्गत महिला तथा बालबालिका विभाग मातहत रहने गरी ७५ जिल्लामा महिला तथा बालबालिका कार्यालयहरू छन् । सो कार्यालयहरूले मानव बेचबिखन तथा ओसारपसारका विरूद्ध लक्षित विभिन्न निरोधात्मक, संरक्षणात्मक तथा न्यायमा पहुँच अभिबृद्धि सम्बन्धी कार्यक्रमहरू सञ्चालन गरिरहेका छन् भने मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समितिको सचिवालयको रूपमा पनि कार्य गरिरहेका छन् ।

(उ) **पुनर्स्थापना तथा सेवा केन्द्र**

महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयले महिला तथा बालबालिका कार्यालयहरूको प्रशासनिक नियन्त्रणमा रहने गरी आठ वटा जिल्लाहरूमा मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ तथा सोही नियमावली, २०६५ अनुसार पुनर्स्थापना केन्द्रहरू स्थापना गरेको छ । ती पुनर्स्थापना केन्द्रहरूको सञ्चालनकालागि गैरसरकारी संस्थाहरूलाई व्यवस्थापन करारमा दिई सरकारी तथा गैरसरकारी संस्थाहरूको साझेदारिता अभिबृद्धिको प्रयास गरिएको छ । साथै घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६ र सोही नियमावली, २०६७ अनुसार १५ जिल्लाहरूमा महिला तथा बालबालिका कार्यालयहरूकै प्रशासनिक नियन्त्रण मातहत रहने गरी जिल्लास्तर र समुदायस्तरमा समेत सेवा केन्द्रहरू स्थापना भएका छन् । ती सेवा केन्द्रहरूको व्यवस्थापनमा महिला (सहकारी) संस्थाहरूलाई करारनामा गराई जिम्मेवार बनाइएको छ ।

यस प्रकार पुनर्स्थापना केन्द्र रहेका आठ वटा जिल्लाहरू झापा, पर्सा, चितवन, काठमाण्डौं, सिन्धुपाल्चोक, रूपन्देही, बाँके र कैलाली हुन् भने सेवा केन्द्र सञ्चालनमा रहेका १५ वटा जिल्लाहरू पाँचथर, सुनसरी, सप्तरी, सोलुखुम्बु, सर्लाही, काभ्रेपलाञ्चोक, मकवानपुर, तनहुँ, नवलपरासी, बाग्लुङ्ग, दाङ्ग, जुम्ला, बर्दिया, डोटी तथा कञ्चनपुर हुन् ।

यसका अतिरिक्त स्थानीय निकायको पहलमा महिला तथा बालबालिका आवासिय संरक्षण गृह एक नमुना केन्द्रका रूपमा सञ्चालनमा आएको छ । जिल्ला विकास समितिको पहलमा त्रियुगा नगर पालिकाद्वारा प्रदान गरिएको जग्गामा सरकारी भवन निर्माण भई महिला पुनर्स्थाना केन्द्र (WOREC) व्यवस्थापनको जिम्मा लगाइएको छ । सो गृह सञ्चालनका लागि आवश्यक श्रोत जिल्ला विकास समितिले नै व्यवस्था मिलाएको छ ।

(ऊ) **केन्द्रीय बाल कल्याण समिति**

बालबालिका सम्बन्धी ऐन, २०४८ मा व्यवस्था गरिए अनुसार केन्द्रीय बाल कल्याण समितिको गठन भएको छ । यस समितिले खास गरी बाल संरक्षण, बाल सहभागिता एवं बाल अधिकारको क्षेत्रमा काम गर्दछ । साथै बाल गृहको अनुगमन देखि लिएर बालवालिकाको उदार तथा पुर्नस्थापनाको काम गर्दछ ।

(ए) **जिल्ला बाल कल्याण समिति**

प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा पचहत्तरै जिल्लामा रहेको जिल्ला बाल कल्याण समितिहरूले जिल्लामा बालवालिकाको हक हित संरक्षणका लागि संचालित कार्यक्रमहरू खास गरी बाल वचाउ, बाल विकास, बाल संरक्षण र बाल सहभागिता सम्बन्धी कार्यक्रमहरूको समन्वय तथा अनुगमन गर्नुको अतिरिक्त जिल्लास्थित बाल गृहहरूको अनुगमन गर्दछ । जिल्ला बाल कल्याण अधिकारीको भूमिका समेत निर्वाह गर्ने महिला विकास अधिकृतलाई सदस्य सचिव तोकिएको यस समिति मार्फत केन्द्रीय वाल कल्याण समितिले जिल्लामा वाल वालिका संबन्धी विविध कार्यक्रमहरू संचालन गर्ने गर्दछ ।

(ऐ) **समाज कल्याण परिषद**

समाज कल्याण परिषद सामाजिक आर्थिक विकासका लागि संस्था दर्ता ऐन अनुसार दर्ता भएका गैरसररकारी संस्थाहरूको नियमनका लागि गठन भएको स्वायत्त संस्था हो । नेपालमा कार्यरत अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहले नेपालका गैरसरकारी संस्थाहरू मार्फत सञ्चालन गर्ने परियोजनाहरूमा संझौता गर्ने, अनुगमन तथा मूल्याङ्कन गर्ने कार्य गर्दछ । यो परिषदको अध्यक्ष महिला, बालबालिका तथा समाज कल्याण मन्त्री रहने कानूनी व्यवस्था छ ।

(घ) **गृह मन्त्रालय**

मुलुकमा सबै प्रकारका अपराध नियन्त्रण गरी शान्ति सुरक्षा कायम गर्ने जिम्मेवारी गृह मन्त्रालयको रहेको छ । मानव बेचविखन तथा ओसारपसार नियन्त्रण राष्ट्रिय समितिमा गृह मन्त्रालयको सहसचिव स्तरीय प्रतिनिधित्व रहने व्यवस्था छ । मानव बेचविखन तथा ओसारपसारको अपराधमा अदालतबाट पुर्पक्षमा राखेका वा कैद सजायँ पाएका अभियुक्तहरूलाई कारागार प्रशासन मार्फत जेलमा राख्ने व्यवस्था यस मन्त्रालयले गर्दछ । यसका साथै ७५ जिल्लामा रहेका मानव बेचविखन तथा ओसारपसार नियन्त्रण जिल्ला समितिको अध्यक्ष सम्बन्धित जिल्ला प्रशासन कार्यालयको प्रमुख जिल्ला अधिकारी रहने व्यवस्था छ । मानव बेचबिखन विरूद्ध जिल्लामा कार्यरत सरकारी निकायहरू तथा गैरसरकारी संस्थाहरूको समन्वय लगायत नेपाल भारत सीमामा भारतीय समकक्षीहरूसंग मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि स्थानीय पहल र पीडित/प्रभावितहरूको उद्धार, स्वदेश फिर्ती र संरक्षण आदि कार्यमा प्रमुख जिल्ला अधिकारीहरूको महत्वपूर्ण भूमिका रही आएको छ ।

(अ) **नेपाल प्रहरी**

मानव बेचविखन तथा ओसारपसार सम्बन्धी मुद्दाको उजुरी लिने, अनुसन्धान गर्ने र अभियोजन गर्ने अभिभारा गृह मन्त्रालय अन्तर्गत नेपाल प्रहरीलाई प्राप्त छ । प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान महाशाखाको कार्यक्षेत्र भित्र मानव बेचविखन तथा ओसारपसार विरूद्धको कसुरबारे उजुरी लिने र अनुसन्धान गर्ने जिम्मेवारी पर्दछ । साथै अपराध अनुसन्धान महाशाखा अन्तर्गत महिला तथा बालबालिका सेवा निर्देशनालय गठन भएको छ । सोही अनुसार क्षेत्रीय प्रहरी कार्यालयहरू, उपक्षेत्रीय प्रहरी कार्यालयहरू, जिल्ला प्रहरी कार्यालयहरू, महानगरीय प्रहरी प्रभाग, वडा प्रहरी कार्यालय, इलाका प्रहरी कार्यालयहरू स्थापना भएका छन् ।

(आ) **महिला तथा बालबालिका सेवा निर्देशनालय र सेवा केन्द्रहरू**

महिला तथा बालबालिकाहरूमाथि भएका हिंसा सम्बन्धमा उजुरी लिन तथा कारवाही गर्नका लागि यस केन्द्रको स्थापना भएको छ । हाल देशको ७५ वटै जिल्लाहरूमा गरी जम्मा २४० वटा महिला तथा बालबालिका सेवा केन्द्रहरू रहेका छन् । महिला तथा बालबालिकाहरूमाथि भएको अपराधमा उनीहरूलाई पुनः पीडित नहुने गरी गोपनियताको सुनिश्चितता सहित अपराधीहरूलाई सजाय दिलाउनका लागि यस सेवा केन्द्रले कार्य गर्दछ ।

(इ) **सामुदायिक प्रहरी**

समाजमा रहेका व्यक्तिहरूको सहकार्यमा अपराध नियन्त्रण गरी शान्ति र सुव्यवस्था कायम गर्न सामुदायिक प्रहरीको गठन भएको छ । सचेतना कार्यक्रमहरू मार्फत मानव बेचविखन, लागूऔषध दुरूपयोग, जुवातास खेल्ने लगायतका अपराधहरू नियन्त्रण गर्न सामुदायिक प्रहरी क्रियाशील रहेको छ । यसले समाजमा सचेतना अभिवृद्धि गर्नुका साथै समाजमा हुने अपराध नियन्त्रण महत्वपूर्ण भूमिका निर्वाह गर्दछ ।

(ङ) **श्रम तथा रोजगार मन्त्रालय**

श्रम तथा रोजगारका विषयमा आवश्यक नीति तर्जुमा गरी कार्यान्वियन गर्ने जिम्मेवारी यो मन्त्रालयको रहेको छ । यस मन्त्रालयले मानव बेचविखन तथा ओसारपसार लगायत मानव तस्करी हुन सक्ने क्षेत्र वैदेशिक रोजगारलाई सुरक्षित, मर्यादित र भरपर्दो बनाउन वैदेशिक रोजगार नीति, २०६८ तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ । मानव बेचविखन तथा ओसारपसार नियन्त्रण राष्ट्रिय समितिमा यस मन्त्रालयको सहसचिवस्तरको प्रतिनिधित्व रहने व्यवस्था छ ।

**(अ) वैदेशिक रोजगार विभाग**

यस विभागले वैदेशिक रोजगारमा जान चाहने महिला तथा पुरूषहरूलाई श्रम स्वीकृति दिने, अभिलेख राख्ने, वैदेशिक रोजगार व्यवसाय सञ्चालनको इजाजत दिने, वैदेशिक रोजगारमा ठगी सम्बन्धी अनुसन्धान तथा कारवाही गर्ने काम गर्दछ । यस विभागले हटलाइनको व्यवस्था गरी सेवाग्राहीलाई वैदेशिक रोजगारसम्बन्धी सूचना, अनुमति प्राप्त एजेन्सी, काम कारवाही रोक्का तथा रद्द भएको एजेन्सी, जिल्लामा खोलिएको शाखा आदिका बारेमा सूचना प्रवाह गर्दछ ।

**(आ) वैदेशिक रोजगार प्रवर्द्धन बोर्ड**

यो बोर्ड वैदेशिक रोजगारमा जाने कामदारहरूको हकहित संरक्षण, सामाजिक सुरक्षा, रोजगारको नयाँ बजारको खोजी, सीप प्रवर्द्धन आदि उद्देश्यका लागि गठन भई विभिन्न सहयोग कार्यहरू सञ्चालन गरिरहेको छ । यस प्रकार विदेशमा बेचबिखन र ठगीका कारण अलपत्र परेका नेपालीहरूको उद्धार लगायत आकस्मिक घटना वा दुर्घटनाबाट मृत्यु हुनेहरूको शव स्वदेश ल्याउने कार्यमा समेत यो बोर्डको उल्लेख्य भूमिका रहेको छ ।

**(इ) वैदेशिक रोजगार न्यायाधिकरण**

वैदेशिक रोजगारको क्रममा पीडित भएका व्यक्तिहरूलाई न्याय दिलाउन यो न्यायाधिकरणको गठन भएको हो । यसले स्वीकृति नलिई वैदेशिक रोजगार व्यवसाय सञ्चालन गरेको, स्वीकृति नलिई कामदार पठाएको, नाबालकलाई वैदेशिक रोजगारमा पठाएको, खुल्ला नगरेको देशमा कामदार पठाएको आदि कसुर सम्बन्धी मुद्दाहरूमा निर्णय गर्ने अधिकार पाएको छ ।

**(च) परराष्ट्र मन्त्रालय**

मानव बेचविखन तथा ओसारपसार नियन्त्रण राष्ट्रिय समितिमा परराष्ट्र मन्त्रालयको प्रतिनिधि रहने व्यवस्था गरिएको छ । मानव बेचविखन तथा ओसारपसार लगायत वैदेशिक रोजगारमा पीडित बनेका विशेष गरी महिला कामदारहरूको उद्धार तथा स्वदेश फिर्ति प्रकृयामा यो मन्त्रालय र अन्तर्गत विभिन्न मुलुकहरूमा रहेका नेपाली राजदुतावासहरूले महत्वपूर्ण भूमिका खेलीरहेका छन् । कोरिया, मलेशिया, साउदी अरब, कतार, कुवेत र संयुक्त अरब इमिरेट्समा श्रम सहचारीको व्यवस्था भइसकेको छ भने बहराइन र ओमानमा श्रम सहचारीको नियुक्ति प्रकृया अगाडी बढाएको छ । त्यस्तै साउदी अरब, कुवेत, कतार र संयुक्त अरब इमिरेट्समा अल्पकालीन सुरक्षा आवास गृहहरू सञ्चालन रहेका छन् ।

**(छ) संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय**

यस मन्त्रालयले ७५ जिल्लामा जिल्ला विकास समिति मार्फत, ५८ नगरपालिकाहरूमा नगर पालिकाहरू मार्फत तथा ३,९१५ गा.वि.स.हरूमा गा.वि.स.हरू मार्फत कार्यक्रमहरू सञ्चालन गर्दछ । मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण तथा सुरक्षित बैदेशिक रोजगारमा स्थानीय स्तरमा जनचेतना अभिबृद्धि लगायत सामाजिक सुरक्षा तथा संरक्षण कार्यमा महत्वपूर्ण भूमिका रहेको छ ।

**(ज) स्वास्थ्य तथा जनसंख्या मन्त्रालय**

यस मन्त्रालयले विभिन्नस्तरका अस्पताल तथा स्वास्थ्य केन्द्र/उपकेन्द्रहरू मार्फत मानव बेचबिखन तथा ओसारपसार लगायत लैङ्गिक हिंसाबाट पीडित प्रभावितहरूको स्वास्थ्य परीक्षण शारीरिक तथा मानसिक स्वास्थ्य उपचार सेवा प्रदान गर्दछ ।

**(झ) कानून, न्याय, संविधान सभा तथा संसदीय व्यवस्था मन्त्रालय**

यस मन्त्रालयले सम्बन्धित मन्त्रालयको अनुरोधमा मानव बेचबिखन तथा ओसारपसार लगायत लैङ्गिक हिंसा सम्बन्धी विधेयकहरूको मस्यौदा परिमार्जन लगायत विभिन्न कानुनी विषयहरूमा राय परामर्श प्रदान गर्दछ ।

२.६.३ **न्यायपालिका**

**अदालतहरू**

नागरिकहरूको संविधान प्रदत्त मौलिक हकहरूको संरक्षण, मानव अधिकारको पूर्ण वहाली र कानूनी शासनको सम्वर्द्धन गर्नुका साथै अपराधीहरूलाई दण्ड सजाय तोकी पीतिहरूका लागि न्याय दिलाउन विभिन्न तहमा अदालतहरू गठन भएका छन् । मानव बेचबिखन तथा ओसारपसारको कसूरमा प्रहरीमा दर्ता भई न्याय निरोपणका लागि सरकारी न्यायाधिवक्ता मार्फत दायर भएका मुद्दाहरूमा निर्णय गर्ने शुरूका अदालत जिल्ला अदालत हुन भने सो माथिका सुनुवाइ गर्ने अदालतहरू पुनरावेदन अदालत र सर्वोच्च अदालत हुन् । यसका साथै सर्वोच्च अदालतले विभिन्न रिट निवेदनहरूको सुनुवाई गर्ने क्रममा मानव बेचबिखन तथा ओसारपसार जस्तो जघण्य अपराध नियन्त्रण गरी पीडित/प्रभावितहरूको संरक्षण गर्न विभिन्न निर्देशनात्मक आदेशहरू जारी गर्ने गरिएको छ भने जिल्ला अदालत तहबाट समेत कसूरदारहरू माथि हदै सम्मको सजाय तोक्ने, निरन्तर सुनुवाईको मान्यतालाई व्यवहारमा उतार्ने र पीडितहरूलाई तत्काल क्षतिपूर्ति दिलाउने निर्णयहरू समेत गरी उदाहरणीय कार्य गर्दै आइरहेको छ ।

२.६.४.**संबैधानिक तथा अन्य आयोगहरू**

**(क) महान्यायाधिवक्ताको कार्यालय**

नेपाल सरकारको कानूनी सल्लाहकारकारूपमा महान्यायाधिवक्ता संवैधानिक नियुक्तिको पद हो । महान्याधिवक्ताको कार्यालयले सरकावादी हुने विभिन्न मुद्दाहरूमा अभियोजन, वहस पैरवी तथा प्रतिरक्षाको काम गर्दछ । यस कार्यालय अन्तर्गत १६ वटा पुनरावेदन सरकारी वकील कार्यालय तथा ७५ जिल्लामा जिल्ला सरकारी वकील कार्यालय स्थापना भएका छन् ।

**(ख) राष्ट्रिय मानवअधिकार आयोग**

मानवअधिकारको सम्मान, संरक्षण र सम्वर्द्धन तथा त्यसको प्रभावकारी कार्यान्वयनलाई सुनिश्चित गर्नको लागि संवैधानिक निकायका रूपमा राष्ट्रिय मानवअधिकार आयोगको गठन भएको छ । यस आयोगले महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयसँगको सहकार्यमा महिला तथा बालबालिका बेचविखनविरूद्ध

विशेष समाधिक्षकको कार्यालय स्थापना गरेको छ । यस कार्यालयले महिला तथा बालबालिकाको बेचविखन सम्बन्धमा अवधारणगत स्पष्टता ल्याउने, बेचविखनका घटनाहरूको अनुगमन गर्ने, बेचविखन रोक्नका लागि राष्ट्रिय, क्षेत्रीय र अन्तर्राष्ट्रिय प्रयासहरूको समन्वय गर्ने, महिला तथा बालबालिकाहरूको मानवअधिकार सुदृढ गर्नका लागि उच्चस्तरिय प्रतिवद्धता सृजना गर्ने जस्ता उद्देश्यहरू राखी कार्य गर्ने गरेको छ । यसले सन् २००५ देखि मानव बेचविखन सम्बन्धी राष्ट्रिय प्रतिवेदन तयार गर्ने गरेको छ ।

(ग) **राष्ट्रिय महिला आयोग**

महिला हक र हितको संरक्षण र सम्बर्द्धन गरी विकासको मूल प्रवाहमा महिलालाई प्रभावकारी रूपमा समाहित गर्ने र महिलाको समग्र विकास गरी लैङ्गिक न्याय कायम गर्नका लागि राष्ट्रिय महिला आयोगको गठन भएको छ । यस आयोगले महिला तथा बालिकाको बेचविखन तथा ओसारपसार लगायतका लैङ्गिक हिंसाका घटनाहरूको अनुगमन गर्ने र सम्बन्धित निकायलाई कारवाहीको लागि सुझाव दिने कार्य गर्दछ ।

परिच्छेद -३

# प्रतिवेदन अवधिमा सम्पन्न भएका कार्यक्रमहरू : सरकारी क्षेत्र

नेपाल सरकारले मानव बेचबिखन तथा ओसारपसारको समस्यालाई एक गम्भीर चुनौतीको रूपमा लिई यसलाई नियन्त्रण गर्न सम्बन्धित मन्त्रालय तथा निकायहरू मार्फत विभिन्न क्रियाकलापहरू सम्पादन गरिरहेको छ । ती क्रियाकलापहरूलाई यस प्रतिवेदनमा मुख्यतः मानव बेचविखन विशेष गरी महिला तथा बालबालिकाहरूको बेचविखन तथा ओसारपसार विरूद्धको राष्ट्रिय कार्ययोजना, २०६८ मा उल्लेख गरिएका ५ वटा प्राथमिकता क्षेत्रहरू अन्तर्गत विभाजन गरी समेट्ने प्रयास गरिएको छ ।

## ३.१ प्राथमिकता क्षेत्र : निरोध

### ३.१.१ महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय र अन्तर्गत

(क) मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण राष्ट्रिय समितिको सचिवालय  सो सचिवालयले आ.व. २०६९/०७० र आ.व. २०७०/०७१ को अघिल्लो ६ महिनामा सम्पन्न गरेका मुख्य मुख्य क्रियाकलापहरू देहाय अनुसार छन् :

१. मानव बेचबिखन बिशेष गरी महिला तथा बालबालिका बेचबिखन तथा ओसारपसार बिरूद्धको राष्ट्रिय कार्ययोजना, २०६८ को प्रभावकारी कार्यान्वयनका लागि कार्यान्वयन कार्ययोजनाको मस्यौदा तयार भएको  छ ।

> *महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयले मानव बेचबिखन बिशेष गरी महिला तथा बालबालिका बेचबिखन तथा ओसारपसार बिरूद्धको राष्ट्रिय कार्ययोजना, २०६८ को प्रभावकारी कार्यान्वयनका लागी कार्यान्वयन कार्ययोजना (Implementation Plan) निर्माण कार्यलाई प्राथमिकतामा राखेको छ ।*

२. नेपाल सरकारको तर्फबाट पहिलो पटक A Report on Anti-Human Trafficking Initiatives led by Goverment of Nepal तयार गरी प्रकाशनमा ल्याएको छ । यस प्रतिवेदनले आ.व. २०६८।०६९ र २०६९ श्रावण १ देखि पौष मसान्त सम्ममा सम्पन्न भएका क्रियाकलापहरूलाई समेटेको छ ।

३. महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयले मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका सम्बन्धमा तयार गरेका नीतिगत, कानूनी तथा कार्यक्रमगत दस्तावेजहरू व्यापकरूपमा सम्प्रेषण गर्ने क्रममा सरोकारवालाहरू (गैर सरकारी संस्थाहरू, अन्य सरकारी निकायहरू, व्यक्तिगत रूपमा मन्त्रालयमा आउने सेवाग्रहीहरू, विद्यार्थीहरू)ले माग गरेको समयमा उपलब्ध गराएको छ ।

४. आ.व. २०६९/७० मा मानव बेचबिखन विरूद्धको छैठौं राष्ट्रिय दिवसको अवसरमा महिला,

बालबालिका तथा समाज कल्याण मन्त्रालयद्वारा विभिन्न संस्था तथा व्यक्तिहरूलाई सम्मान तथा पुरस्कृत गर्ने क्रममा देहायका व्यक्ति तथा संस्थाहरूलाई  सम्मानपत्र प्रदान गरियो :

**संस्थाहरू**

- NNAGT -National Network Against Girl Trafficking
- AATWIN - महिला तथा वालबालिका बेचबिखन बिरुद्ध सहकर्मी समुह नेपाल

**व्यक्तिहरू**

- श्री उषा शाह, महिला विकास अधिकृत, महिला तथा बालबालिका कार्यालय, रूपन्देही
- श्री ध्रुव दंगाल, नागरिक दैनिक
- श्री लक्ष्मी वस्नेत, सामुदायिक रेडियो प्रशारक संघ, चाकुपाट, ललितपुर

५. आ.व. २०७०/७१ मा मानव बेचबिखन विरूद्धको सातौं राष्ट्रिय दिवसको अवसरमा महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयद्वारा विभिन्न संस्था तथा व्यक्तिहरूलाई सम्मान तथा पुरस्कृत गर्ने क्रममा देहायका व्यक्तितथा संस्थाहरूलाई रू १०,००० सहित सम्मानपत्र प्रदान गरियो :

**संस्थाहरू**

१ नेपाल प्रहरी महिला तथा बालबालिका सेवा निर्देशनालय, नक्साल

२ शक्ति समूह, काठमाण्डौं

**व्यक्तिहरू**

- श्री शोभाशाह, महिला विकास अधिकृत, महिला तथा बालबालिका कार्यालय, बाँके
- श्री कमलापन्थी, कान्तिपुर एफ.एम.
- श्री रामकला खड्का, अन्नपुर्ण पोष्ट_

६. मुक्त कमलरी सशक्तिकरण कार्यक्रम अन्तर्गत उनीहरूको क्षमता विकास सम्बन्धी कृयाकलापहरू सञ्चालन गर्नका लागि मध्यपश्चिमाञ्चल र सुदुरपश्चिमाञ्चलका ६ वटा जिल्लाहरू (दाङ्ग, सुर्खेत, बाँके, बर्दिया, कैलाली र कन्चनपुर) का ३६० जना मुक्त कमलरीहरूलाई लक्षित गरी यस आ.व.०७०।०७१ मा रू.३० लाखको हाराहारीमा महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयले बजेट विनियोजन गरेको छ ।

७. डान्सबार, डान्स रेष्टुरेण्ट, क्याविन रेष्टुरेण्ट, दोहारी साँझ एवं मसाज पार्लरहरूमा काम गर्ने महिला कामदारहरूलाई कार्यस्थलमा गरिने यौन उत्पीडनका घटनाहरूलाई नियन्त्रण गर्ने सम्बन्धमा कुनै कानूनको निर्माण नभएको तथा कार्यस्थलमा कार्यरत श्रमजीवि महिला तथा अन्य कामदारहरूलाई मर्यादित तथा आत्मसम्मानपूर्वक सुरक्षित वातावरणमा काम गर्न सक्ने वातावरण सृजना गर्न वाञ्छनीय भएकोले संसदले ऐन नबनाएसम्म लागू हुने गरी सर्वोच्च अदालतले “श्रमजीवि महिलाहरूप्रति डान्स रेष्टुरेण्ट, डान्स बार जस्ता कार्यस्थलमा हुने यौन उत्पीडन नियन्त्रण गर्ने निर्देशिका २०६५” बनाई जारी गरी २०६५ पौष १ गतेबाट नेपालभर लागू भएकोमा प्रमुख

जिल्ला अधिकारीको अध्यक्षतामा जिल्ला प्रहरी कार्यालयका प्रमुख तथा महिला विकास अधिकृत सदस्य रहने गरी जिल्ला अनुगमन एवं कारवाही समिति गठन भई संस्थागत रूपमा अनुगमन कार्य भईरहेको छ । सो अनुगमन गर्ने सिलसिलामा ठमेलको पर्यटन व्यवसायी संघले तयार पारेको आचारसंहिताको पालना भए नभएको समेत अनुगमन गर्ने गरिएको छ ।

८. बालबालिकाको अधिकारको प्रभावकारी ढंगले प्रत्याभूति दिलाउन बाल बचाउ, बाल विकास, बाल संरक्षण र बाल सहभागीताको प्रवर्द्धन, सम्बर्द्धन र कार्यान्वयन  लगायतका विषयहरूलाई सम्बोधन गर्नका लागि  बालबालिका सम्बन्धी राष्ट्रिय नीति, २०६९ कार्यान्वयनमा ल्याएको छ । यस नीतिले सरकारी निकाय, स्थानीय निकाय, अभिभावक, शिक्षक र राष्ट्रिय तथा अन्तर र्राष्ट्रिय गैरसरकारी संस्थाहरूको समन्वयात्मक र सहकार्यमा सबै वर्ग र समुदायका बालबालिकाले बालअधिकारको पूर्ण उपभोग गर्दै सक्षम र योग्य नागरिकको रूपमा व्यक्तित्व विकास गर्न सक्ने वातावरणको सिर्जना गर्ने दीर्घकालिन लक्ष्य राखेको छ ।

९. मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण सम्बन्धी राष्ट्रिय समितिको बैठक आवश्यकता अनुसार बस्ने गरेको छ । यस अवधिमा जम्मा ७ पटक बैठकहरू बसेको छ । मिति २०७०।१०।०४ मा बसेको बैठकले गरेको प्रमुख निर्णयहरू निम्नानुसार रहेका छन् ।

- मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) नियमावली, २०६५ को नियम ७ (ख) बमोजिम मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण स्थानीयस्तरमा समितिहरू गठन गरी परिचाल गर्ने व्यवस्था भएकोमा सिन्धुपाल्चोक, बाँके तथा रूपन्देही जिल्लाहरूमा गा.वि.स. स्तरमा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण समितिहरू गठन भई कार्य गर्दै आएको हुँदा उक्त स्थानीयस्तरको समिति अन्य जिल्लाहरूमा पनि गठन गरी परिचालन गर्दै लैजान तथा समितिको संरचना र कार्यक्षेत्रमा एकरूपता ल्याउन मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण स्थानीय (गा.वि.स.) समितिको संरचना, काम, कर्तव्य र अधिकार निर्देशिका, २०७० लाई स्वीकृत गरी मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समितिहरूमा पठाइएको ।  यस समितिका सदस्यहरू, काम, कर्तव्य र अधिकार, कार्यविधि लगायत अन्य व्यवस्थाहरूको लागि विस्तृत रूपमा अनुसुची १ मा हेर्नुहोला ।
- सर्वोच्च अदालतको २०७० साल (रिट नं. ००४६) वैशाख १९ गतेको निर्देशनात्मक आदेश अनुरूप मानव बेचविखन तथा ओसारपसार ऐन नियम पुनरावलोकन तथा परिमार्जन कार्य अघि बढाउन कानून कारवाही उप-समितिलाई जिम्मेवारी दिएको छ । साथै कानुन आयोगवाट साक्षीको सुरक्षा सम्बन्धी कानूनको मस्यौदा भैरहेको हुँदा मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी विषयलाई पनि सम्बोधन गर्नको लागि समन्वय गर्न पनि सोही उप-समितिलाई जिम्मेवारी प्रदान गर्ने गरी उक्त उप-समितिमा निम्न लिखित पदाधिकारीहरूलाई आमन्त्रित सदस्यका रूपमा थप गरिएको छ ः

✓ उप-सचिव कानून, न्याय, संविधानसभा तथा संसदीय व्यवस्था मन्त्रालय

✓ उप-सचिव कानुन तथा फैसला कार्यान्वयन शाखा, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय

- ✓ उप-सचिव मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण राष्ट्रिय समितिको सचिवालय
- ✓ जिल्लामा रहेको जिल्ला समितिको अध्यक्ष प्रमुख जिल्ला अधिकारी रहनु भएको र उहाँको कार्यव्यस्ततालाई ध्यानमा राख्दै जिल्ला समितिलाई अझ बढी प्रभावकारी बनाउन रूपन्देही, बाँके, पर्सा, कैलालीमा जिल्ला न्यायधिवक्ताको संयोजकत्वमा गठन गरीएको उप-समितिलाई अनुमोदन गरीयो । अन्य जिल्लामा पनि मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण सम्बन्धी कार्यलाई प्रभावकारी बनाउन आवश्यकता अनुरूप उप-समिति गठन गर्नको लागि प्रस्तावित मार्गदर्शनलाई आधार बनाइ जिल्ला समितिले जिल्लाको अवश्यकता र अवस्था हेरी संयोजक अन्य कुनै जिल्ला समिति सदस्यलाई समेत चयन गर्न सक्ने गरी ४-५ जना सदस्य रहेको उप-समितिको गठन गर्न सकिने गरी निर्देशन ७५ जिल्लामा पठाइएको । उप समितिको काम, कर्तव्य र अधिकार, कार्यविधि लगायत अन्य व्यवस्थाहरूको लागि अनुसुची २ मा हेर्नुहोला ।

(ख) **महिला तथा बालबालिका विभाग र अन्तर्गत महिला तथा बालबालिका कार्यालय**

१. यस प्रतिवेदन अवधिको आ.व. २०६९/०७० मा महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय मातहत महिला तथा बालबालिका विभागले ७५ जिल्लाका महिला तथा बालबालिका कार्यालयहरू मार्फत सञ्चालन गरेको महिला विकास कार्यक्रम ३,६३६ गा.वि.स.हरूमा पुगेको छ । साथै यो कार्यक्रम चालू आ.व. २०७०/०७१ मा थप १३६ गा.वि.स.हरूमा विस्तार गर्ने लक्ष्य रहेको छ । महिला विकास कार्यक्रमले आर्थिक रूपमा अति विपन्न र सामाजिक रूपमा पछाडी परेका महिलाहरूलाई समेटी सशक्तिकरणका लागि सामाजिक परिचालन गर्ने गरेको छ । सो कार्यक्रममा संलग्न भएका महिलाहरूलाई लैङ्गिक समानता, समविकास, नेतृत्व विकास, सीप अभिवृद्धिका साथै मानव बेचविखन तथा ओसारपसार नियन्त्रण लगायत लैङ्गिक हिंसा नियन्त्रण सम्बन्धी अभिमूखीकरण तालिम प्रदान गरिएको थियो । ती तालिमहरूको विवरण निम्नानुसार रहेका छन् :

- आ.व. २०६९।०७० मा महिला तथा बालबालिका कार्यालयहरूबाट प्रवर्द्धित महिला समूहहरूमा आवद्ध ३२,६२३ जना नयाँ सदस्यहरूलाई अनुशिक्षण प्रदान गर्ने क्रममा सञ्चालित गा.वि.स स्तरिय तीन दिने तालिम कार्यक्रममा एक सत्र मानव बेचबिखन सम्बन्धी तथा एक सत्र लैङ्गिक हिंसा नियन्त्रण सम्बन्धी विषय समावेश गरी अभिमूखीकरण गरिएको ।
- आ.व. २०६९।०७० मा महिला तथा बालबालिका कार्यालयहरूले प्रवर्द्धन गरेको महिला समूहहरूमा आवद्ध भएका ५,६७३ जनालाई महिलाहरूलाई प्रदान गरेको सात दिने आधारभूत कार्यक्रममा एक सत्र मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण सम्बन्धी र दुई सत्र लैङ्गिक हिंसा नियन्त्रण सम्बन्धी विषय समावेश गरी अभिमूखीकरण गरिएको ।
- आ.व. २०६९।०७० मा पहिले गठन भएका महिला समूहहरूमा आवद्ध महिलाहरूलाई लक्षित गरी महिला तथा बालबालिका कार्यालयहरूले प्रदान गरेको जिल्लास्तरीय पाँच दिने नेतृत्व विकास तालिम कार्यक्रमका २,०१४ जना सहभागी महिलाहरूलाई एक सत्र मानव बेचबिखन

तथा ओसारपसार नियन्त्रण सम्बन्धी र एक सत्र लैङ्गिक हिंसा नियन्त्रण सम्बन्धी विषयमा अभिमूखीकरण गरिएको ।

- आ.व.२०७०।०७१ मा महिला तथा बालबालिका कार्यालयहरूबाट प्रबर्द्धित महिला संस्थाहरूमा आबद्ध १५,००२ जना नयाँ सदस्यहरूलाई अनुशिक्षण प्रदान गर्ने क्रममा सञ्चालित गा.वि.स स्तरीय तीन दिने तालिम कार्यक्रममा एक सत्र मानव बेचबिखन सम्बन्धी तथा एक सत्र लैङ्गिक हिंसा नियन्त्रण सम्बन्धी विषय समावेश गरी अभिमूखीकरण गरिएको ।
- आ.व.२०७०।०७१ मा महिला तथा बालबालिका कार्यालयहरूले प्रवर्द्धन गरेको महिला समूहहरूमा आवद्ध भएका १६७७ जनालाई महिलाहरूलाई प्रदान गरेको सात दिने आधारभूत कार्यक्रममा एक सत्र मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण सम्बन्धी र दुई सत्र लैङ्गिक हिंसा नियन्त्रण सम्बन्धी विषय समावेश गरी अभिमूखीकरण गरिएको ।
- आ.व.२०७०।०७१ मा पहिले गठन भएका महिला समूहहरूमा आवद्ध महिलाहरूलाई लक्षित गरी महिला तथा बालबालिका कार्यालयहरूले प्रदान गरेको जिल्लास्तरीय पाँच दिने नेतृत्व विकास तालिम कार्यक्रमका १५० जना सहभागी महिलाहरूलाई एक सत्र मानव बेचबिखन तथा ओसार पसार नियन्त्रण सम्बन्धी र एक सत्र लैङ्गिक हिंसा नियन्त्रण सम्बन्धी विषयमा अभिमूखीकरण गरिएको ।
- आ.व.२०७०।०७१ मा पचहत्तरै जिल्लाका मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समितिहरू मार्फत सरकारी तथा गैरसरकारी समेत गरी ४,७१३ जना सरोकारवालाहरू (मानव बेचविखन तथा ओसारपसार नियन्त्रण सम्बन्धी जिल्ला समितिका सदस्यहरू, अधिकारकर्मी, महिला समूहका सदस्यहरू, महिला सहकारी संस्थाहरू, स्थानीय गैर सरकारी संस्थाहरू)लाई केन्द्रीत गरी मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण सम्बन्धमा सचेतना कार्यक्रम सञ्चालन गरिएको ।

२. विभिन्न जिल्लाका महिला तथा बालबालिका कार्यालयहरू मार्फत विद्यालय विमुख किशोरीहरूको बहुआयामिक विकासका लागि लक्षित गरी विभिन्न कार्यक्रमहरू सञ्चालन भइरहेका छन् । सो अन्तर्गत किशोरीका अभिभावकहरूका लागि अभिमूखीकरण लगायत किशोरीहरूको समूह गठन गरी अन्तरसमूह  अनुभव आदानप्रदान, अन्तरक्रिया आदि कार्यक्रमहरू पनि सञ्चालन भइरहेका छन् । यस कार्यक्रमहरूले पनि मानव बेचविखन तथा ओसारपसार न्यूनीकरणमा टेवा पुऱ्याएको छ ।

३. पचहत्तरै जिल्लाका महिला तथा बालबालिका कार्यालयहरू मार्फत लैङ्गिक हिंसा निवारणका लागि महिला संस्थाहरूको लागि एकिकृत विकास कार्यक्रम कार्यान्वयन भइरहेको छ । सो कार्यक्रमको मुख्य लक्ष्य लैङ्गिक हिंसा नियन्त्रण भएको हुँदा मानव बेचविखन तथा ओसारपसार लगायतका लैङ्गिक हिंसाका सवालहरूलाई प्राथमिकतामा राखी समुदायस्तरमा निगरानी समूहहरू गठन गर्ने कार्य भइरहेको छ। यस कार्यक्रम अन्तर्गत चालु आ.व. २०७०/०७१ मा २८७४ वटा समूहहरू गठन गर्ने लक्ष्य सहित कार्य भइरहेको छ ।

४. मानव बेचविखन तथा ओसारपसार (नियन्त्रण) ऐन २०६४ बमोजिम जिल्लाहरूमा गठन भएका

मानव बेचविखन तथा ओसारपसार नियन्त्रण जिल्ला समितिलाई महिला तथा बालबालिका विभाग मार्फत जिल्ला हेरी रू. ५७,०००। र रू.४२,०००। अनुदान उपलब्ध गराउदै आएको छ। सो विनियोजित रकमबाट मुख्यतया ३ वटा क्रियाकलापहरूमा खर्च गर्ने गरिन्छ : (क) जिल्ला समितिहरूको बैठक, (ख) मानव बेचविखन तथा ओसारपसार विरूद्धमा सचेतना कार्यक्रम, (ग) मानव बेचविखन तथा ओसारपसारमा परेका पीडित र प्रभावितहरूको उद्धार । यस प्रतिवेदन अवधिमा जिल्लास्थित महिला तथा बालबालिका कार्यालयहरूले सम्बन्धित जिल्लाका मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समितिहरूको अगुवाई, समन्वय र सहयोगमा समेत विभिन्न निरोधात्मक र संरक्षणात्मक कार्यक्रमहरू सञ्चालन गरेका छन् । जिल्लाहरूबाट प्राप्त विवरणलाई तालिका १ मा संक्षेपमा प्रस्तुत गरिएको छ ।

५. रेडियो नेपाल र नेपाल टेलिभिजन मार्फत मानव बेचबिखन तथा लैगिंक हिसां सम्वन्धि सचेतनामूलक कार्यक्रम प्रशारण गरिएको छ ।

**तालिका १**

*मानव बेचबिखन तथा ओसारपसार विरूद्ध महिला तथा बालबालिका कार्यालयहरूबाट जिल्लामा सञ्चालन भएका कार्यक्रमहरूको विवरण*

| क्र.सं | जिल्ला | कार्यक्रम | संख्या | खर्च | हाल कोषमा रहेको रकम |
|---|---|---|---|---|---|
| | ताप्लेजुङ | • आ.व.०६९।७० मा मानव बेचबिखन तथा ओसारपसार विरूद्ध दुई स्थानमा होर्डिङ बोर्ड स्थापना<br>• रेडियोबाट मानव बेचबिखन तथा ओसारपसार विरूद्ध सचेतना कार्यक्रम प्रसारण<br>• घुम्ति शिविरमा भेला भएका सर्वसाधारणलाई मानव बेचबिखन तथा ओसारपसार विरूद्ध सचेतना कार्यक्रमको प्रचार प्रसार<br>• मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समितिको बैठक सञ्चालन | करिव ५०० जना<br>३ पटक | ३३,०००। | ९०००। |
| | पाँचथर | • मानव बेचबिखन तथा ओसारपसार विरूद्ध विद्युतिय माध्यम (एफ.एम.) बाट जिंगल बजाएको<br>• मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समितिको बैठक सञ्चालन | एफ.एम.का स्रोता<br>३ पटक | ३३,०००। | १८,०००। |
| | इलाम | • एक दिवसीय सचेतना कार्यक्रम<br>• मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समितिको बैठक सञ्चालन<br>• माइती नेपाललाई अनुदान | ७२ जना<br>३ पटक<br>२ पटक | ३३,०००। | ३६,०००। |
| | झापा | • होर्डिङ्ग बोर्ड निर्माण<br>• मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समितिको बैठक सञ्चालन | २ वटा<br>३ पटक | ३३,०००। | ६९,०००। |

| | | | | | |
|---|---|---|---|---|---|
| | मोरङ | • मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समितिको बैठक सञ्चालन<br>• राहत कोष<br>• रिफ्लेक्ट छपाई | ३ पटक<br>२००० थान | ३३,०००। | ८८,०००। |
| | सुनसरी | • आ.व.०६९।७० मा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणकोबारेमा सचेतना कार्यक्रम सञ्चालन<br>• मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समितिको बैठक सञ्चालन | ४७ जना<br>३ पटक | ३३,०००। | २२७२००। |
| | धनकुटा | • आ.व.०६९।७०मा मानव बेचबिखन तथा ओसारपसार विरूद्ध सचेतना कार्यक्रम सञ्चालन<br>• ०७०।७१ मा मानव बेचबिखन तथा ओसारपसार विरूद्ध रेडियोबाट नाटक प्रसारण<br>• मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समितिको बैठक सञ्चालन | २५ जना<br>३ पटक | ३३,०००।<br>१५,०००। | ७२,०००। |
| | तेऱ्हथुम | • आ.व.०६९।०७० मा स्थानीय एफ.एम.वाट मानव बेचबिखन तथा ओसारपसार विरूद्ध सचेतना कार्यक्रम सञ्चालन<br>• होर्डिङ वोर्ड स्थपना<br>• मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समितिको बैठक सञ्चालन | ३ पटक | ३३,०००। | ६७,२००। |
| | संखुवासभा | • आ.व.०६९।०७० मा मानव बेचबिखन तथा ओसारपसार विरूद्ध सचेतना कार्यक्रम<br>• ०७०।७१ मा मानव बेचबिखन तथा ओसारपसार विरूद्ध सचेतना कार्यक्रम<br>• मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समितिको बैठक सञ्चालन | ४१ जना<br>५० जना<br>३ पटक | ३३,०००।<br>१५,०००। | १८,०००। |
| | भोजपुर | • आ.व. ०६९।०७० मा मानव बेचबिखन तथा ओसारपसार विरूद्ध रेडियोबाट सचेतना कार्यक्रम प्रसारण र फ्लेक्स छपाएर वितरण<br>• आ.व. ०७०।०७१ मा मानव बेचबिखन तथा ओसारपसार विरूद्ध रेडियोबाट सचेतना कार्यक्रम प्रसारण र फ्लेक्स छपाएर वितरण<br>• मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समितिको बैठक सञ्चालन | २५ गा.वि.स.<br>२५ गा.वि.स.<br>३ पटक | ३३,०००।<br>१५,०००। | ४३,०००। |
| | सोलुखुम्बु | • आ.व. ०६९।०७० मा मानव बेचबिखन तथा ओसारपसार विरूद्ध सचेतना कार्यक्रम<br>• ०७०।७१ मा मानव बेचबिखन तथा ओसारपसार विरूद्ध -याली कार्यक्रम सञ्चालन<br>• मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समितिको बैठक सञ्चालन | ८० जना<br>३ पटक | ३३,०००। | ९,०००। |

| | | | | | |
|---|---|---|---|---|---|
| | ओखलढुङ्गा | • मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समितिको बैठक सञ्चालन<br>• आ.व. ०६९।०७० मा मानव बेचबिखन तथा ओसारपसार विरूद्ध सचेतना कार्यक्रम | ३ पटक<br>५० जना | ३३,०००। | १९,०००। |
| | खोटाङ | • आ.व. ०६९।०७० मा मानव बेचबिखन तथा ओसारपसार विरूद्ध सचेतनाको लागि होर्डिङ्ग बोर्ड निर्माण र स्थापना<br>• मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समितिको बैठक सञ्चालन | २ स्थानमा<br>३ पटक | ३३,०००। | ६०,०००। |
| | उदयपुर | • आ.व. ०६९।०७० मा मानव बेचबिखन तथा ओसारपसार विरूद्ध ल्फेक्स प्रिन्ट वनाई गा.वि.स. हरूमा वितरण गरेको<br>• मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समितिको बैठक सञ्चालन | २० गा.वि.स.मा<br>३ पटक | ३३,०००। | १,३९,०००। |
| | सप्तरी | • सचेतनाका लागि अन्तरक्रिया<br>• मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समितिको बैठक सञ्चालन | १०० जना<br>३ पटक | ३३,०००। | ९१,२००। |
| | सिराहा | • सचेतना कार्यक्रम तथा र्‍याली<br>• मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समितिको बैठक सञ्चालन | ७०० जना<br>३ पटक | ३३,०००। | ९१,२००। |
| | धनुषा | • मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समितिको बैठक सञ्चालन<br>• आ.व. ०६९।०७० मा मानव बेचबिखन तथा ओसारपसार विरूद्ध सचेतना कार्यक्रम | ३ पटक<br>४७ जना | ३३,०००। | ९,०००। |
| | महोत्तरी | • आ.व. ०६९।०७० मा मानव बेचबिखन तथा ओसारपसार विरूद्ध विद्यालयमा जनचेतना कार्यक्रम सञ्चालन<br>• मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समितिको बैठक सञ्चालन | ४० जना<br>३ पटक | ३३,०००। | १,९९,०००। |
| | सर्लाही | • ३ वटा गा.वि.स.मा मानव बेचबिखन तथा ओसारपसार विरूद्ध सचेतना कार्यक्रम, -याली<br>• मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समितिको बैठक सञ्चालन | ३०० जना<br>३ पटक | ३३,०००। | ७२,०००। |
| | सिन्धुली | • आ.व. ०६९।०७० मा मानव बेचबिखन तथा ओसारपसार विरूद्ध रेडियो कार्यक्रम<br>• अन्तरक्रिया कार्यक्रम<br>• ब्रोसर छपाई<br>• भिडियो प्रदर्शन<br>• र्‍याली<br>• मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समितिको बैठक सञ्चालन | ३० जना<br>३ पटक | ३३,०००। | १,५४,०००। |
| | रामेछाप | • अन्तर्रक्रिया कार्यक्रम<br>• मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समितिको बैठक सञ्चालन | ४५ जना<br>३ पटक | ३३,०००। | १,६९,२००। |

| | | | | | |
|---|---|---|---|---|---|
| | दोलखा | • आ.व. ०६९।०७० मा विद्यालयका ८ कक्षा देखि १० कक्षा सम्मका विद्यार्थीहरूलाई मानव बेचबिखन तथा ओसारपसार विरूद्ध एक दिने सचेतना कार्यक्रम सञ्चालन<br>• मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समितिको बैठक सञ्चालन | ७५ जना<br>३ पटक | ३३,०००। | ७८,०००। |
| | सिन्धुपाल्चोक | • मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समितिको बैठक सञ्चालन<br>• आ.व. ०६९।०७० मा विद्यालयका ८ कक्षा देखि १० कक्षा सम्मका विद्यार्थीहरूलाई मानव बेचबिखन तथा ओसारपसार विरूद्ध १ दिने सचेतना कार्यक्रम सञ्चालन | ३ पटक<br>७५ जना | ३३,०००। | ८९६००। |
| | काभ्रे | • सचेतनामूलक कार्यक्रम<br>• मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समितिको बैठक सञ्चालन | ७५ जना<br>३ पटक | ३३,०००। | १,५४,६००। |
| | ललितपुर | • मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समितिको बैठक सञ्चालन<br>• सचेतनामूलक कार्यक्रम | ३ पटक<br>६५ जना | ३३,०००। | २,३७,०००। |
| | भक्तपुर | • सचेतनामूलक गोष्ठी, अन्तरक्रिया, छलफल<br>• मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समितिको बैठक सञ्चालन | २३ जना<br>३ पटक | ३३,००० | ७२,०००। |
| | काठमाण्डौं | • मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समिति र सरोकारवाला संघसंस्थाहरू बीच अन्तरक्रिया कार्यक्रम<br>• मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समितिको बैठक सञ्चालन | २६ जना<br>३ पटक | ३३,००० | १,५४,६००। |
| | नुवाकोट | • सचेतना कार्यक्रम<br>• मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समितिको बैठक सञ्चालन | २२५ जना<br>३ पटक | ३३,०००। | ७७,०००। |
| | रसुवा | • आ.व. ०६९।०७० मा मानव बेचबिखन तथा ओसारपसार विरूद्ध सचेतना कार्यक्रम<br>• आ.व.०७०।०७१ मा मानव बेचबिखन तथा ओसारपसार विरूद्ध सरोकारवालाबीच अन्तरक्रिया कार्यक्रम<br>• मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समितिको बैठक सञ्चालन | ३३ जना<br>३ पटक | ३३,०००।<br>१५,००० | १,६६,८५०। |
| | धादिङ | • सचेतना कार्यक्रम<br>• मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समितिको बैठक सञ्चालन | १०३<br>३ पटक | ३३,०००। | ४८,०००। |
| | मकवानपुर | • होर्डिङ्ग बोर्ड निर्माण तथा स्थापना<br>• मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समितिको बैठक सञ्चालन | ३ पटक | ३७,००० | ४,९६,५५०। |
| | रौतहट | • आ.व. ०६९।०७० मा मानव बेचबिखन तथा ओसारपसार विरूद्ध सचेतना कार्यक्रम<br>• मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समितिको बैठक सञ्चालन | ८७ जना<br>३ पटक | ३३,०००। | १,५१,०००। |

| | | | | | |
|---|---|---|---|---|---|
| | वारा | • आ.व. ०६९।०७० मा मानव बेचबिखन तथा ओसारपसार विरूद्ध सचेतना कार्यक्रम<br>• मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समितिको बैठक सञ्चालन | ८३ जना<br>३ पटक | ३३,०००। | १,३३,०००। |
| | पर्सा | • मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समितिको बैठक सञ्चालन<br>• आ.व. ०६९।०७० मा मानव बेचबिखन तथा ओसारपसार विरूद्ध सचेतना कार्यक्रम | ३ पटक | ३३,०००। | १,४४,५२०। |
| | चितवन | • मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समितिको बैठक सञ्चालन | ३ पटक | ३३,०००। | ८७,६००। |
| | गोरखा | • मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समितिको बैठक सञ्चालन | ३ पटक | ३३,०००। | ४८,०००। |
| | लमजुङ | • आ.व. ०६९।०७० मा मानव बेचबिखन तथा ओसारपसार विरूद्ध सचेतना कार्यक्रम<br>• मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समितिको बैठक सञ्चालन | २७ जना<br>३ पटक | ३३,०००। | ९,०००। |
| | तनहु | • सचेतनामूलक कार्यक्रम सञ्चालन<br>• मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समितिको बैठक सञ्चालन | १०५ जना्<br>३ पटक | ३३,०००। | ६९६००। |
| | स्याङ्गजा | • होर्डिङ्ग बोर्ड निर्माण तथा स्थापना<br>• मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समितिको बैठक सञ्चालन<br>• तीज गीत प्रतियोगिता<br>• गाविस सचिवहरूलाई एक दिने अन्तरक्रिया | ३ पटक<br>१५० जना<br>४५ जना | ३३,०००। | |
| | कास्की | • आ.व. ०६९।०७० मा सुरक्षित वैदेशिक रोजगार विषयक एक दिने सचेतना कार्यक्रम सञ्चालन<br>• मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समितिको बैठक सञ्चालन | ३० जना<br>३ पटक | ३३,०००। | २,२६,४३६। |
| | मनाङ्ग | • प्रकाश ज्योति उच्च मा.वि., थोचे र लोकप्रिय उच्च मा.वि., चामेमा सचेतना कक्षा सञ्चालन<br>• धारापानी र हुम्डेमा होर्डिङ्गबोर्ड निर्माण र स्थापना<br>• मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समितिको बैठक सञ्चालन | १११ जना<br>३ पटक | ३३,००० | २५,६५०। |
| | मुस्ताङ्ग | • आ.व. ०६९।०७० मा सुरक्षित वैदेशिक रोजगार विषयक एक दिने सचेतना कार्यक्रम सञ्चालन<br>• मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समितिको बैठक सञ्चालन | ३० जना<br>३ पटक | ३३,०००। | ९०००। |
| | म्याग्दी | • एफ.एम.हरूबाट तीन महिनासम्म सन्देशमूलक नाटक प्रसारण, दाना गा.वि.स.मा सडक नाटक प्रस्तुत<br>• मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समितिको बैठक सञ्चालन | | ३३,०००। | २४,०००। |

| | | | | | |
|---|---|---|---|---|---|
| | पर्वत | • मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समितिको बैठक सञ्चालन<br>• आ.व. ०६९।०७० मा मानव बेचबिखन तथा ओसारपसार विरूद्ध सचेतना कार्यक्रम | ३ पटक<br>३२ जना | ३३,०००। | ९०००। |
| | बाग्लुङ्ग | • आ.व. ०६९।०७० मा सुरक्षित वैदेशिक रोजगार विषयक १ दिने सचेतना कार्यक्रम सञ्चालन<br>• मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समितिको बैठक सञ्चालन | ३० जना<br>३ पटक | ३३,०००। | १,३३,०००। |
| | गुल्मी | • मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समितिको बैठक सञ्चालन<br>• आ.व. ०६९।०७० मा सुरक्षित वैदेशिक रोजगार विषयक १ दिने सचेतना कार्यक्रम सञ्चालन | ३ पटक<br>३० जना | ३३,०००। | २७,०००। |
| | पाल्पा | • आ.व. ०६९।०७० मा मानव बेचबिखन तथा ओसारपसार विरूद्ध विभिन्न गा.वि.स.मा अन्तरक्रिया कार्यक्रम<br>• आ.व.०७०।०७१ मा मानव बेचबिखन तथा ओसारपसार विरूद्ध सरोकारवालाबीच अन्तरक्रिया कार्यक्रम<br>• मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समितिको बैठक सञ्चालन | १३५ जना<br>४० जना<br>३ पटक | ३३,०००।<br>१५,००० | २७,०००। |
| | नवलपरासी | • सचेतना कार्यक्रम<br>• मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समितिको बैठक सञ्चालन | १५० जना<br>३ पटक | २१,०००। | १३०६००। |
| | रूपन्देही | • मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समितिको बैठक सञ्चालन<br>• सचेतना कार्यक्रम | ३ पटक<br>४० जना | ३३,०००। | कोषमा रकम नभएको |
| | कपिलवस्तु | • सचेतनाका लागि अन्तरक्रिया कार्यक्रम<br>• मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समितिको बैठक सञ्चालन | ३० जना<br>३ पटक | ३३,०००। | ४०,३००। |
| | अर्घाखाँची | • होर्डिङ्ग बोर्ड र भित्ते लेखन<br>• मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समितिको बैठक सञ्चालन<br>• पीडित तथा प्रभावितहरूको उद्धारका लागि पुनर्स्थापना कोष | ३ पटक<br>१जना | ३३,८५०। | १७१५०। |
| | प्युठान | • मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समितिको बैठक सञ्चालन<br>• आ.व. ०६९।०७० मा मानव बेचबिखन तथा ओसारपसार विरूद्ध विभिन्न गा.वि.स.मा अन्तरक्रिया कार्यक्रम | ३ पटक<br>५६ जना | ३३,०००। | १०,५०००। |

| | | | | | |
|---|---|---|---|---|---|
| | रोल्पा | • आ.व. ०६९।०७० मा स्थानिय एफ.एम. मार्फत मानव बेचबिखन तथा ओसारपसार विरूद्ध सचेतना कार्यक्रम सञ्चालन<br>• आ.व. ०६९।०७० मा विद्यालयका ८ कक्षा देखि १० कक्षा सम्मका विद्यार्थीहरूलाई मानव बेचबिखन तथा ओसारपसार विरूद्ध सचेतना कार्यक्रम सञ्चालन<br>• आ.व. ०६९।०७० मा गा.वि.स. सचिवहरूलाई मानव बेचबिखन तथा ओसारपसार विरूद्ध सचेतना कार्यक्रम सञ्चालन<br>• मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समितिको बैठक सञ्चालन | रेडियो स्रोता सबै<br>१०० जना विद्यार्थीहरू<br>५१ जना<br>३ पटक | ३३,०००।<br>१५,०००। | २७,०००। |
| | रूकुम | • आ.व. ०६९।०७० मा मानव बेचबिखन तथा ओसारपसार विरूद्ध विभिन्न गा.वि.स.मा अन्तर्क्रिया कार्यक्रम सञ्चालन<br>• मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समितिको बैठक सञ्चालन | ७५ जना<br>३ पटक | ३३,०००। | ४६,०००। |
| | सल्यान | • मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समितिको बैठक सञ्चालन<br>• सचेतनामूलक रेडियो कार्यक्रम र होर्डिङ्गबोर्ड निर्माण<br>• जोखिम समूहको उद्धार तथा राहत<br>• मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समितिको बैठक सञ्चालन | ५१ जना<br>३ पटक | ३३,०००। | २७,०००। |
| | दाङ | • मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समितिको बैठक सञ्चालन<br>• सचेतनामूलक रेडियो कार्यक्रम र होर्डिङ्गबोर्ड निर्माण | ३ पटक | ३३,०००। | २,०८०९९।३१ |
| | बाँके | • मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समितिको बैठक सञ्चालन<br>• सूचनामूलक पम्प्लेट छपाई र वितरण | ३ पटक<br>४६ गाविस र १ नपा | ३३,०००। | २७,०००। |
| | बर्दिया | • मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समितिको बैठक सञ्चालन<br>• महिला सदस्यहरूलाई मानव बेचबिखन तथा ओसारपसार विरूद्ध ऐन र नियमावली सम्वन्धी सचेतना कार्यक्रम सचालन | ३ पटक<br>३२ जना | ३३,०००। | २७,०००। |
| | सुर्खेत | • मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समितिको बैठक सञ्चालन<br>• महिला सदस्यहरूलाई मानव बेचबिखन तथा ओसारपसार विरूद्ध ऐन र नियमावली सम्वन्धी सचेतना कार्यक्रम सचालन | ३ पटक<br>४७ जना | ३३,०००। | २७,०००। |
| | दैलेख | • जोखिममा परेका समूहका किशोरीहरूलाई राहत<br>• मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समितिको बैठक सञ्चालन | ५ जना<br>३ पटक | ३३,०००। | ५८,०००। |
| | जाजरकोट | • महिला सदस्यहरूलाई मानव बेचबिखन तथा ओसारपसार विरूद्ध ऐन र नियमावली सम्वन्धी सचेतना कार्यक्रम सञ्चालन<br>• मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समितिको बैठक सञ्चालन | ७२ जना<br>३ पटक | ३३,०००। | २४,०००। |

| | | | | | |
|---|---|---|---|---|---|
| | डोल्पा | • आ.व.०६९।०७० मा मानव बेचबिखन तथा ओसारपसार विरूद्ध रेडियो कार्यक्रमबाट जिंगल प्रसारण<br>• मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समितिको बैठक सञ्चालन | ३ पटक | ३३,०००। | ९०००। |
| | जुम्ला | • मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समितिको बैठक सञ्चालन<br>• महिला सदस्यहरूलाई मानव बेचबिखन तथा ओसारपसार विरूद्ध ऐन र नियमावली सम्बन्धी सचेतना कार्यक्रम सचालन | ३ पटक<br>३३ जना | ३३,०००। | २४,०००। |
| | कालिकोट | • मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समितिको बैठक सञ्चालन<br>• महिला सदस्यहरूलाई मानव बेचबिखन तथा ओसारपसार विरूद्ध ऐन र नियमावली सम्वन्धी सचेतना कार्यक्रम सचालन | ३ पटक<br>२७ जना | ३३,०००। | |
| | मुगु | • आ.व.०६९।०७० मा मानव बेचबिखन तथा ओसारपसार विरूद्ध रेडियो कार्यक्रम सञ्चालन<br>• आ.व.०७०।०७१ मा मानव बेचबिखन तथा ओसारपसार विरूद्ध महिला सदस्यहरूलाइ अन्तरक्रिया कार्यक्रम सञ्चालन<br>• मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समितिको बैठक सञ्चालन | ३ पटक | ३३,०००।<br>१५,०००। | १८,०००। |
| | हुम्ला | • मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समितिको बैठक सञ्चालन<br>• महिला सदस्यहरूलाई मानव बेचबिखन तथा ओसारपसार विरूद्ध ऐन र नियमावली सम्वन्धी सचेतना कार्यक्रम सचालन | ३ पटक | ३३,०००। | २३०००। |
| | बाजुरा | • आ.व.०७०।०७१ मा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समितिको बैठक<br>• आ.व.०६९।०७० मा मानव बेचबिखन तथा ओसारपसार विरूद्ध रेडियो कार्यक्रम सञ्चालन | ३ पटक<br>२३ जना सहभागी | ३३,०००। | ४१,०००। |
| | बझाङ | • मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समितिको बैठक सञ्चालन<br>• महिला सदस्यहरूलाई मानव बेचबिखन तथा ओसारपसार विरूद्ध ऐन र नियमावली सम्वन्धी सचेतना कार्यक्रम सचालन | ३ पटक<br>३४ जना | | १८,०००। |
| | अछाम | • आ.व.०६९।०७० मा मानव बेचबिखन तथा ओसारपसार विरूद्ध महिला सदस्यहरूलाइ अन्तरक्रिया कार्यक्रम सञ्चालन<br>• आ.व.०७०।०७१ मा मानव बेचबिखन तथा ओसारपसार विरूद्ध महिला सदस्यहरूलाइ अन्तरक्रिया कार्यक्रम सञ्चालन<br>• मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समितिको बैठक सञ्चाल | २८ जना<br>३३ जना<br>३ पटक | ३३,०००।<br>१५,०००। | ३४,०००। |
| | डोटी | • मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समितिको बैठक सञ्चालन<br>• महिला सदस्यहरूलाई मानव बेचबिखन तथा ओसारपसार विरूद्ध ऐन र नियमावली सम्वन्धी सचेतना कार्यक्रम सचालन | ३ पटक<br>३४ जना | ३३,०००। | २७,०००। |

| | | | | | |
|---|---|---|---|---|---|
| | कैलाली | ● मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समितिको बैठक सञ्चालन<br>● रेडियो कार्यक्रम<br>● मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समितिको बैठक सञ्चालन | ३ पटक | ३२,००० | ४८०००। |
| | कञ्चनपुर | ● गाडी चालक र अन्य कर्मचारीहरूलाई मानव बेचबिखन तथा ओसार पसार विरूद्ध सचेतना कार्यक्रम सञ्चालन<br>● मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समितिको बैठक सञ्चालन | ३० जना<br>३ पटक | ३३,०००। | ९८,०००। |
| | डडेल्धुरा | ● मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समितिको बैठक सञ्चालन<br>● एफ.एम.बाट सचेतनामूलक सन्देश प्रसारण<br>● भित्ते लेखन | ३ पटक | ३३,००० | ९,०००। |
| | बैतडी | ● किशोरी र महिला सदस्यहरूलाई मानव बेचबिखन तथा ओसारपसार विरूद्ध अन्तक्रिया कार्यक्रम सञ्चालन<br>● मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समितिको बैठक सञ्चालन | ७२ जना<br>३ पटक | ३३,०००। | ९,०००। |
| | दार्चुला | ● आ.व.०६९।०७० मा मानव बेचबिखन तथा ओसारपसार विरूद्ध प्रचार प्रसारका लागि ब्रोसियर छपाई र होर्डिङ वोर्ड स्थापना<br>● मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समितिको बैठक सञ्चालन | ३ पटक | ३३,०००। | ७,०००। |

*श्रोत : महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय ।*

**(घ) केन्द्रीय बाल कल्याण समिति**

बालबालिका अधिकार सम्बन्धी महासन्धि १९८९ तथा बालबालिका सम्बन्धी ऐन २०४८ तथा नियमावली २०५१ अनुसार बाल बचाउ, बाल संरक्षण, बाल सहभागिता र बाल विकास सम्बन्धी विभिन्न कार्यक्रम सञ्चालन गर्न नेपाल सरकार केन्द्रीय बाल कल्याण समिति तथा पचहत्तरै जिल्लाहरूमा बाल कल्याण समितिहरूको गठन गरेको छ। तदनुसार मन्त्रालयले बालअधिकार संरक्षण तथा सम्बर्द्धन कार्यक्रम (कार्यान्वयन) निर्देशिका, २०६५ जारी गरी बाल कल्याण समितिहरू मार्फत ७५ वटै जिल्लामा बालअधिकारको प्रवर्द्धन र संरक्षणको लागि विभिन्न संरचनाहरू गठन गरेको छ । यसै सन्दर्भमा १४८१ वटा गाविसहरू तथा २३ वटा नगरपालिकाहरूमा गाउँ/नगर बालसंरक्षण तथा सम्बर्द्धन उपसमितिहरू गठन भएका छन् । उपरोक्त नगरपालिकाका ४१ वडाहरूमा वडास्तरिय वडा बालसंरक्षण तथा सम्बर्द्धन उपसमितिहरू गठन भएको पाइन्छ।

यस प्रतिवेदन अवधिमा ७५ वटै जिल्लाहरूमा विकास साझेदार संस्थाहरूको सहयोगमा बालअधिकार अधिकृतहरूको व्यवस्था भएको छ । जिल्लास्थित बालकल्याण समितिको मातहतमा रही जिल्लाका बालबालिकाहरूको अधिकार संरक्षण, सम्बर्द्धन, राहत तथा उद्धार कार्यमा आवश्यक सहयोग पुर्‍याउन बालअधिकार अधिकृतहरूको भूमिका महत्वपूर्ण रहेको छ ।

बाल सहभागिता अभिवृद्धिका साथै बालअधिकारको प्रवर्द्धन तथा संरक्षण गर्ने उद्देश्यले बालबालिकाहरूकै सहभागितामा गाउँगाउँमा बालक्लबहरू गठन भएका छन् । ती क्लबहरूले भयरहित वातावरणमा शिक्षा पाउने अधिकार, अभिभावक चेतना, जन्म दर्ता, विद्यालय भर्ना लगायत बाल विवाह उन्मूलन, बाल श्रम न्यूनीकरण तथा बालबालिकाहरूको बेचविखन तथा ओसारपसार विरूद्धमा चेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिरहेका छन् । यस प्रकार आ.व. २०६९/०७० सम्ममा ७३ जिल्लामा १७,८६४ बालक्लब गठन भएका छन् । ती क्लबहरूमा १,८८,५८३ (४६.७ %) बालिका र २,१४,९७० (५३.३%) बालक गरी ४,०३,५५३ जना बालबालिकाहरू आवद्ध भएको देखिन्छ ।

बालमैत्री वातावरणमा बालअधिकार उन्लङ्घनका घटनाहरूलाई तत्काल सम्बोधन गर्न महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयबाट बाल हेल्पलाइन सञ्चालन कार्यविधि २०६४ जारी गरी सरकारले निशुल्क फोन नं. १०९८ उपलब्ध गराएको छ । हाल नेपाल सरकारको सहयोगमा बालअधिकारको क्षेत्रमा कार्यरत विभिन्न गैह्रसरकारी संस्थाहरूले १४ जिल्लाहरूमा बाल हेल्पलाइन सञ्चालन गरिरहेका छन् (तालिका २) । आ.व. २०६९/०७० मा यी हेल्पलाइनहरूमा घरबाट भागेका वा हराएका र मानव बेचबिखन तथा ओसारपसारका जोखिममा रहेका जम्मा १,५७८ बालबालिकाहरूले सेवा प्राप्त गरेको देखिन्छ ।

**तालिका २**

*बाल हेल्पलाइन सञ्चालन भएका जिल्लाहरू र सञ्चालन गर्ने संस्थाहरू*

| क्र.सं. | सञ्चालन गर्ने संस्था | जिल्ला |
|---|---|---|
| १. | सिविन नेपाल | काठमाडौ, मोरङ्ग, मकवानपुर, बाँके, कास्की |
| २. | आवाज नेपाल | बर्दिया, सुर्खेत, दैलेख |
| ३. | दियालो परिवार | चितवन |
| ४. | तराई विकास मञ्च | रूपन्देही |
| ५. | नेस्पेक | उदयपुर |
| ६. | सहज नेपाल | कपिलवस्तु |
| ७ | लक्ष्मी नारायण पुस्तकालय | लम्जुङ्ग |
| ८. | राडार नेपाल | दाङ्ग |

*श्रोत : केन्द्रीय बाल कल्याण समिति*

यस्तै गरी बालबालिका खोजतलाश समन्वय केन्द्रका अनुसार आ.व. २०६९/०७० मा नेपालमा कुल १,४५३ जना (७८२ बालिका र ६७१ बालक) हराएका मध्ये ८२३ जना बालबालिका फेला परेको छ भने बाँकी ६३० (४२८ बालिका र २०२ बालक) जनाको खोजतलास जारी रहेको छ । सो सम्बन्धी विवरण तालिका ३ मा दिइएको छ ।

**तालिका ३**

*हराएको र फेला परेका बालबालिकाहरूको अवस्था*

| विकास क्षेत्र | | हराएका | | | हराएका मध्ये फेला परेका | | | खोजतलास जारी | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | बालिका | बालक | जम्मा | बालिका | बालक | जम्मा | बालिका | बालक | जम्मा |
| पूर्वाञ्चल | | ६३ | २६ | ८९ | – | १ | १ | ६३ | २५ | ८८ |
| मध्यमाञ्चल | उपत्यका | ३३२ | ४७२ | ८०४ | २९७ | ४३३ | ७३० | ३५ | ३९ | ७४ |
| | उपत्यका बाहेक | १९९ | १०० | २९९ | ३१ | १४ | ४५ | १६९ | ८६ | २५५ |
| पश्चिमाञ्चल | | १८३ | ५७ | २४० | ३८ | ९ | ४७ | १४५ | ४७ | १९२ |
| मध्यपश्चिमाञ्चल | | ४ | १५ | १९ | – | – | – | १५ | ४ | १९ |
| सुदुरपश्चिमाञ्चल | | १ | १ | २ | – | – | – | १ | १ | २ |
| जम्मा | | ७८२ | ६७१ | १४५३ | ३६६ | ४५७ | ८२३ | ४२८ | २०२ | ६३० |

*स्रोत : बालबालिका खोजतलाश समन्वय केन्द्र, २०७०*

### ३.१.२ श्रम तथा रोजगार मन्त्रालय र अन्तर्गत

वैदेशिक रोजगारलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउन, श्रम तथा रोजगार मन्त्रालय, वैदेशिक रोजगार विभाग र वैदेशिक रोजगार प्रवर्द्धन बोर्ड कार्यरत रही आएको छ। माथी उल्लेख गरिए अनुसार यस मन्त्रालयले वैदेशिक रोजगार नीति २०६८ निर्माण गरेको छ। यसका अतिरिक्त वैदेशिक रोजगारको क्रममा हुन सक्ने मानव बेचविखन तथा ओसारपसारलाई नियन्त्रण गर्न विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आइरहेको छ।

यस मन्त्रालयद्वारा वैदेशिक रोजगारमा संलग्न हुनेहरूका लागि दुई दिने अभिमूखीकरण तालिमको मापदण्ड स्वीकृत गरी पाठ्यक्रम समेत निर्माण गरिएको छ । यसप्रकारका अभिमूखीकरण तालिम बैदेशिक रोजगार विभागबाट अनुमति प्राप्त गरी निजी क्षेत्रका तालिम दिने संस्थाहरूबाट सञ्चालन भइरहेको छ । हाल ४९ वटा निजी क्षेत्रका तालिम दिने संस्थाहरूले (स्रोत : वैदेशिक रोजगार विभाग) यसप्रकारको अनुमति प्राप्त गरिसकेका छन् ।

वैदेशिक रोजगार विभागलाई क्षेत्रीयस्तरसम्म विस्तार गर्नका लागि यस आ.व. २०७०/०७१ को वार्षिक बजेटमा बजेट विनियोजन गरिएको छ।

श्रम तथा रोजगार मन्त्रालय अन्तर्गत सुरक्षित बैदैशिक रोजगार सम्बन्धमा बैदेशिक रोजगार प्रबर्द्धन बोर्ड र UNWOMEN, HELVETAS Intercooperation Nepal लगायतका विकासका साझेदारहरू समेतको सहयोगमा सचेतनाका कार्यक्रमहरू सञ्चालन भइरहेका छन् । यसै क्रममा मन्त्रालय र HELVETAS को सहकार्यमा खोटाङ्ग र सर्लाही जिल्लामा सूचना केन्द्र सञ्चालन लगायत अन्य सचेतनामूलक कार्यक्रमहरू सञ्चालन हुँदै आएका छन् । यो कार्यक्रमलाई थप १५ वटा जिल्लाहरूमा विस्तार गर्ने सम्झौता भएको छ।

वैदेशिक रोजगारमा जानेहरूले वैदेशिक रोजगार विभागबाट श्रम स्वीकृती लिई अभिलेखवद्ध भई जानु पर्ने प्रावधान अनुसार २०६७/६८ देखि २०७० पौष मसान्त सम्मको तथ्याङ्क निम्न तालिकामा प्रस्तुत गरिएको छ । यस तालिका अनुसार अभिलेखवद्ध भई वैदेशिक रोजगारीमा जाने महिला कामदारहरूको संख्या क्रमिक बढिरहेको पाइन्छ । यस सम्बन्धी विवरण तालिका ४ मा प्रस्तुत गरिएको छ।

**तालिका ४**

*श्रम स्वीकृती लिई वैदेशिक रोजगारमा जानेहरूको संख्या*

| आ.व. | महिला | पुरूष | जम्मा | महिला (%) | पुरूष (%) |
|---|---|---|---|---|---|
| २०६७/६८ | १०,४१६ | ३,४४,३०० | ३,५४,७१६ | २.९४ | ९७.०६ |
| २०६८/६९ | २२,९५८ | ३,६१,७०७ | ३,८४,६६५ | ५.९७ | ९४.०३ |
| २०६९/७० | २४,७१२ | ५,८४,८२५ | ६,०९,५३७ | ६.११ | ९३.८९ |
| २०७० श्रावण देखि पौष मसान्त सम्म | ६,५४१ | १,७७,२१४ | १,८३,७५५ | ३.५६ | ९६.४४ |

*स्रोत : वैदेशिक रोजगार विभाग, २०७०*

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा रहेको श्रम डेस्कबाट वैदेशिक रोजगारीका लागि जाने कामदार हरूलाई आवश्यक सहयोग गर्ने कार्य निरन्तर भइरहेको छ। यस विभागबाट त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा प्रस्थान तथा आगमन कक्षमा बैदैशिक रोजगारमा जाने नेपाली महिला तथा पुरूषहरूलाई सुरक्षित बैदेशिक रोजगार सम्बन्धमा सूचना प्रवाहका लागि बैदेशिक रोजगार प्रबर्द्धन बोर्ड तथा गैरसरकारी संस्थाहरू समेतको सहयोगमा सहायता डेस्क सञ्चालन गरिएको छ।

खाडीका मुलुकहरूमा घरेलु कामदारका रूपमा जाने महिलाहरूका लागि २१ दिने तालिम दिने व्यवस्था गरिएको छ। सो तालिम सम्बन्धी कार्यविधि, तालिम दिने संस्था सञ्चालन सम्बन्धी कार्यविधि एवं संस्थाका मापदण्डहरू तय भएका छन्। आ.व. २०६९/७० मा करिव ३४०० महिलाहरूले तालिम लिई बैदेशिक रोजगारमा गएको देखिन्छ।

वैदेशिक रोजगार विभागमा आउने सेवाग्राहीहरूको चापलाई ध्यानमा राख्दै कार्यालय समयावधि थप गरिएको छ। जस अनुसार बिहान सात बजे देखि बेलुका सात बजे सम्मका साथै सार्वजनिक विदाका दिनमा समेत सेवा प्रदान गर्न कार्यालय खुल्ला राख्ने गरिएको छ।

वैदेशिक रोजगार प्रवर्द्धन बोर्डले वैदेशिक रोजगारलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउनका लागि रेडियो नेपाल लगायत विभिन्न संचार माध्यमबाट जानकारी संम्प्रेषण, सचेतनामूलक कार्यक्रमहरू गर्दै आइरहेको छ। बोर्डले वैदेशिक रोजगार विशेषतः घरेलु काममा संलग्न महिलाहरूका लागि २१ दिने तालिमको व्यवस्था गरेको छ। यसले घरेलु कामका लागि विदेश जाने महिलाहरूलाई कामको क्रममा हुने समस्यालाई न्यूनीकरण गर्ने उद्देश्य राखेको छ। यस पाठ्यक्रमले घरेलु काम सम्बन्धी विभिन्न मुलुकका रोजगारदाताहरूको अपेक्षा, विश्व श्रम बजारमा घरेलु कामको प्रकृति र जिम्मेवारी, घरायसी काममा प्रयोग हुने आधुनिक उपकरण, बोलीचालीमा प्रयोग हुने सामान्य शब्दावलिहरू (अंग्रेजी र अरेबी), कामदारको व्यवहार परिवर्तन र संचार सीप, पाकनकला र सरसफाई, गन्तव्य देशको धर्म, संस्कृति र व्यवहार, कार्यस्थलमा स्वास्थ्य र सुरक्षा, सुरक्षित आप्रवासनका प्रक्रिया, कामदारले गर्न हुने नहुने कामहरू आदि समावेश रहेका छन्।

साथै बोर्डले सामाजिक परिचालकहरूका लागि "सुरक्षित वैदेशिक रोजगारका लागि जानकारी पुस्तिका २०७०" तयार गरी प्रकाशन गरेको छ। जसमा मानव बेचविखन, यौन शोषण, अनिच्छित काम र जबर जस्ती श्रमबारेमा सर्वसाधारणलाई जानकारी गराउने विषय समेत समेटिएको छ। वैदेशिक रोजगारमा जाने व्यक्तिहरूलाई लक्षित गरी गन्तव्य मुलुकको भाषा, संस्कृति, चालचलन तथा सुरक्षित आप्रवासन सम्बन्धी पूर्व

प्रस्थान अभिमूखीकरण तालिम अनिवार्य लिनु पर्ने व्यवस्था निरन्तर छ। महिलाको हकमा अभिमुखीकरण लिदाँ तिरेको रकम वैदेशिक रोजगार प्रवर्द्धन बोर्ड मार्फत फिर्ता दिने व्यवस्था छ।

### ३.१.३ संघीय मामला तथा स्थानीय विकास मन्त्रालय र अन्तर्गत

स्थानीय स्वायत्त शासन ऐन, २०५५ बमोजिम स्थानीय तहमा सुशासन अभिवृद्धि गर्ने उद्देश्य अनुरूप स्थानीय शासन प्रकृयामा बालकबालिकाको अधिकार सम्बन्धी सवाललाई मूल प्रवाहीकरण गर्दै बालमैत्री स्थानीय शासनको संस्थागत विकास गर्न नेपाल सरकार संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको संयोजनमा बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति २०६८ र बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधी २०६८ तयार पारिएको छ। यसै बमोजिम यो प्रतिवेदन अवधिमा ६३ जिल्लाका ५०० गाविस र ३३ नगरपालिकाहरूमा बालमैत्री स्थानीय शासन कार्यान्वयन भइरहेको छ।

### ३.१.४ शिक्षा मन्त्रालय र अन्तर्गत

मानव बेचविखन तथा ओसारपसार नियन्त्रण र वैदेशिक रोजगारका विषयमा औपचारिक शिक्षाको माध्यमबाट सचेतना अभिवृद्धि गर्ने उद्देश्यले नेपाल सरकार शिक्षा मन्त्रालय, शिक्षा विभागले विद्यालयको पाठ् यक्रममा समावेश गर्ने कार्यक्रम अन्तर्गत २०६४ साल देखि निरन्तर कक्षा १० को सामाजिक अध्ययनको एकाई ४ सामाजिक समस्या र समाधान अन्तर्गत पाठ १ मा चेलीबेटी बेचविखन र देहव्यापारकोबारेमा र एकाई ८ आर्थिक कृयाकलाप अन्तर्गत पाठ ६ मा वैदेशिक रोजगार तथा पाठ ७ मा वैदेशिक रोजगारका चुनौती र सम्भावनाकाबारेमा उल्लेख गरिएको छ। त्यस्तै कक्षा ६ मा २०७० वैशाख १ गतेबाट सामाजिक अध्ययनको पाठ्यक्रमको एकाई ३ को पाठ २ सामाजिक समस्यामा समावेश गरिएको छ। यसैगरी २०७१ वैशाख १ गतेबाट लागू हुने गरी कक्षा ७ को सामाजिक अध्ययनको एकाई ३ सामाजिक समस्या र समाधानको पाठ ३ मा समावेश गरेको छ।

### ३.१.५ स्वास्थ्य मन्त्रालय र अन्तर्गत

यस मन्त्रालयले थापाथली स्थित प्रसुती गृह एवं पाँचथर, सुनसरी, सप्तरी, सोलुखुम्बु, सर्लाही, काभ्रेपलाञ्चोक, मकवानपुर, तनहुँ, नवलपरासी, बाग्लुङ्ग, दाङ्ग, जुम्ला, बर्दिया, डोटी तथा कञ्चनपुर लगायतका १५ जिल्लाका जिल्ला अस्पतालहरूमा एकद्वार संकट व्यस्थापन केन्द्र सञ्चालनमा ल्याएको छ।

## ३.२.प्राथमिकता क्षेत्र : संरक्षण

### ३.२.१ उद्धार तथा स्वदेश फिर्ती

**(क) छिमेकी मुलुक भारतबाट उद्धारका लागि पहल**

छिमेकी मुलुक भारतका ठुला शहर लगायत विभिन्न स्थानहरूमा बेचबिखन तथा ओसारपसारमा परेका नेपाली महिला तथा बालबालिकाहरूको उद्धार तथा स्वदेश फिर्तीका लागि आ.व. २०६५/०६६

देखि निरन्तररूपमा नेपाल सरकार महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयले दिल्लीस्थित नेपाली राजदूतावासलाई प्रत्येक वर्ष रकम उपलब्ध गराउँदै आएको छ । यसरी उपलब्ध भएको रकमबाट सो राजदूतावासले मानव बेचबिखन तथा ओसारपसारबाट पीडित भएका महिला तथा बालबालिकाहरूलाई सरोकारवालाहरूको सहयोगमा भारतीय भूमिबाट उद्धार गरी नेपाल फिर्ता पठाउने कार्य हुँदै आइरहेको छ। नयाँ दिल्लास्थित नेपाली राजदुतावास र कोलकातास्थित नेपाली महावाणिज्यदूतवासलाई पठाइएको रकमको विवरण तालिका ५ मा दिइए बमोजिम छ। पठाइएको रकमबाट महावाणिज्यदूतले चालू आर्थिक वर्षमा २०७० पौष मसान्तसम्म जम्मा २५ जनालाई सेवा प्रदान गरेको देखिन्छ।

## प्रभावितहरूका लागि अदालतमा उपस्थित हुन सहयोग

पश्चिम बंगालको हल्दीया, पूर्व मिदिनापुरस्थित *Child Welfare Committee (CWC)* समेतको विशेष पहलमा बेचविखनमा परेका १५ जना नेपाली बालिकाहरूलाई ४ अगस्ट २००८ मा हल्दियाको विभिन्न कोठीबाट उद्धार गरी कोलकाताको नरेन्द्रपुरस्थित *Sanlap Home* मा आश्रय प्रदान गरिएको र सोही *CWC*, पूर्व मिदिनापूर को मिति २२ अप्रिल २०१० को निर्णय (The Consulate General of Nepal will bring the said victims on the basis of order of the Competnet Court of the case or for the other better purposes) अनुसार १० जुन २०१० मा यस महावाणिज्य दुतावासको सहयोगमा काठमाडौंस्थित *Nepalese Home* र शक्ति समूह नामक संस्थाहरूमा उनीहरूको पुनर्स्थापनाको लागि पठाइएको थियो। उनीहरूको नाममा पूर्व मिदिनापुरस्थित *Haldia Court* मा मुद्दा चलिरहेकोमा उनीहरू मध्ये उक्त अदालतको ३० सेप्टेम्बर को पत्रमा उल्लेख भएका ७ जना बालिकाहरूको गत नोभेम्बर २९, ३० र डिसेम्बर २, २०१३ का दिनहरूमा *Trial Case* भएकोले उनीहरूलाई उक्त कोर्टमा उपस्थित गराई दिन अनुरोध गर्दै उक्त कोर्टका *Additional Public Prosecutor* बाट अनुरोध भई आए अनुसार नेपालको संम्बन्धित संस्थाहरूबाट कोर्टको *Trial Case* मा उपस्थित हुनका लागि ५ जना महिलाहरूको बाटो खर्चको लागि महावाणिज्य दुतावासले आर्थिक सहयोग प्रदान गरेको थियो ।

मानव बेचबिखन तथा ओसारपसारबाट पीडित/प्रभावितहरूको हेरचाह तथा संरक्षणका लागि राष्ट्रिय न्यूनतम मापदण्डमा उल्लेख भए अनुसार विशेषगरी पीडित/प्रभावित बालबालिकाहरूका लागि स्वदेश फिर्ती प्रकृया (Repatriation Protocol) निर्माण गर्ने सन्दर्भमा यस अगाडी गैरसरकारी संस्थाहरूको प्रयासमा तयार भएको मस्यौदा मन्त्रालयमा प्राप्त भएकोमा यससम्बन्धी कारवाही अगाडी बढाएको छ ।

**तालिका ५**

*मानव बेचविखन पीडितहरूको उद्धारको लागि भारतस्थित नेपाली राजदुतावास तथा महावाणिज्य दुतलाई निकासा दिइएको रकमको विवरण*

| आ.व. | बजेट (ने.रू.) | रकम प्राप्त गर्ने निकाय |
|---|---|---|
| २०६५/२०६६ | १५०,०००/- | नयाँ दिल्लीस्थित नेपाली राजदुतावास |
| २०६६/२०६७ | ३५०,०००/- | नयाँ दिल्लीस्थित नेपाली राजदुतावास |
| २०६८/२०६९ | ५००,०००/- | नयाँ दिल्लीस्थित नेपाली राजदुतावास |
| २०६९/२०७० | ५००,०००/- | नयाँ दिल्लीस्थित नेपाली राजदुतावास |
| २०७०/२०७१ | ८००,०००/- | कोलकातास्थित नेपाली महावाणिज्य दुत |

*स्रोत : महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय*

## कोलकातामा फेला परेको बालिकालाई स्वदेश फिर्ता गर्ने पहल

विनिता भन्ने नेपाली साथीले कोलकाता निवासी एक व्यक्तिको घरमा काम गर्न भनी पठाइएकी अन्दाजी १६ वर्षकी रमा नेपाली (नाम परिवर्तन) भन्ने बालिका काम गर्दै आएको मालिकको घरबाट भागेर हिड्दा कोलकाताको प्रहरीले फेला पारी ६३ रती अहमद किडवाई रोड, कोलकाता ७०० ०१६ स्थित *CINI Urban Unit Home* मा आश्रय लिई बसेको कुरा जानकारी हुन आएकोमा निज बालिकालाई महावाणिज्य दुतावासका पदाधिकारी उक्त स्थानमा पुगी भेट गरी बालिकाको नेपालको झापा जिल्लामा घर भएको जानकारी पाई निज बालिकालाई नेपाल फिर्ता गर्न पहल गरिरहेको छ ।

**तेश्रो मुलुकबाट उद्धारका लागि प्रयास**

वैदेशिक रोजगारका सन्दर्भमा धेरैजसो नेपालीहरू जाने गरेका भारत बाहेकका अन्य मुलुकहरूमा नेपाल सरकारले वैदेशिक रोजगार प्रवर्द्धन बोर्ड मार्फत नेपालीहरूलाई कानुनी सेवा, सुरक्षित आवास, उद्धार लगायत आवश्यक सेवाहरू प्रदान गर्नका लागि रकम निकासा गर्ने गरेको छ । आ.व. २०६९/०७० मा बैदेशिक रोजगारको सिलसिलामा बेचबिखन तथा ठगीबाट पीडित तथा प्रभावित व्यक्तिहरूको उद्धारका लागि विभिन्न मुलुक स्थित नेपाली कुटनीतिक नियोगमा पठाइएको रकमको विवरण तालिका ६ मा प्रस्तुत गरिएको छ ।

यसका साथै वैदेशिक रोजगार प्रवर्द्धन बोर्डले सम्बन्धित देशहरूमा रहेका नेपाली राजदुतावासहरू मार्फत बैदेशिक रोजगारको सिलसिलामा बेचबिखनमा परेका विशेषतः महिलाहरूको उद्धार गरी स्वदेश फर्काउने क्रममा केही समयका लागि आवासीय सुविधा प्रदान गर्ने गरी खाडी मुलुकका साउदी अरब, कतार, संयुक्त अरब इमिरेट्स् र कुवेतमा सुरक्षित आवास गृहको प्रबन्ध मिलाएको छ ।

**तालिका ६**

भारत बाहेकका अन्य मुलुकका नेपाली राजदुतावासहरूलाई निकासा दिइएको रकमको विवरण

| क्र. सं. | मुलुक | शव झिकाउन | कानूनी उपचार | सवारी साधन खरिद | कामदार उद्धार | स्थानीय कर्मचारीको पारिश्रमिक | प्रवर्द्धनात्मक कार्यक्रम | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | संयुक्त अरव इमिरेट्स | २,३३,५४०.०० | | | | | | २,३३,५४०.०० |
| | सउदी अरेविया | २,४८,६००.०० | १५,००,०००.०० | ३५,००,०००.०० | ४,६२,८००.०० | | | ७८,११,४००.०० |
| | कतार | | | | | ५,६९,७६०.०० | | ५,६९,७६०.०० |
| | मलेशिया | | | | १,२५,०००.०० | | ११,१८,८०४.०० | १२,४३,८०४.०० |
| | दक्षिण कोरिया | ३०,९४,२४३.५० | | | | | | ३०,९४,२४३.५० |
| | कुवेत | | | ३०,००,०००.०० | | | | ३०,००,०००.०० |
| | इजिप्ट | | | | | | १,५९,१६०.०० | १,५९,१६०.०० |
| | पाकिस्तान | | | | | | ७,०८,०१२.४८ | ७,०८,०१२.४८ |
| | बंगलादेश | | | | | | ४,००,०००.०० | ४,००,०००.०० |
| | जम्मा | ३५,७६,३८३.५० | १५,००,०००.०० | ६५,००,०००.०० | ५,८७,८००.०० | ५,६९,७६०.०० | २३,८५,९७८.४८ | १,५१,१९,९२१.९८ |

*श्रोत :बैदेशिक रोजगार प्रबर्द्धन बोर्ड*

### ३.२.२ पुनर्स्थापना

मानव बेचविखन तथा ओसारपसार (नियन्त्रण) ऐन २०६४ को दफा १३ तथा नियमावली २०६५ को नियम १६ बमोजिम नेपाल सरकारले आवश्यकता अनुसार पुनर्स्थापना केन्द्र स्थापना गर्न सक्ने व्यवस्था भएकोमा आ.व. २०६५/०६६ देखि नै पुनर्स्थापना केन्द्रहरूको स्थापना भई निरन्तर सञ्चालन भइरहेका छन् । मन्त्रालयले हाल सम्म ८ वटा जिल्लाहरूमा पुनर्स्थापना केन्द्रहरू स्थापना गरी विभिन्न गैरसरकारी संस्थाहरूलाई व्यवस्थापन करारमा सञ्चालन गर्ने व्यवस्था मिलाएको छ । आ.व. २०६६/०६७ देखि २०७०/०७१ सम्म ती पुनर्स्थापना केन्द्र सञ्चालन गर्ने संस्थाहरूलाई दिइएको रकमको विवरण तालिका ७ मा देखाइएको छ ।

**तालिका ७**

*तालिका : पुनर्स्थापना केन्द्र र आ.व. अनुसार बजेट विनियोजनको*

विवरण

| क्र. सं. | पुनर्स्थापना केन्द्र | आ.व. २०६६।०६७ (ने.रू.) | आ.व. २०६७।०६८ (ने.रू.) | आ.व. २०६८।०६९ (ने.रू.) | आ.व. २०६९।०७० (ने.रू.) | आ.व. २०७०।०७१ (ने.रू.) |
|---|---|---|---|---|---|---|
| १. | एविसी नेपाल, काठमाडौं | १०,००,०००.०० | ५,००,०००.०० | १०,२७,०००.०० | | १५,००,०००.०० |
| २. | सिर्जनशील समाज, कैलाली | १०,००,०००.०० | ५,००,०००.०० | १७,९१,८७०.०० | | ५,००,०००.०० |
| ३. | साथी, बाँके | १०,००,०००.०० | | १६,९८,०००.०० | | |
| ४. | आदर्श नारी विकास केन्द्र, चितवन | १०,००,०००.०० | | ५,००,०००.०० | १०,००,०००.०० | |
| ५. | माइती नेपाल, झापा | १०,००,०००.०० | | १०,००,०००.०० | १०,००,०००.०० | |
| ६. | ग्रामिण महिला सिर्जनशील परिवार, सिन्धुपाल्चोक | १०,००,०००.०० | | १३,२५,६२२.०० | | |
| | शक्ति समूह, सिन्धुपाल्चोक | | | | | ७,१२,०००.०० |
| ७. | माइती नेपाल, पर्सा | १०,००,०००.०० | | ५,००,०००.०० | | |
| ८. | माइती नेपाल, रूपन्देही | १०,००,०००.०० | | १२,००,०००.०० | १०,००,०००.०० | |
| जम्मा | | ८०,००,०००.०० | १०,००,०००.०० | ९०,४२,४९२.०० | ३०,००,०००.०० | २७,१२,०००.०० |

*श्रोत : मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण राष्ट्रिय समितिको सचिवालय*

यसरी विनियोजन गरिएको रकमबाट सञ्चालित पुनर्स्थापना केन्द्रहरूबाट सेवा प्राप्त गर्ने मानव बेचविखन तथा ओसारपसारबाट पीडित तथा प्रभावितहरूको विवरण आ.व. र पुनर्स्थापना केन्द्रहरू अनुसार तलको तालिका ८ मा प्रस्तुत गरिएको छ ।

**तालिका ८**

*नेपाल सरकारको सहयोगमा सञ्चालित पुनर्स्थापना केन्द्रहरूबाट सेवा प्राप्त गर्नेहरूको विवरण*

| पुनर्स्थापन केन्द्र सञ्चालनको जिम्मेवारी पाएका संस्थाको नाम | जिल्ला | आ.व. २०६७/६८ | आ.व. २०६८/६९ | आ.व. २०६९/७० | आ.व.२०७०। ०७१ को पौष महिनामा सम्म | जम्मा संख्या |
|---|---|---|---|---|---|---|
| माइती नेपाल आवधिक गृह भैरहवा | रूपन्देही | १७७ | १९५ | २३३ | ८८ | ६९३ |
| ग्रामिण महिला सिर्जनशिल परिवार | सिन्धुपाल्चोक | | ६६ | १९ | ७ | ९२ |
| आदर्श नारी विकास केन्द्र | चितवन | १२ | ४३ | १०७ | ७५ | २३७ |
| ए.वि.सी. नेपाल | काठमाडौ | २५ | ६९ | ८ | ८ | ११० |
| साथी | बाँके | ५० | २५४ | २५४ | ५८ | ६१६ |
| माइती नेपाल शाखा कार्यालय | पर्सा | २८ | २४० | १७६ | १९ | ४६३ |
| सिर्जनशील समाज | कैलाली | ३० | ३२ | २६ | ८ | ९६ |
| माइती नेपाल शाखा कार्यालय | झापा | ११६ | ४१२ | ६३५ | ११० | १२७३ |
| जम्मा | | ४३८ | १३११ | १४५८ | ३७३ | ३५८० |

*श्रोत : मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण राष्ट्रिय समितिको सचिवालय*

माथिको तालिका अनुसार यस प्रतिवेदन अवधिमा उल्लेखित आठ वटा पुनर्स्थापना केन्द्रहरूबाट कुल १,८३१ जनाले सेवा प्राप्त गरेका छन् । यसरी सेवा प्राप्त गर्नेहरूको तथ्याङ्कलाई हेर्दा पुनर्स्थापना केन्द्रहरूबाट सेवा लिनेहरूको संख्या प्रत्येक वर्ष बढिरहेको देखिन्छ ।

मानव बेचविखन तथा ओसारपसार (नियन्त्रण) ऐनको दफा १४ अनुसार पुनर्स्थापना कोष स्थापना गर्न सक्ने व्यवस्था भएकोमा २०६५ साल देखि नै पुनर्स्थापना कोष स्थापना भई सञ्चालनमा रहेको छ । नेपाल सरकार अर्थ मन्त्रालयबाट सो कोषको लागि प्रत्येक वर्ष बजेट विनियोजन हुँदै आएको छ । आ.व. २०६९/०७० तथा आ.व.२०७०/०७१ मा एक एक करोड गरी दुई करोड रूपैयाँ विनियोजन भएको छ । सो कोषबाट विभिन्न आठ जिल्लामा स्थापना भएका पुनर्स्थापना केन्द्रहरूको व्यवस्थापन गरिएको छ । २०७० पौष मसान्त सम्म कोषबाट जिल्लाहरूलाई दिइएको रकम कटाई बाँकी रू. २ करोड ९५ लाख ७१ हजार ५ सय ५० मौज्दात रहेको छ ।

यसका साथै संरक्षण उपसमितिको बैठकले मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण राष्ट्रिय समितिलाई जिल्लामा रहेको मानव बेचबिखन विरूद्धको उद्धारकोषमा रहेको रकम परिचालन गर्ने सम्वन्धमा महिला तथा बालबालिका विभाग मार्फत उक्त उद्धार कोषमा रहेको रकम डान्सवार तथा रेष्टुरावाट उद्धार गरिएका महिला, किशोर तथा किशोरीहरूलाई घर सम्म पुग्न लाग्ने खर्चको व्यवस्था गर्न सक्ने विषयमा निर्णय हुन सुझाव पेश गरे बमोजिम राष्ट्रिय समितिले उद्धारकोषमा रहेको रकम परिचालन गर्ने व्यवस्था गर्न सक्ने भनी मिति २०७०।१०।१४ को बैठकले निर्णय गरेको छ ।

घरेलु हिंसा (कसुर र सजाय) ऐन, २०६६ को दफा ११ (१) अनुसार घरेलु हिंसाबाट पीडित भएका व्यक्तिहरूलाई तत्काल सुरक्षा प्रदान गर्न तथा उपचारको क्रममा अलग्गै बस्ने व्यवस्थाका लागि नेपाल सरकारले

आवश्यकता अनुसार सेवा केन्द्र स्थापना गर्ने व्यवस्था अनुसार महिला तथा बालबालिका विभागले सेवा केन्द्र सञ्जालको कार्यक्षेत्रगत शर्त निर्माण गरी विभिन्न १५ वटा जिल्लाहरूमा जिल्लास्तरको र ती जिल्लाका ८४ वटा स्थानहरूमा सामुदायिक सेवा केन्द्रहरू सञ्चालनमा ल्याएको छ। सो कार्यक्षेत्रगत शर्त अनुसार ती सेवाहरू विभिन्न महिला संस्थाहरूले सञ्चालन गर्दै आइरहेको छ। उक्त सेवा केन्द्रहरूमा घरेलु हिंसा लगायत विभिन्न किसिमका हिंसा प्रभावित महिलाहरूलाई अल्पकालिन (बढीमा ४५ दिन) आश्रय दिदै आइरहेको छ। यस सम्बन्धी विवरण तालिका ९ मा छ

## तालिका ९

*घरेलु हिंसाबाट प्रभावितका लागि सञ्चालित सेवा केन्द्र र उपकेन्द्र सम्बन्धी प्रगति विवरण*

| क्र. स. | जिल्ला | हालसम्म सञ्चालनमा रहेका जिल्ला सेवा केन्द्रको संख्या | हालसम्म सञ्चालनमा रहेका सामुदायिक सेवा केन्द्रको संख्या | २०६७-६८ मा प्राप्त उजुरी | फछ्यौट भएको उजुरी | बाँकी | २०६८-६९ मा प्राप्त उजुरी | फछ्यौट भएको उजुरी | बाँकी | २०६९-७० असार मसान्त सम्म मा प्राप्त उजुरी | फछ्यौट भएको उजुरी | बाँकी | जम्मा उजुरी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | जुम्ला | १ | ४ | ७६ | ७२ | ४ | ३१ | २९ | २ | ६४ | २९ | ३५ | |
| २ | पाँचथर | १ | १ | ४१ | ४१ | ० | ५४ | ५० | ४ | ६५ | ५० | १५ | |
| ३. | डोटी | १ | ६ | १४८ | १३७ | ११ | १४२ | १३५ | ७ | ४३ | ३१ | १२ | |
| ४. | कञ्चनपुर | १ | ५ | १०० | ९६ | ४ | ५५ | ५४ | १ | ९० | ९० | ० | |
| ५ | बाग्लुङ्ग | १ | ५ | २१९ | २०३ | १६ | ६३ | ४६ | १७ | १५९ | १४२ | १७ | |
| ६ | सुनसरी | १ | ३ | ७८ | ७७ | १ | ४५ | ४० | ५ | ९२ | ८२ | १० | |
| ७ | सोलुखुम्बु | १ | ४ | ९८ | ९८ | ० | | | | ११३ | ९८ | १५ | |
| ८ | नवलपरासी | १ | ८ | १०१ | १०० | १ | ४१ | ३० | ११ | १७१ | १४६ | २५ | |
| ९ | काभ्रेपलाञ्चोक | १ | ६ | १५८ | १३९ | १९ | ७० | ५७ | १३ | १२९ | ७० | ५९ | |
| १० | मकवानपुर | १ | ६ | ८२ | ८१ | १ | १२३ | १०० | २३ | १५७ | १५७ | ० | |
| ११ | दाङ्ग | १ | ८ | ८७ | ८५ | २ | १९१ | | १९१ | १३४ | २३ | १११ | |
| १२ | सर्लाही | १ | ६ | २३ | २३ | ० | | | | ३६ | २४ | १२ | |
| १३ | सप्तरी | १ | ८ | १२ | १२ | ० | ४९ | २७ | २२ | १५३ | १२८ | २५ | |
| १४ | तनहुँ | १ | ६ | १२९ | ६७ | ६२ | १९९ | १२३ | ७६ | १०२ | ३८ | ६४ | |
| १५ | बर्दिया | १ | ८ | ३६ | २३ | १३ | २५ | १२ | १३ | ५९ | ३३ | २६ | |
| | जम्मा | १५ | ८४ | १३८८ | १२५४ | १३४ | १०८८ | ७०३ | ३८५ | १५६७ | ११४१ | ४२६ | ४०४३ |

**पुनर्स्थापना केन्द्रहरूको अनुगमन**

मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण सम्बन्धमा ८ वटै जिल्लाहरूमा संचालित पुनर्स्थापना केन्द्र लगायत कार्यालयको कार्यक्रम प्रगतिको अनुगमन भएको छ। ४ जिल्लामा महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयको सचिवको नेतृत्वमा राष्ट्रिय समितिका सदस्यहरूबाट अनुगमन भएको थियो भने २ जिल्लामा सह-सचिवबाट र २ वटा जिल्लामा सचिवालयबाट अनुगमन भएको थियो।

पुनर्स्थापना केन्द्रहरूलाई व्यवस्थित बनाउनका लागि महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयले पुनर्स्थापना केन्द्र अनुगमन फारम तयार पारी सोही अनुसार विवरणहरू अध्यावधिक राख्न तयारी गरेको छ। उक्त फारमको नमुना अनुसुची ५ मा राखिएको छ।

**स्वास्थ्य मन्त्रालय तथा अन्तर्गत**

**एकद्वार संकट व्यवस्थापन केन्द्र**

२०६८ साल मंसिर महिनादेखि स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गत अस्पतालमा आधारित एकद्वार संकट व्यवस्थापन केन्द्र परोपकार स्त्रीरोग तथा प्रसुती गृह, थापाथलीको अतिरिक्त ७ जिल्लाहरूमा स्थापना भई हाल १५ जिल्लाहरूमा सञ्चालनमा आएका छन्। ती केन्द्रहरूको मुख्य उद्देश्य मानव बेचबिखन तथा ओसारपसार लगायत लैङ्गिक हिंसाबाट पीडित तथा प्रभावितहरूलाई एकै स्थानबाट आवश्यकता अनुसार शारीरिक तथा मानसिक स्वास्थ्य उपचार, मनोविमर्श सहायता, पुनर्स्थापना सहयोग, कानूनी सहायता उपलब्ध गराउनुका साथै विशेष आवश्यकतामा रहेका पीडितहरूलाई विशेषज्ञ तथा विशिष्ट सेवाका लागि सम्बन्धित निकायहरूमा प्रेषण गर्नु रहेको छ। ती १५ जिल्लाहरू निम्न अनुसार छन् :

| | | | | |
|---|---|---|---|---|
| १. पाँचथर | २. सुनसरी | ३. सोलुखुम्बु | ४. सप्तरी | ५. सर्लाही |
| ६. काभ्रे | ७. मकवानपुर | ८. तनहुँ | ९. बागलुङ्ग | १०.नवलपरासी |
| ११. दाङ्ग | १२. बर्दिया | १३. जुम्ला | १४. डोटी | १५. कञ्चनपुर |

उपरोक्त केन्द्रहरूबाट प्रतिवेदन अवधीमा सेवा प्राप्त गर्ने पीडित तथा प्रभावितहरूको जम्मा संख्या १,०३४ रहेको छ जसमध्ये महिलाहरूको संख्या ९५७ रहेको छ भने बेचविखनबाट पीडितहरूको संख्या ४ रहेको पाइन्छ। यससम्बन्धी विस्तृत जानकारी अनुसूची ४ मा दिइएको छ। यसका अतिरिक्त उक्त १५ वटा जिल्लाहरूमा महिला तथा बालबालिका कार्यालयहरू मार्फत घरेलु हिंसाबाट प्रभावितहरूका लागि सञ्चालित जिल्ला तथा समुदाय स्तरका सेवा केन्द्र तथा उप केन्द्रहरूबाट आ.व. २०६९/०७० मा सेवा प्राप्त गर्नेहरूको संख्या १,५६७ रहेका छन्। यस सम्बन्धी विस्तृत विवरण माथिको तालिका ९ मा प्रस्तुत गरिएको छ।

## ३.३ प्राथमिकता क्षेत्र : कानूनी कारवाही

**(क) उजुरी तथा अनुसन्धान**

मानव बेचविखन तथा ओसारपसार (नियन्त्रण) ऐन २०६४ को दफा २८ बमोजिम मानव बेचविखन तथा ओसारपसार सम्बन्धी अपराधलाई सरकारी मुद्दा सम्बन्धी ऐन २०४९ को अनुसुची १ मा समावेश गरी सरकारवादी हुने मुद्दाका रूपमा लिइएको छ। अतः यस सम्बन्धी अपराधको उजुरी लिने, अनुसन्धान गर्ने, पक्राउ खानतलासी लिने अधिकार नेपाल प्रहरीलाई सुम्पिएको छ। तदनुसार यस प्रतिवेदन अवधिमा नेपाल प्रहरीमा

दर्ता भई अदालतमा दायर भएका मानव बेचविखन सम्बन्धी मुद्दाहरूको विवरण तालिका १० मा उल्लेख गरिएको छ ।

**तालिका १०**

*मानव बेचविखन तथा ओसारपसारको अपराधमा नेपाल प्रहरीबाट दायर भएका मुद्दाहरूको संख्या*

| महिना | आ.व. २०६९।०७० | आ.व. २०७०।०७१ |
|---|---|---|
| श्रावण | १३ | १५ |
| भाद्र | ११ | १५ |
| आश्विन | १४ | ९ |
| कात्तिक | ४ | ७ |
| मार्ग | ५ | १३ |
| पौष | ८ | |
| माघ | १३ | |
| फागुन | १७ | |
| चैत्र | १७ | |
| वैशाख | १४ | |
| ज्येष्ठ | १५ | |
| असार | १३ | |
| जम्मा | १४४ | ५९ |

*स्रोत : नेपाल प्रहरी, महिला तथा बालबालिका सेवा निर्देशनालय*

(नोटः आ.व २०७०।०७१को विवरण पौष सम्मको मात्र समावेश गरीएको छ)

**(ख) अभियोजन**

महान्याधिवक्ताको कार्यालयबाट प्राप्त जानकारी अनुसार आ.व. २०६९/०७० मा नेपाल प्रहरीबाट अनुसन्धान भई अदालतमा दायर भएको, अदालतबाट कसुर कायम भएको, सफाई पाएको तथा बाँकी रहेका मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी मुद्दाहरूको विवरण तालिका ११ मा प्रस्तुत गरिएको छ ।

**तालिका ११**

*महान्यायाधिवक्ताको कार्यालय तथा अन्तर्गतका कार्यालयहरूबाट विभिन्न तहका अदालतमा दायर भएका मानव बेचविखन तथा ओसारपसारसम्बन्धी मुद्दाहरूको विवरण*

| क्र. सं. | कार्यालय | लगत | कसुर कायम | सफाई | अन्य | जम्मा | बाँकी |
|---|---|---|---|---|---|---|---|
| १. | महान्यायाधिवक्ताको कार्यालय | ७८ | ४ | ८ | ० | १२ | ६६ |
| २. | पुनरावेदन सरकारी वकील कार्यालय | २०८ | ४८ | ५८ | २ | १०८ | १०० |
| ३. | जिल्ला सरकारी वकील कार्यालय | ३४१ | ५८ | ५६ | १ | ११५ | २२६ |

*स्रोत : महान्यायाधिवक्ताको कार्यालय*

(ग) **अदालती फैसला**

सर्वोच्च अदालत, पुनरावेदन अदालत तथा जिल्ला अदालतमा दायर भई चालू अवस्थामा रहेका र फछ्र्यौट भएका मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी मुद्दाहरूको विवरण तालिका १२ र १३ मा देखाइएको छ ।

**तालिका १२**

*विभिन्न तहका अदालतमा चालु रहेका मानव बेचबिखन सम्बन्धी मुद्दाहरूको विवरण*

| अदालत | आ.व. २०६८/०६९ | आ.व. २०६९/०७० |
|---|---|---|
| सर्वोच्च अदालत | १५८ | १९७ |
| पुनरावेदन अदालत | २६९ | २२२ |
| जिल्ला अदालत | ३२१ | २१२ |
| जम्मा | ७४८ | ७११ |

*स्रोत : सर्वोच्च अदालत अनुसन्धान तथा योजना महाशाखा*

माथिको तालिका अनुसार आ.व.२०६८/०६९ मा सबै तहका अदालतहरूमा चालु रहेको मानव बेचविखन तथा ओसारपसार सम्बन्धी मुद्दाहरूको संख्या ७४८ रहेको पाइन्छ भने आ.व. २०६९/०७० मा ७११ वटा मुद्दाहरू रहेको पाइन्छ । यसप्रकार समष्टीगत रूपमा जम्मा मुद्दाको संख्या घटे तापनि यस अवधिमा सर्वोच्च अदालतमा भने मुद्दाको संख्या बढेको देखिन्छ ।

**तालिका १३**

*आ.व. २०६९/०७० मा विभिन्न तहका अदालतमा रहेका मानव बेचबिखन सम्बन्धी जम्मा लगत, फछ्र्यौट, वांकी र प्रगति प्रतिशत*

| अदालत | जम्मा लगत | फछ्र्यौट | बाँकी | प्रगति प्रतिशत |
|---|---|---|---|---|
| सर्वोच्च अदालत | १९७ | ३६ | १६१ | १८.२७ |
| पुनरावेदन अदालत | २२२ | १३३ | ८९ | ५९.९१ |
| जिल्ला अदालत | २९२ | १४८ | १४४ | ५०.६८ |
| जम्मा | ७११ | ३१७ | ३९४ | ४४.५९ |

*स्रोत : सर्वोच्च अदालत अनुसन्धान तथा योजना महाशाखा*

माथिको दिइएका तालिका बमोजिम दर्ता भएका मुद्दाहरू मध्ये पुनरावेदन अदालतमा सबै भन्दा बढी ५९.९१ प्रतिशत फछ्र्यौट भएको देखिन्छ भने संख्याको आधारमा हेर्ने हो भने जिल्ला अदालतमा सबै भन्दा बढी १४८ वटा मुद्दाहरू फछ्र्यौट भएको पाइन्छ ।

(घ) **कानूनी अधिकार बारे सचेतना**

महिला बालबालिका लगायत सर्वसाधारणलाई विद्यमान कानुनी व्यवस्थाहरूको बारेमा जानकारी गराउने उद्देश्यले कानुन, न्याय, संविधानसभा तथा संसदिय मामिला मन्त्रालयले २०६९ आश्विनमा प्रकाशित गरेको कानुनी शिक्षा सचेतना पुस्तिकामा मानव बेचविखन तथा ओसारपसार कसुर र उपचार सम्बन्धी व्यवस्थाहरूको बारेमा पनि १७ वटा प्रश्नउत्तर तयार गरी प्रस्तुत गरेको छ ।

(ङ) **कानुन संसोधन**

काननू, न्याय, संविधानसभा तथा संसदिय मामिला सम्बन्धी मन्त्रालयबाट "केही नेपाल कानून संशोधन गर्न बनेको विद्येयक" मस्यौदा तयार भएको र यसमा मानव बेचबिखन तथा ओसार पसार लगायत विभिन्न हिंसाबाट पीडित भएका व्यक्तिलाई  क्षतिपूर्ति उपलब्ध गराउने लगायतका केही विषयहरूमा समसामायिक रूपमा परिमार्जन गर्नको लागि मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) २०६४ का केही दफाहरू संशोधनको लागि प्रस्ताव गरिएको छ ।

*मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ लाई समय सापेक्ष रूपमा पुनरावलोकन एवं परिमार्जन गर्न आवश्यक सुझाव प्रस्तुत गर्नका लागि मानव बेचबिखन तथा ओसार पसार नियन्त्रण राष्ट्रिय समितिको कानूनी कारवाही उपसमितिलाई जिम्मेवारी प्रदान गरिएको छ ।*

(च) **सर्वोच्च अदालतको निर्देशनात्मक आदेश**

**निरन्तर सुनुवाईका लागि परमादेश :**

सर्वोच्च अदालतले २०७० श्रावण १६ गते मानव बेचबिखन तथा ओसारपसार लगायतका गम्भीर प्रकृतिका अपराधका मुद्दाहरूमा निरन्तर सुनुवाई गरी तत्काल फैसला गर्न गृह मन्त्रालय, महान्यायाधिवक्ताको कायार्लय र सर्वोच्च अदालतका रजिष्ट्रारका नाममा परमादेश जारी गरेको छ ।

जिल्ला अदालत नियमावलीका नियम २३ (ग) का निरन्तर सुनुवाइ सम्बन्धी व्यवस्था हालसम्म ऐच्छिक भएकोमा त्यसलाई बाध्यकारी बनाउन पनि आदेश भएको छ । यसरी बाध्यात्मकरूपमा कार्यान्वयन गर्न गराउन जो चाहिने निर्देशिका बनाउन आवश्यक स्रोत साधनका व्यवस्थाका लागि सरकारसँग बजेट माग गर्नुपर्ने भए गर्ने गराउने आदेशमा भएको छ । निरन्तर सुनुवाइका व्यवस्थालाई सुचारू गरी सुनिश्चित गर्न मुद्दाका पक्ष, कानुन व्यवसायी, सरकारी वकील समेतसँग निरन्तर आवश्यक छलफल गरी सहजीकरण गर्न सम्बन्धित अदालत भित्र एक संयन्त्र गठन गरी जो चाहिने व्यवस्था मिलाउन सर्वोच्च अदालतका नाममा परमादेशको आदेश जारी गरेको छ । यस्तो आदेश अनुसार काम भए नभएको बारे निरन्तररूपमा अनुगमन गर्न सर्वोच्च अदालतले आफू मातहतको अनुगमन तथा निरीक्षण महाशाखालाई आदेश दिएको छ । साथै फौजदारी मुद्दाको निरन्तर सुनुवाइका लागि अपराध अनुसन्धान एवं अभियोजन सम्बन्धी निकायको पनि सहयोग र सहभागिताको सुरूदेखि नै जरूरी हुने हुनाले त्यस प्रयोजनका लागि आवश्यक तयारी गर्न र अदालतबाट आदेश भएका बखत आफ्ना साक्षी प्रमाण आदि उपस्थित गराउने निश्चितताका लागि जो चाहिने संसाधन सहितको व्यवस्था गर्न/गराउन र सहयोग गर्न भनी गृह मन्त्रालय, महान्यायाधिवक्ताको कार्यालय र प्रहरी प्रधान कार्यालयको नाममा समेत आदेश जारी गरेको छ ।

मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) सम्बन्धी कानूनलाई पीडित तथा प्रभावित केन्द्रीत बनाई ऐनका विभिन्न प्रावधानहरूको संसोधन सम्बन्धमा निर्देशनात्मक आदेश :

सर्वोच्च अदालतबाट मिति २०६९।११।२४।५ मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५ को उपदफा (६) को कानुनी व्यवस्था तथा निवेदकले प्रस्तुत रिट निवेदनमा उठाएका अन्य विषयहरू समेतलाई सम्बोधन हुने गरी देहाय बमोजिम गर्नु गराउनु भनी विपक्षी नेपाल सरकार, प्रधानमन्त्री

तथा मन्त्रिपरिषद्को कार्यालय समेतको नाममा यो निर्देशनात्मक आदेश जारी गरिएको छ :

(१) मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ का दफा १५ का उपदफा (६) का वर्तमान कानुनी व्यवस्थामा आवश्यक पुनरावलोकन र संशोधन गरी पहिले आफूले दिएको बयान वा सूचनाका आधारमा कसैका विरूद्ध कारवाही चलाए पछि सत्य तथ्य ढाँटी वा नियतवश पछिबाट बयान परिवर्तन गर्न वा त्यस्ता नियतले अदालतले बोलाएको समयमा अनुपस्थित हुने वा अदालतलाई सहयोग नगर्ने व्यक्तिलाई कैद सजाय गर्ने गरी कानुनी व्यवस्था गर्नु ।

(२) मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी अपराधबाट पीडित व्यक्तिलाई सो अपराध सम्बन्धी मुद्दाका अनुसन्धानको बारेमा सम्बन्धित प्रहरी कार्यालयले र अभियोजनका बारेमा अभियोगपत्रका प्रतिलिपि तथा अदालतबाट भएका निर्णयकाबारेमा फैसलाका प्रतिलिपि समेत राखी सम्बन्धित सरकारी वकील कार्यालयले अनिवार्य रूपमा पीडितलाई जानकारी गराउने व्यवस्था गर्नु, गराउनु ।

(३) मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ का दफा १७ बमोजिम अदातलतको फैसलाबाट पीडितलाई क्षतिपूर्ति भराई दिन ठहर भएका रकमका लागि अविलम्ब छुट क्षतिपूर्ति कोष खडा गरी सो कोषका लागि आवश्यक रकम समेत आ.व.२०७०/०७१ को बजेटमा अनिवार्य रूपमा विनियोजन गर्न, साथै सम्बन्धित प्रहरी कार्यालयले समेत सक्रिय पहल गरी पीडितलाई सो क्षतिपूर्ति रकम भराइ दिने व्यवस्था गर्नु, गराउनु ।

(४) मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ अन्तर्गतका मुद्दा तथा अन्य सरकारवादी फौजदारी मुद्दामा सरकारी पक्षका साक्षीलाई अदालतमा उपस्थित गराउँदा लाग्ने खर्च बापत आगामी आर्थिक वर्ष २०७०/०७१ का बजेटमा अनिवार्य रूपमा रकम विनियोजन गरी त्यस्ता साक्षीलाई सम्बन्धित प्रहरी कार्यालय मार्फत सो रकम उपलब्ध गराउनु ।

(५) सरकारी पक्षका साक्षीले प्राप्त गर्ने खर्च रकम निज अदालतमा उपस्थित हुनु अगावै निजलाई भुक्तानी दिई सोको भरपाई सहित सम्बन्धित मुद्दा विचाराधीन रहेका अदालतमा त्यस्ता साक्षीलाई उपस्थित गराउने व्यवस्था गर्नु गराउनु ।

(६) मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ का दफा २६ बमोजिम पीडित वा उजुर गर्ने व्यक्तिले माग गरेको अवस्थामा सुरक्षाका लागि आवश्यक व्यवस्था गरी सम्बन्धित प्रहरी कार्यालय मार्फत त्यस्तो व्यक्तिको सुरक्षा गर्नु, गराउनु ।

**वैदेशिक रोजगारसंग सम्बन्धित मुद्दाहरू**

वैदेशिक रोजगार ऐन २०६४ र नियमावली २०६४ बमोजिम यससंग सम्बन्धित कसुर ठहरिने मुद्दाहरूको उजुरी लिने, अनुसन्धान गर्ने र अभियोजन गर्ने अधिकार श्रम तथा रोजगार मन्त्रालय अन्तर्गत वैदेशिक रोजगार विभागलाई रहेको छ। सो मुद्दामा कारबाही किनारा लगाउने अधिकार सहित वैदेशिक रोजगार न्यायाधिकरणको व्यवस्था गरेको छ। तदनुरूप यस प्रतिवेदन अवधिमा वैदेशिक रोजगार विभागमा दर्ता भएका उजुरीहरूको विवरण तल तालिका १४ मा दर्शाइएको छ।

**तालिका १४**

**वैदेशिक रोजगार सम्बन्धी घटना /उजुरीको अवस्था**

| क्र.सं. | विवरण | | व्यक्तिगत उजुरीको अवस्था | | संस्थागत उजुरीको अवस्था | | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | | २०६९/७० | २०७० श्रावण देखि पौष मसान्त सम्म | २०६९/७० | २०७० श्रावण देखि पौष मसान्त सम्म | |
| १ | उजुरी संख्या | | १२४५ | ४८६ | १०६० | ६७१ | ३४६२ |
| २. | दावी रकम (रू.) | | ८३,९३,८०,६०७।- | ३८,७२,९३,९३८।- | ३३,१५,५१,६१०।- | ११,०६,९६,५०२।- | १,६६,८९,२२,६५७ ।- |
| ३. | फरफारक रकम | | ८,२१,९१,१३०।- | ५,४६,२२,२५८।- | ४,९३,८९,०३७।- | ३,९५,४७,०७८।- | २२,४७,४९,५०३।- |
| ४. | जाहेरी फरफारक | | २०२ | ७९ | ३५० | ११९ | ७५० |
| ५ | मुद्दा | | | | | | |
| | | अदालतमा दायर | १६४ | ५८ | १४ | ५ | २४१ |
| | | विगो दावी | ३९,६५,४३,९४९।- | १२,००,७७,४०० ।- | ४,०२,१४,२५०।- | १५०,००० ।- | ५५,६९,८५,५९९।- |
| | | विभागबाट निर्णय | ० | ० | ३९ | १० | ४९ |
| | | विभागबाट निर्णय भएको रकम | ० | ० | ४५,००,०००।- | १०,००,००० ।- | १,४५,००,००० ।- |

*श्रोत : बैदेशिक रोजगार विभाग*

वैदेशिक रोजगारसँग सम्बन्धित कसुरको अनुसन्धान तथा अभियोजन दिग्दर्शन, २०६७ को परिच्छेद २ अनुसार स्वीकृती नलिई वैदेशिक रोजगार व्यवसाय गरेका, स्वीकृती नलिई कामदार पठाएका, नाबालकलाई वैदेशिक रोजगारमा पठाएका, अनुमतिबिना शाखा कार्यालय खोलेका र वैदेशिक रोजगार सम्बन्धी अपराधमा मतियार भएको कसुरहरूलाई वैदेशिक रोजगार न्यायाधिकरणले हेर्ने व्यवस्था गरेको छ। वैदेशिक रोजगार विभागमा दर्ता भएका उपरोक्त किसिमका मुद्दाहरू वैदेशिक रोजगार न्यायाधिकरणमा दायर हुने गरे अनुसार मुद्दाको लगत, फर्स्यौट र बाँकी रहेका मुद्दाहरूको विवरण तलको तालिकामा उल्लेख गरिएको छ।

**तालिका १५**

*वैदेशिक रोजगार न्यायाधिकरणबाट प्राप्त वैदेशिक रोजगार कसुर सम्बन्धी मुद्दाहरूको लगत र फर्स्यौटको विवरण*

| आ.व. | मुद्दाको लगत | फर्स्यौट | बाँकी |
|---|---|---|---|
| २०६६/०६७ | १५८ | १६ | १४२ |
| २०६७/०६८ | ११९ | ७८ | १८३ |
| २०६८/०६९ | १६४ | १२४ | २२३ |
| २०६९/०७० | १७८ | १६३ | २३८ |
| २०७०/०७१ | ६३ | ४६ | २५५ |
| जम्मा | ६८२ | ४२७ | २५५ |

*स्रोत : वैदेशिक रोजगार न्यायाधिकरण*

## ३.४ प्राथमिकता क्षेत्र : क्षमता विकास

मानव बेचविखन तथा ओसारपसार नियन्त्रण कार्यलाई सुदृढ गर्नका लागि यससंग सम्बन्धित निकायहरू र कार्यरत कर्मचारीको क्षमता अभिवृद्धि गर्ने उद्देश्यले विभिन्न किसिमका क्षमता विकासका क्रियाकलापहरू सञ्चालन हुदै आइरहेकोमा यस प्रतिवेदन अवधिमा भएका प्रयास तथा क्रियाकलापहरू निम्नानुसार रहेका छन् ।

**(क) शाखा गठन**

विगतमा महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयमा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण सम्बन्धी छुट्टै शाखा नभएको हुँदा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण राष्ट्रिय समितिको सचिवालयले अस्थायी रूपमा सो सम्बन्धमा काम गरिरहेको अवस्थामा मन्त्रालयको संस्थागत संरचनालाई सुदृढीकरण गर्ने क्रममा छुट्टै "मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण शाखा" गठन भएको छ । यस विषयमा काम गर्नको लागि एक उप-सचिव, दुई अधिकृत र एक सहायकस्तरको कर्मचारीको व्यवस्था गरिनुको साथै महिला तथा बालबालिका विभागमा मानव बेचबिखन तथा ओसारपसार विरूद्धको विषय हेर्ने विषयगत शाखाको व्यवस्था गरिएको छ ।

**(ख) प्रशिक्षक प्रशिक्षण तालिम/अभिमूखीकरण**

**महिला कर्मचारी तथा महिला संस्थाहरू**

- आ.व. २०६९।०७० मा पचहत्तरै जिल्लाका महिला तथा बालबालिका कार्यालयहरूबाट सञ्चालित संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद्को प्रस्ताव नं. १३२५ तथा १८२० को कार्यान्वयन राष्ट्रिय कार्ययोजना बिषयक दुई दिने तालिममा एक सत्र मानव बेचबिखन सम्बन्धी बिषय समेत समावेश गरी ४,५०० महिला र ७५८ पुरूष सहित जम्मा ५,२५८ जना (स्थानीय सरकारी निकायका कर्मचारीहरू, अधिकारकर्मी, महिला समूहका सदस्यहरू, महिला सहकारी संस्थाहरू, स्थानीय गैर सरकारी संस्थाहरू) लाई अभिमूखीकरण गरियो ।
- आ.व. २०६९।०७० मा महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयले सबै जिल्लाका महिला विकास अधिकृतहरूलाई केन्द्रीत गरी पाँच विकास क्षेत्रमा सञ्चालन गरेको संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद्को प्रस्ताव नं. १३२५ तथा १८२० को कार्यान्वयन राष्ट्रिय कार्ययोजना विषयक दुई दिने प्रशिक्षक प्रशिक्षण तालिममा दुई सत्र मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण सम्बन्धी विषय समावेश गरिएको ।
- आ.व. २०७०।०७१ मा ४३ जिल्लाका महिला विकास अधिकृतहरूलाई मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण सम्बन्धमा दुई दिने क्षमता अभिवृद्धि कार्यक्रम मार्फत हाल तयार भैरहेको राष्ट्रिय कार्ययोजनाको कार्यान्वयन कार्ययोजना उपर छलफल गराई सुझाव तथा प्रतिक्रिया संकलन गर्नुका साथै मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी नीतिगत दस्तावेजबारे अनुशिक्षण प्रदान गरिएको ।

**सरकारी वकील**

- महान्यायाधिवक्ताको कार्यालयले मानव बेचविखन तथा ओसारपसार नियन्त्रण र लैङ्गिकतामा

आधारित हिंसाको विषयमा पुनरावेदन सरकारी वकील कार्यालयका २१ जना सरकारी वकीलहरूलाई प्रशिक्षण प्रशिक्षक तालिम दिएको थियो ।

- काभ्रे, मकवानपुर, बाँके र मोरङ्ग जिल्लाका सरकारी वकीलहरूलाई मानव बेचविखन तथा ओसार पसार नियन्त्रण र लैङ्गिकतामा आधारित हिंसाको विषयमा जिल्लास्तरीय तालिमहरू सम्पन्न गरेको छ । सो तालिमहरूमा जम्मा ११३ जना सरकारी वकीलहरूको सहभागिता रहेको थियो ।

**नेपाल प्रहरी**

- नेपाल प्रहरीले मानव बेचविखन तथा ओसारपसार लगायत लैङ्गिक सवालहरूलाई अति गम्भीर अपराधका रूपमा लिई सकल दर्जाका प्रहरीहरूलाई दिइने आधारभूत तथा पुनर्ताजगी तालिम पाठ् यक्रममा समावेश गरी क्षमता अभिवृद्धि गर्ने कार्य भइरहेको छ । प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभाग, महिला तथा बालबालिका सेवा निर्देशनालयले प्रहरी कर्मचारीको लागि तयार पारेको "सहभागीहरूको लागि लैङ्गिक अभिमूखीकरण अनुसन्धान तथा मनोविमर्श सीप तालिम निर्देशिका" मा मानव बेचविखन तथा ओसारपसार नियन्त्रण सम्बन्धी विषय समावेश गरिएको छ ।

**राष्ट्रिय न्यायिक प्रतिष्ठान**

- राष्ट्रिय न्यायिक प्रतिष्ठानले मानव बेचविखन तथा ओसारपसार विरूद्ध कानून कार्यान्वयन निकाय तथा अदालतका पदाधिकारीहरूका लागि प्रशिक्षण दिन "मानव बेचबिखन विरूद्धको अपराध विषयक प्रशिक्षणका लागि तयार पीरएको सत्र योजना २०६८" तयार पारेको छ ।
- राष्ट्रिय न्यायिक प्रतिष्ठानद्वारा तयार पारिएको मानव बेचविखन तथा ओसारपसार सम्बन्धी मुद्दाको अभियोजन तथा अदालती कारबाही सम्बन्धी कार्यसञ्चालन निर्देशिका, २०६८ को बारेमा यस प्रतिष्ठानद्वारा विभिन्न विषयमा सञ्चालन भएको तालिमहरूमा अभिमूखीकरण दिने गरेको छ ।
- यस प्रतिष्ठानले सञ्चालन गरेको मानव बेचविखन सम्बन्धी तालिमहरू निम्न बमोजिम छन् :
- मानव बेचविखन विरूद्ध प्रशिक्षक प्रशिक्षण पुनर्ताजगी सम्बन्धी चार दिने तालिम (२१ जना सहभागीहरू – जिल्ला न्यायाधीश, सरकारी न्यायाधिवक्ता र न्याय सेवाका अधिकृतहरू) एक पटक ।
- मानव बेचविखन तथा ओसारपसार सम्बन्धी मुद्दाको अभियोजन तथा अदालती कारबाही विषयमा सञ्चालन गरिएको तीन दिने तालिम (६८ जना सहभागीहरू – न्यायाधीशहरू, सरकारी न्यायाधिवक्ता, न्याय सेवाका अधिकृतहरू र कानून व्यवसायीहरू) तीन पटक ।
- यसका साथै नवनियुक्त पुनरावेदन र जिल्ला अदालतका न्यायाधीशहरूलाई दिइएको अभिमूखीकरण तालिममा पनि मानव बेचविखन तथा ओसारपसारको विषयमा पनि सत्रहरू सञ्चालन गरिएको थियो ।
- प्रमुख जिल्ला अधिकारी तथा गृह मन्त्रालय अन्तर्गतका सहसचिव तथा उपसचिवस्तरका गरी २६ जना अधिकृतहरूको लागि संचालित न्यायिक क्षमता अभिवृद्धि सम्बन्धी तालिममा मानव बेचविखन तथा ओसारपसार नियन्त्रण सम्बन्धी तयार भएका कानुनहरू, राष्ट्रिय कार्ययोजना, न्युनतम मापदण्ड र पुनर्स्थापना केन्द्र सञ्चालन कार्यविधी लगायतका विषयमा अभिमुखिकरण गरिएको थियो ।
- राष्ट्रिय न्यायिक प्रतिष्ठानले बाँके, काभ्रे र सिन्धुपाल्चोक जिल्लाहरूमा जिल्ला अदालत, पुनरावेदन अदालत, जिल्ला सरकारी वकीलको कार्यालय, पुनरावेदन सरकारी वकीलको कार्यालय, जिल्ला

बार इकाई, पुनरावेदन अदालत बार इकाईका प्रतिनीधिहरूलाई सो जिल्लाहरूका स्थानीय समुदायका व्यक्तिहरू, स्थानीयस्तरमा रहेका सरकारका प्रतिनिधीहरू, संचार माध्यम र गैरसरकारी संस्थाहरूका प्रतिनिधिहरूलाई लक्षित गरी मोफसल (Out reach) मा कार्यक्रमको आयोजना गरेको थियो । न्यायिक निकाय र स्थानीय समुदायको बीचको विश्वासको वातावरण वृद्धि गर्नका साथै अदालती प्रक्रियाकाबारेमा जानकारी गराउन उक्त कार्यक्रमको आयोजना गरिएको थियो ।

- मकवानपुर जिल्ला अदालतले मानव बेचविखन तथा ओसारपसार जस्ता मुद्दाहरूमा निरन्तर सुनुवाईको अभ्यासको थालनी गरेको हुँदा सो निरन्तर सुनुवाईको महत्व र व्यवहारिक चुनौतीको स्थलगत समवयस्क सिकाई (PEER Learning) का लागि न्याय क्षेत्रमा कार्यरत पदाधिकारीहरूले भम्रण गरेका थिए ।

## ३.५ प्राथमिकता क्षेत्र : समन्वय, सहयोग र सहकार्य

**राष्ट्रिय समिति र जिल्ला समितिबीच समन्वय वैठक**

- मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण राष्ट्रिय समिति र जिल्ला समितिबीच समन्वय, रणनीतिक कार्ययोजना, गा.वि.स. तहमा कार्यक्रम विस्तार तथा अनुभव आदानप्रदानका लागि रूपन्देही, चितवन, बाँके र कैलाली जिल्लाहरूमा संयुक्त बैठक बस्यो । संयुक्त बैठकहरू मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण राष्ट्रिय समितिका अध्यक्षको अध्यक्षतामा सम्पन्न भएको थियो । उक्त बैठकमा जिल्लामा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि भएका प्रयासहरूको साथै काम गर्दा आईपर्ने कठिनाईहरूका साथै भविष्यमा कामलाई प्रभावकारीरूपमा अघि बढाउनका लागि राष्ट्रिय समितिका अध्यक्षले मार्ग निर्देशन दिनु भएको थियो ।
- मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण केन्द्रीय समितिका प्रतिनिधि तथा सिन्धुपाल्चोक, दोलखा र रामेछाप जिल्लाहरूका मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समितिका सदस्य समेत गरी ४६ जना सरोकारवालाहरूबीच मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण सम्बन्धी राष्ट्रिय कार्ययोजनालाई केन्द्रीत गरी छलफल गरिएको थियो ।

**राष्ट्रिय समितिबाट अनुगमन**

मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण राष्ट्रिय समितिका अध्यक्ष, सदस्यहरू एवं सचिवालयबाट मानव बेचबिखन तथा ओसारपसारबाट पीडित प्रभावितहरूका लागि आठ वटा जिल्लाहरूमा सञ्चालित पुनर्स्थापना गृह एवं मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समितिहरूको कार्यप्रगतिको अनुगमन भयो ।

**एशिया तथा प्रशान्त क्षेत्रीय राष्ट्रहरूको राजनीतिक दलहरूको कार्यशाला गोष्ठी**

वि.सं. २०७० माघ महिनामा काठमाडौंमा महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय र एशिया तथा प्रशान्त क्षेत्रीय राष्ट्रहरूको राजनीतिक दलहरूको संस्था (ICAPP) को सहकार्यमा गिरिजाप्रसाद कोइराला प्रतिष्ठानको सहआयोजना एवं टर्किश इन्टरनेशनल कोअपरेशन एजेन्सी तथा कोरिया इन्टरनेशनल कोअपरेशन एजेन्सीको सहयोगमा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण सम्बन्धी तीन दिने अन्तर्राष्ट्रिय

कार्यशाला गोष्ठी सम्पन्न भयो । उक्त कार्यशाला गोष्ठीमा अजरबैजान, भूटान, कम्बोडिया, चीन, भारत, दक्षिण कोरिया, मलेसिया, पाकिस्तान, फिलिपिन्स, टर्की तथा नेपालका विभिन्न राजनीतिक दलका प्रतिनिधिहरू लगायत सरकारी तथा गैरसरकारी संस्थाहरूको सहभागिता रहेको थियो । कार्यशाला गोष्ठीको अन्त्यमा मानव बेचबिखन तथा ओसारपसार विरूद्ध काठमाण्डौं घोषणपत्र जारी भयो (घोषणापत्र अनुसुची ३ मा राखिएको छ) । जसमा मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी घटनाको प्रकृति तथा प्रवाह सम्बन्धी आधारभूत तथ्याङ्क सङ्कलन तथा सम्प्रेषणलाई अझ प्रभावकारी बनाइने उल्लेख छ । मानव बेचबिखन तथा ओसारपसारलाई नियन्त्रण गर्न प्रभावकारी तथा मितव्ययी उपकरणहरू विकास गरिने, श्रम बजारमा लैङ्गिक विभेदको अन्त्य गर्दै समान पहुँचको व्यवस्था गर्ने, उदाहरणीय अभ्यास तथा सिकाईहरूलाई स्थानीय, क्षेत्रीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहमा आदानप्रदान गर्ने प्रतिबद्धता जनाइएको छ । यसैगरी, सरकारी तथा गैरसरकारी साझेदारहरू बीच प्रभावकारी साझेदारीको विकास गर्दै अधिकारमा आधारित संयुक्त अभ्यास प्रबर्द्धन गर्ने, उद्गम तथा गन्तव्य मुलुकहरूमा लेखवद्ध आप्रवासनको विकास गर्ने, राष्ट्रिय फौजदारी कानुनहरूमा मानव बेचबिखन तथा ओसारपसार विरूद्धको अपराधलाई दण्डनीय बनाउन प्रभावकारी संयन्त्र विकास गर्ने उल्लेख छ ।

**राष्ट्रिय समितिको बैठक**

जिल्लाबाट आएको पृष्ठपोषणका साथै मानव बेचबिखन नियन्त्रणका कार्यलाई प्रभावकारी बनाउनको लागि यस प्रतिवेदन अवधिमा मानव बेचबिखन नियन्त्रण राष्ट्रिय समितिको जम्मा सात पटक बैठक बसेको थियो । यसै सन्दर्भमा मिति २०७०/१०/१४ मा बसेको राष्ट्रिय समितिको बैठकमा निम्न विषयमा छलफल भई देहायका निर्णयहरू भयो ।

- कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयवाट प्राप्त “केही नेपाल ऐन संशोधन गर्ने विधेयक”को मस्यौदा उपर छलफल भयो । उक्त मस्यौदा सम्बन्धमा मन्त्रालयबाट गएको राय प्रतिकृयामा राष्ट्रिय समितिले निम्नानुसारको राय प्रतिकृया थप गरी मन्त्रालय मार्फत कानून मन्त्रालय पठाउने ।

  (क) दफा १४ मा “पुनर्स्थापना कोष” भन्ने शब्दावलीको सट्टा “पुनर्स्थापना तथा क्षतिपूर्ति कोष” भन्ने शब्दावली राखिनुपर्ने ।

  स्पष्टिकरणः सर्वोच्च अदालतको २०७० साल (रिट नं.००४६) बैशाख १९ गतेको निर्देशनात्मक आदेश अनुसार मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन २०६४ को दफा १७ बमोजिम अदालतको फैसलाबाट पीडितलाई क्षतिपूर्ति भराई दिने ठहर भएको रकमको लागि अविलम्व छुट्टै क्षतिपूर्ति कोष खडा गरि सोको लागि आवश्यक रकम समेत आ.व. २०७०।७१ को बजेटमा अनिवार्य रूपमा विनियोजना गर्नु भन्ने निर्णय भएको हुंदा सो निर्णयलाई सम्वोधन गर्न ।

  (ख) दफा १७ को उपदफामा “छोराछोरी” भन्ने शब्द को सट्टामा “छोराछोरी, इच्छाएको व्यक्ति” भन्ने शव्दहरू थपिनु पर्ने ।

  (ग) केही नेपाल ऐन संशोधन गर्ने विधेयकको मस्यौदामा प्रस्तावित भएको दफा ११ मा “दोभाषे वा अनुवादक” भन्ने शब्दको सट्टामा “दोभाषे, सांकेतिक भाषा वा अनुवादक“ भन्ने शब्दहरू राख्नु पर्ने ।

- निरोध उपसमिति - को बैठकले गत आ.व.मा निकालिएको TIP प्रतिवेदनको समिक्षा गर्दै चालु आ.व.को प्रतिवेदन नेपाली भाषामा निकाल्ने निर्णय गर्नुको साथै यस बर्ष निकाल्ने प्रतिवेदनमा राष्ट्रिय कार्ययोजनामा भएका ५ वटा प्राथमिकता क्षेत्रको आधारमा तयार गर्न प्रतिवेदन खाकाकोबारेमा छलफल गरेको थियो ।

**नेपाल सरकार र अमेरिकी सरकारको सहकार्यमा संचालित परियोजना**

नेपालमा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण सम्बन्धमा निरोध, संरक्षण तथा कानूनी कारवाही लगायतका कार्यहरूलाई प्रभावकारी रूपमा सञ्चालन गर्न नेपाल स्थित अमेरिकी सहायता नियोगले द एशिया फाउण्डेशन मार्फत मानव बेचबिखन बिरूद्धको परियोजना (Combating Trafficking In Person) सन् २०१० देखि पाँच वर्षका लागि सञ्चालन गरिरहेको छ। सो परियोजना सञ्चालनमा सहयोगीको रूपमा अर्को अन्तराष्ट्रिय गैरसरकारी संस्था विश्वशिक्षा (WE) रहेको छ भने कार्यान्वयन गर्नेहरूमा राष्ट्रिय न्यायिक प्रतिष्ठान तथा गैर सरकारी संस्थाहरू कानून अनुसन्धान तथा विकास केन्द्र (CeLLRd), महिला कानून तथा विकास मञ्च (FWLD), कानूनी सहायता परामर्श केन्द (LACC), नागरिक अधिकार संरक्षण मञ्च (PPR Nepal), परिवर्तन नेपाल, ग्रामिण महिला स्वावलम्वन सहकारी संस्था, (GMSS), नेपाल विकास अध्ययन संस्था (NIDS), नेपाल तामाङ्ग महिला घेदुङ्ग, पौरखी र साथी छन् ।

यो परियोजनाको महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय अन्तर्गत मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण राष्ट्रिय समितिको सचिवालयसंग कार्यगत सम्बन्ध रहेको छ । परियोजनाले समितिको सचिवालयको सुदृढीकरणका लागि केही सामग्रीहरू प्रदान गर्नुका साथै मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि क्षेत्रीय स्तरमा अभिमूखीकरण तालिम सञ्चालन, मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समितिहरूको अनुगमन एवं प्रतिवेदन तयारी तथा प्रकाशनका लागि सहयोग पुऱ्याएको छ ।

सो परियोजनाले सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, काठमाण्डौं, मकवानपुर, बाँके र कञ्चनपुर गरी छ जिल्लाहरूमा निरोध, संरक्षण तथा कानूनी कारवाहीका क्रियाकलापहरू सञ्चालन गरिरहेको छ । निरोध अन्तर्गत परियोजना लागू भएका जिल्लाका विभिन्न गाविसहरूमा सुरक्षित बसाईसराई सञ्जाल गठन गरी मानव बेचबिखन तथा सुरक्षित आप्रवासनबारे समूदायस्तरमा सचेतना अभिबृद्धिका कार्यक्रमहरू सञ्चालन भइरहेका छन् । संरक्षण अन्तर्गत पुनर्स्थापना केन्द्र वा सुरक्षा गृह सञ्चालन गर्ने संस्थाहरूको क्षमता अभिबृद्धिका कार्यक्रमहरू सञ्चालन गर्नुका साथै स्वीकृत मानव बेचबिखन तथा ओसारपसारबाट पीडित/प्रभावितहरूको हेरचाह तथा संरक्षणका लागि राष्ट्रिय न्यूनतम मापदण्ड, पुनर्स्थापना केन्द्र सञ्चालन कार्यविधि र मनोसामाजिक परामर्श निर्देशिकाबारे स्थानीय स्तरमा प्रचारप्रसार गर्ने कार्य भइरहेको छ ।

कानूनी कारवाही अन्तर्गत यस परियोजनाले राष्ट्रिय न्यायिक प्रतिष्ठान मार्फत मानव बेचबिखन तथा ओसारपसार विरूद्धका मुद्दाहरूमा निरन्तर सुनुवाई सम्बन्धमा तालिम निर्देशिका तयार पारी सोही अनुसार तालिम सञ्चालन गरिरहेको छ ।

परिच्छेद -४

# प्रतिवेदन अवधिमा सम्पन्न भएका कार्यक्रमहरू : गैरसरकारी संस्था

मानव बेचबिखन तथा ओसारपसार जस्तो जघन्य र संगठित अपराध सरकारको एक्लो प्रयासबाट मात्र सम्भव हुँदैन । यसका विरूद्ध सरकारी तथा गैरसरकारी क्षेत्रको साझेदारिता र सहकार्य विश्वव्यापी अवधारणा हो । नेपालमा पनि गैरसरकारी संस्थाहरूले १९९० को दशक देखि नै मानव बेचबिखन तथा ओसारपसारबाट पीडित/प्रभावित भएका महिला तथा बालबालिकाहरूको उद्धार तथा पुनर्स्थापना सम्बन्धी सेवा प्रवाह गर्ने र यस विरूद्ध समुदायमा सचेतना फैलाई न्यायमा पहुँच अभिबृद्धि गर्ने कार्यमा विभिन्न गैरसकारी संस्थाहरूको अहम भूमिका रही आएको छ । ए.बी.सी. नेपाल, माइती नेपाल, महिला पुनर्स्थापना केन्द्र, शक्ति समूह जस्ता केही अगुवा संस्थाहरूको देन उल्लेखनीय रही आएको छ भने मानव बेचबिखन तथा ओसारपसार विरूद्ध कार्यरत छाता संगठनहरू पनि सक्रिय रही आएका छन् । यसका साथै नेपालमा कार्यरत अन्तर्राष्ट्रिय विकास साझेदारहरूको सञ्जाल Inter-Agency Co-ordination Group (IACG) पनि गठन भएको पाइन्छ (अनुसूची ८) ।

नेपालमा मानव बेचविखन तथा ओसारपसार नियन्त्रण गर्नका लागि विभिन्न गैरसरकारी संघसंस्थाहरू क्रियाशील छन् । उनीहरूले निरोध, संरक्षण लगायत विषयहरूमा विभिन्न क्रियाकलापहरू सञ्चालन गर्दै आइरहेका छन् । यसै सन्दर्भमा समाज कल्याण परिषद्बाट आ.व. २०६९/०७० र आ.व. २०७०/०७१ मा मानव बेचविखन तथा ओसारपसार नियन्त्रणका लागि परियोजना सञ्चालन गर्ने स्वीकृती लिएका संघसंस्थाहरूको विवरण अनुसुची ६ मा प्रस्तुत गरिएको छ । यस अन्तर्गत विकासका साझेदार संस्था, स्वीकृत रकम लगायतका विषयमा पनि जानकारी राखिएको छ ।

यसका साथै यो प्रतिवदेन अवधिमा मानव बेचबिखन तथा ओसारपसार विरूद्ध विभिन्न गैरसरकारी संस्थाहरूद्वारा सञ्चालन भएका कार्यक्रमहरू बारे ती संस्थाहरूको छाता संगठन मार्फत मन्त्रालयमा प्राप्त भएका विवरणहरूका आधारमा तालिका १५ मा प्रस्तुत गरिएको छ ।

**तालिका १५**

*गैरसरकारी संस्थाहरूद्वारा सञ्चालित क्रियाकलापहरू*

**संस्थाको नाम : एट्विन, विजुली बजार**

**निरोधका लागि सञ्चालन भएका मुख्य क्रियाकलापहरू :**

(जनवरी देखि डिसेम्बर २०१३ सम्म गरिएका क्रियाकलापहरू)

- मानव बेचबिखन तथा दासताविरूद्धको रेडियो कार्यक्रम “जीवनको खोजी”
- “मानव बेचबिखन तथा स्थानागमनबिचको अन्तरसम्बन्धः चुनौती तथा सम्बोधन” विषयक अन्तरक्रिया कार्यक्रम

- "संयुक्त राष्ट्रसंघको अन्तरदेशिय संगठित अपराधविरूद्धको महासन्धि र यसको मानव विशेष गरी महिला तथा बालबालिकाको बेचबिखनलाई रोक्ने, दबाउने र सजायँ गर्ने यू एन प्रोटोकल (इच्छाधिन आलेख) अनुमोदनको आवश्यकता" विषयक अन्तरर्किया कार्यक्रम
- "मनोरञ्जन क्षेत्रमा कार्यरत महिला तथा बालिकाहरूको समस्या पहिचान र समाधानका उपाय" विषयक अन्तरक्रिया कार्यक्रम
- "मानव बेचबिखनबिरूद्धका प्रयासहरूको सहभागितामुलक अनुगमन पद्धतिको विकासः हाम्रो उत्तरदायित्व" विषयक अनुसन्धान तथा अनुसन्धान तथ्याङ्क सार्वजनिककरण कार्यक्रम २०१२ । काठमाडौं, मकवानपुर, सिन्धुपालचोक तथा कैलाली
- "मानव बेचबिखनविरूद्धको राष्ट्रिय कार्ययोजनाको प्रभावकारी कार्यान्वयन रणनीति" विषयक २ दिने राष्ट्रिय कार्यशाला गोष्ठि ।

**क्षमता विकासका लागि सञ्चालन भएका मुख्य क्रियाकलापहरू :**

- क्षेत्रियस्तरको ४ दिने "बेचबिखनविरूद्धको प्रशिक्षक प्रशिक्षण" धनगढी, कैलाली
- सरोकारवालाको मानव बेचबिखनविरूद्धको अवधारणागत स्पष्टता तथा कानून सम्बन्धी क्षमता अभिवृद्धिको उद्देश्य सहित मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन २०६४ तथा यसको प्रभावकारी कार्यन्वयन सम्बन्धि कार्यशाला गोष्ठि सम्पन्न, बर्दिया

**संस्थाको नाम : शक्ति समूह, चावहिल**

निरोधका लागि सञ्चालन भएका मुख्य क्रियाकलापहरू :

(२०७० साल भित्र सञ्चालन भएका क्रियाकलापहरू)

- सडक नाटक १२ वटा स्थानमा प्रदर्शन
- विद्यालयमा सचेतना ११ वटा
- किशोरकिशोरी समूह र अभिभावकसँग अर्न्तक्रिया कार्यक्रम
- मानव बेचबिखन विरूद्धको राष्ट्रिय समिति संग अन्तरक्रिया कार्यक्रम
- मानव बेचविखन विरूद्ध सम्बन्धि वृत्तचित्र प्रदर्शन ३ स्थानमा
- प्रभावितहरूको सुरक्षित र स्वेच्छिक स्वदेशी फिर्ती निर्देशिकाबारे राष्ट्रियस्तरमा छलफल
- सुरक्षित र स्वेच्छिक स्वदेश फिर्ती सन्दर्भमा अन्तर्राष्ट्रियस्तरको कार्यशाला गोष्ठि
- मानव बेचविखन विरूद्धको राष्ट्रिय कार्ययोजना सम्बन्धमा बारा, रौतहट र मकवानपुरमा मानव

**बेचविखन विरूद्धको समितिसँग अन्तरक्रिया**

- किशोरी समूह गठन र परिचालन ६८ वटा
- स्वास्थ्य स्वयम्सेवकहरूलाई मानव बेचबिखन विरूद्ध जनचेतना जगाउन अभिमूखिकरण २ वटा
- सामुदायिक प्रहरी र महिला प्रहरी सेलमा १ दिने कार्यशाला

- सुरक्षित आप्रवासन सम्बन्धी परामर्श २५७३ जना
- मनोञ्जन क्षेत्रका समस्याहरूबारे कार्यशाला गोष्ठी
- ट्रेड युनियन, सञ्चालक र व्यवसायीसँग अन्तरक्रिया कार्यक्रम

**संरक्षणका लागि सञ्चालन भएका मुख्य क्रियाकलापहरू :**

- बेचबिखनमा परी भारतबाट ११ जना किशोरी तथा महिलाहरूलाई स्वदेश फिर्ती गरिएको
- सुरक्षित आवास सेवा १३२ जना
- स्वास्थ्योपचार सहयोग ६३ जना
- मनोविमर्श सेवा १२८ जना
- व्यवसायीमूलक सहयोग ३७ जना
- अनौपचारिक शिक्षा सहयोग ७५
- औपचारिक शिक्षा सहयोग १४२
- परिवारसँग पुनर्मिलन ५५ जना
- समुदायमा पुनर्मिलन ९ जना
- अरू संस्थामा प्रेषण २७ जना
- जिल्ला बाल कल्याण संघमा संरक्षणको लागि पठाएको १ जना

**कानुनी कारवाही :**

- मानव बेचबिखनका नयाँ मुद्दा ४ वटा
- कानुनी सहयोग ३४ जना

**क्षमता विकासका लागि सञ्चालन भएका मुख्य क्रियाकलापहरू :**

- प्रभावितहरूलाई मानब बेचविखन अवधारणागत स्पष्टता तालिम
- मानव बेचबिखनबाट प्रभावितहरूलाई उद्यमशिलता विकास तालिम
- समूह परिचालन, नेतृत्व विकास र मानव बेचबिखन धारणागत स्पष्टता सम्बन्धी तालिम
- किशोरकिशोरीहरूलाई व्यवसायीकमूलक तालिम
- कानुनी अधिकार तालिम
- मनोरञ्जन क्षेत्रका लक्षित व्यक्तिलाई जीवन उपयोगी सीपतालिम र पुनर्ताजगी
- मनोरन्जन क्षेत्रका लक्षित व्यक्तिलाई ट्रेड युनियन सम्बन्धि तालिम

**संस्थाको नाम :**

**महिला, कानुन र विकास मञ्च (FWLD), ७२ आदर्श मार्ग, थापाथली**

**कानूनी कारवाही अन्तर्गत भएका क्रियाकलापहरू :**

- महिला, कानुन र विकास मञ्च, माइती नेपाल र शक्ति समुहले २०६९ साल असार महिनाा मानव बेचविखन तथा ओसारपसार सम्बन्धी मुद्दाको निरन्तर सुनुवाईको कारवाही सम्बन्धमा सर्वोच्च अदालतमा संयुक्त रिट दायर गरेको थियो । सो माथि सर्वोच्च अदालतले २०७० श्रावण १६ गतेका दिन परमादेश जारी गरेको छ ।
- मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) सम्बन्धी कानूनलाई पीडित तथा प्रभावित केन्द्रीत बनाई ऐनका विभिन्न प्रावधानहरूको संसोधनका लागि रिट दायर गरेको (रिट न. ०६८-WS-००४५) थियो । सोही बमोजिम सर्वोच्च अदालतले मिति २०६९।११।२४।५ निर्देशनात्मक आदेश जारी गरेको छ ।
- २०७० साल कार्तिक महिनामा "मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को कार्यान्वयनस्थिति" बारे अध्ययन शुरू गरी ऐनले निर्दिष्ट गरेका प्रावधानहरूको कार्यान्वयन पक्षबारे नियाल्ने प्रयास गरिएको । यस सन्दर्भमा विभिन्न सरकारी, गैर सरकारी संस्थाहरू, दातृ निकाय, सरकारी वकील कार्यालय, यस सम्बन्धमा कार्य गरिरहेका संस्थाहरूका प्रतिनिधिहरूसंग छलफल गरिएको । २०७० साल पौष महिनामा सो सम्बन्धी अध्ययनको मस्यौदा माथि न्यायाधीश, सरकारी वकील तथा कानून व्यवसायीहरूसँग छलफल गरिएको ।
- Court Case Monitoring अन्तर्गत विभिन्न ६ वटा जिल्लाहरूमा चलिरहेका मानव वेचविखन सम्बन्धी मुद्दाहरूको अनुगमन गरी अदालती कारवाही, ऐनको कार्यान्वयन, न्यायाधीश तथा कानून व्यवसायीहरूको पीडितप्रतिको व्यवहार आदिको सम्बन्धमा तयार पारेको प्रतिवेदनको निष्कर्ष तथा सिफिरिश माथि छलफल गरिएको ।

**संस्थाको नाम : माइती नेपाल, पिंगला स्थान, गौशाला**

निरोधका लागि सञ्चालन भएका मुख्य क्रियाकलापहरू :

- ३१२ महिलालाई सुरक्षा गृहमा तालिम
- २९२ महिलालाई अनौपचारिक शिक्षा
- करिव ३६०० महिलाहरूलाई सीमामा रोकथाम

**संरक्षण लागि सञ्चालन भएका मुख्य क्रियाकलापहरू :**

- २१७ महिला तथा ८ पुरूषहरूको उद्दार
- ४०० महिलाहरूलाई पुनर्स्थापना सेवा

**कानुनी कारवाही सम्बन्धमा**

- मानव बेचविखन सम्बन्धी ५९ मुद्दाहरू दर्ता गरिएको
- ११७ महिला तथा ४९ पुरूषहरू विरूद्ध कसूरको आरोप लगाइएको

**संस्थाको नाम : महिला पुनर्स्थापना केन्द्र (WOREC), बालकुमारी**

निरोधका लागि सञ्चालन भएका मुख्य क्रियाकलापहरू :

(जुलाई २०१२ देखि जुन २०१३ सम्मको)

- ओरेक नेपालद्वारा मोरङ्ग, सुनसरी, उदयपुर, धनुषा, सिराहा, दाङ्ग र कैलाली जिल्लाहरूमा संचालित सुरक्षित स्थानागमन सूचना केन्द्रबाट १२७११ जनाले सूचना प्राप्त गरेका छन् ।
- समुदायस्तरमा मानव बेचविखन र सुरक्षित स्थानागमन सम्बन्धि २५४ वटा अभिमुखिकरण र १४२ वटा स्कूल कक्षा सञ्चालन ।
- उदयपूरस्थित सामुदायिक एफएमबाट मानव बेचविखन र सुरक्षित स्थानागमन सम्बन्धि रेडियो कार्यक्रम निरन्तर रूपमा सञ्चालन गर्दै आइरहेको छ ।
- “अलेखवद्ध कामदारहरूको अवस्था” र “वैदेशिक रोजगारी : अभ्यास र कार्यान्वयनको अवस्था” विषयमा २ वटा विषयगत अध्ययन प्रतिवेदन तयार ।
- महिलाको हिड्डुल गर्न पाउने अधिकार सम्बन्धि अन्तर्कृया कार्यक्रम

**क्षमता विकासका लागि सञ्चालन भएका मुख्य क्रियाकलापहरू :**

- महिलाको हिड्डुल गर्न पाउने अधिकार विषयमा ५ दिने तालिम
- मानव बेचविखन र सुरक्षित स्थानागमन सम्बन्धि अवधारणागत स्पष्टता विषयक ५ दिने तालिम

**संस्थाको नाम : ग्रामिण महिला सिर्जनशिल परिवार**

संचालित कार्यक्रमहरू

- मानव बेचविखन, लैङ्गिक हिंसा र दासत्व विरूद्ध अभियान ।
- विभिन्न किसिमका समस्यामा परेका महिलाहरूको पुर्नस्थापना र पुर्नमिलन ।
- नेपाल चाईनामा हुने मानव वेचविखन रोकथामको लागि तातोपानि अध्यागमन अधिकृत संग बैठक ।
- प्रभावितहरूलाई कानुनी सहयोग र परामर्श ।
- समुहका प्रतिनिधिहरूलाई नेतृत्व बिकास तथा पैरबि तालिम ।
- समुहका बैदेशिक रोजगारमा जाने संभावना भएका सदस्यहरूलाई सुरक्षित वैदेशिक रोजगारबारे परामर्श ।
- सुरक्षित बैदेशिक रोजगार र मानव बेचबिखनबारे भिडियो प्रर्दशन ।
- सडक नाटक प्रर्दशन ।
- प्रभावितको परीवार सँग घरदैलो कार्यक्रम ।
- प्रभावितका वालवालिकाहरूलाई शैक्षीक सहयोग ।
- घटना दर्ता गर्न तथा सानो उमेरमा नागरिकता नबनाउनको लागि गाविस सचिव र गाबिस स्तरिय संयन्त्रहरू सँग पैरवी वैठक ।
- स्थानीय निकाय गा.बि.स.र मानव वेचविखन रोकथाम, सुरक्षित वैदेसिक रोजगार, वाल श्रम

शोषण सम्बन्धित काम गर्ने सँघ संस्थहरू र अन्तर समुहका सदस्यहरूसंग बैठक ।

- जोखीममा परेका प्रभाबितहरूलाई उद्धार र उद्धार । गरीएका प्रभावीतहरूको पारीवारीक पुर्नरमिलन ।

**संस्थाको नाम : सिविस, बुद्धनगर**

निरोधका लागि भएका क्रियाकलापहरू :

- बालअधिकार कर्तव्यहरूको तालिम १० स्थानमा ३०० जनालाई

संरक्षणका लागि भएका क्रियाकलापहरू :

- घरेलु कामदारको रूपमा कार्यरत २६० बालिका र १६७ बालकहरूलाई परिवार संग पुनर्मिलन
- पुनर्मिलन गरिएका २१० बालिका र ९० बालकहरूलाई विद्यालय भर्ना, विद्यालयको शुल्क, किताब, स्टेशनरी, स्कूल ड्रेस आदिमा सहयोग ।
- ६६ जना बालबालिकाहरूलाई दुर्व्यवहार तथा शोषण युक्त वातावरण वाट उद्धार गरी वैकल्पिक स्याहारमा प्रवर्दन गरियो ।

**कानुनी कारवाही अन्तर्गत भएका क्रियाकलापहरू :**

- श्रम शोषणमा परेका ५ जना बालिका र ३ बालक मुद्दा श्रम विभागमा दर्ता गरिएको र क्षतिपूति दिलाउन सफल भएको ।
- यौन दुर्व्यवहारबाट पीडित ४७ बालिकाहरूलाई कानुनी तथा सामाजिक न्याय प्रदान गराउनको लागि विभिन्न जिल्लाका जिल्ला अदालतमा मुद्धा दर्ता गरियो तथा समाजिक पुनस्थापना गरियो, जस मध्ये १४ जनालाई कानूनी, न्याय प्राप्त भयो र बाँकिको मुद्धा अदालतको सुनुवाई प्रकृयामा छन् ।

**संस्थाको नाम : विश्वास नेपाल, न्युरोड**

निरोधका लागि भएका क्रियाकलापहरू :

- सरोकारवालाहरूसंग अन्तरक्रिया कार्यक्रम २ वटा

**संरक्षणका लागि भएका क्रियाकलापहरू :**

- ४५ जना महिलाहरूलाई कानुनी तथा स्वास्थ्य सम्वन्धी परामर्श
- ९५ जना महिलाहरूलाई औपचारिक तथा अनौपचारिक शिक्षा
- ७८ जना महिलाहरूलाई मनोसामाजिक परामर्श

**क्षमता विकास**

- जीवन उपयोगी सीप तालिम
- व्यवसायिक सीप तालिम

**संस्थाको नाम : महिलाको निम्ति महिला मञ्च नेपाल, गोंगबुँ**

निरोधका लागि भएका क्रियाकलापहरू :

- मानव वेचविखन तथा ओसारपसार सम्बन्धी अभिमूखिकरण ७ वटा
- सुरक्षित स्थानागमन तथा बैदेशिक रोजगारी सम्वन्धी अभिमुखिकरण ८ वटा
- महिला अधिकार तथा श्रम अधिकार महिला मानव अधिकारको विषयमा अभिमुखिकरण ५ वटा
- सर्वोच्चबाट जारी निर्देशिका २०६५को बारेमा अभिमुखिकरण ३ वटा

**क्षमता विकासका लागि सञ्चालन भएका मुख्य क्रियाकलापहरू :**

- वइटर, हाउस किपिङ, बरिष्ता सम्वन्धी तालिमहरूमा ३५ जनालाई सहभागी गराइएको
- अग्रेजी भाषा कक्षा तालिम ३ वटा
- आधारभुत तथा एडभान्स कम्पयुटर सम्बन्धी तालिम १४ जनालाई
- आधारभुत तथा एडभान्स नृत्य सम्वन्धी तालिम ४ वटा
- आधारभुत व्युटिपार्लर सम्वन्धी तालिम २ वटा
- अचार बनाउने सम्वन्धी तालिम १ वटा
- श्रमिक बाल अधिकार सम्वन्धी ३ दिने तालिम १ वटा
- कानुन सम्बन्धी तालिम १ वटा
- सुरक्षीत स्थानागमन र नेतृत्व विकास सम्बन्धी तालिम २ वटा

परिच्छेद –५

# मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका चुनौती, सुझाव तथा निष्कर्ष

## ५.१ चुनौतीहरू

- मानव बेचविखन तथा ओसारपसारको समस्या दिन प्रति दिन नयाँ स्वरूप र आयाम लिदै गएको सन्दर्भमा यसको नियन्त्रण चुनौतीपूर्ण बनेको छ । मानव बेचविखन तथा ओसारपसारको विश्वव्यापी समस्यालाई विश्व बजारले निर्धारण गर्ने सन्दर्भमा अन्तर्राष्ट्रिय बजारमा सस्तो श्रमको बढ्दो माग र यौनिक गतिविधिको विस्तार नै मानव बेचविखन तथा ओसारपसारका लागि चुनौतीको विषय बनेको छ ।
- मुलुकमा व्याप्त गरिबी, अशिक्षा, बेरोजगारी मात्र मानव बेचविखन तथा ओसारपसार नियन्त्रणको लागि चुनौती होइन पितृसत्तात्मक परम्परा, संस्कृति र मूल्यमान्यताहरूका साथै विद्यमान लैङ्गिकताका आधारमा गरिने विभेद, हिंसा र दुर्व्यवहारहरू पनि चुनौतीको रूपमा लिनु पर्ने हुन्छ ।
- मानव बेचविखन तथा ओसारपसारको समस्या आफैमा एक्लो समस्या होइन । यो आर्थिक सुरक्षा, गार्हस्थ्य उत्पादन, मानव विकास र सुशासनसंग पनि जोडिएको समस्या भएकोले मुलुकको समग्र सामाजिक आर्थिक विकासको सवाल नै एक गम्भीर चुनौतीको रूपमा खडा भएको छ ।
- मानव बेचविखन तथा ओसारपसार नियन्त्रणका लागि नीति, कानून तथा कार्ययोजनाहरूको निर्माण स्वयंमा पूर्ण हुँदैनन् । जबसम्म तिनका अभ्यासकर्ताहरूको ज्ञान, सोच र व्यवहारमा परिवर्तन हुंदैन, मानव बेचविखन विशेष गरी महिला तथा बालबालिकाहरूको बेचविखन तथा ओसारपसार विरूद्धको राष्ट्रिय कार्ययोजनामा उल्लेख भएको रणनीति तथा कार्यक्रमहरूलाई सरोकारवाला निकाय तथा संस्थाहरूले आ–आफ्नो नीति तथा कार्यक्रममा मूलप्रवाहीकरण गर्न नसक्नु अर्को चुनौती बनेको देखिन्छ । त्यसकारण मानव बेचविखन तथा ओसारपसार नियन्त्रणको विषयले प्राथमिकता प्राप्त गर्न सकेको देखिदैन ।
- नेपाल सरकारले मानव अधिकार, महिला अधिकार तथा बालअधिकार सम्बन्धी विभिन्न महासन्धिहरू अनुमोदन गर्नुका साथै सार्क महासन्धि अनुरूप आन्तरिक, द्विपक्षीय र बहुपक्षीय विषयहरूमा नागरिकहरूको अधिकार र हित संरक्षणका लागि आवश्यक व्यवस्थापन गर्न सकिरहेको छैन । आर्थिक स्रोत तथा दक्ष जनशक्तिको अभाव व्यवस्थापनका लागि चुनौती बनेको छ ।
- वैदेशिक रोजगारीका नाममा हुने ठगी, छलकपट, ललाईफकाई, करकाप आदिको विषयलाई मानव बेचविखन तथा ओसारपसारको परिभाषा भित्र नपार्दा त्यसमा संलग्न दलाल तथा पीडकहरू क्षतीपूर्ति र हर्जाना तिरेर उन्मुक्ति पाइ रहेको अवस्था छ । वैदेशिक रोजगार ऐन, २०६४ मा मानव बेचविखन तथा ओसारपसारका घटनाहरूबारे भएका व्यवस्थाहरुको

स्पष्ट बुझाई हुन नसक्नु गम्भीर चुनौतीको रूपमा रहेको छ । यसबाट मानव बेचविखनका दलाल तथा पीडकहरू केही रकम क्षतीपूर्ति वा हर्जाना तिरेर उन्मुक्ति पाइरहेको अवस्था छ ।

- मानव बेचविखन तथा ओसारपसार विरूद्ध कार्यरत सरकारी निकायहरू तथा गैर सरकारी संस्थाहरू बीच समन्वय, सहयोग र सहकार्यलाई विस्तार गर्दै अघि वढ्ने कार्य चुनौतीपूर्ण भएको छ ।
